


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» बुधबार, मंसिर २७, २०७४ » Wednesday, December 13, 2017 » www.newsofnepal.com » नेसं ११३८ थिंल्लागा ११ » वर्ष २३, अंक ३२८ » पृष्ठ १२ » मूल्य रू. १०/–

२ { कसैलाई हाईहाई कसैलाई बाईबाई
५ { कांग्रेसद्वारा तनहुँमा पुन: मतदानको माग
९ { ४६ को जमानत जफत
१० { पूँजीबजारमा साना लगानीकर्ता तर्साउने खेल



काठमाडौंमा चिसो बढेपछि बिहानको पारिलो घाममा निस्कँदै स्थानीय। मौसममा आएको परिवर्तनले उपत्यकालगायत देशभर चिसो बढेको छ।
तस्वीर : नेपाल समाचारपत्र

# ओली र प्रचण्डमाथि चुनौतीका चाङ

मधुसूदन रायमाझी, काठमाडौं

निर्वाचनपूर्व फास्ट ट्र्याकबाट वाम गठबन्धन बनाएर निर्वाचनमा ६०/४० को भागवण्डा गरेका नेकपा एमाले र नेकपा माओवादी केन्द्रले अपेक्षाअनुसार नै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नतिजा हात पारेका छन्। निर्वाचनमा वाम गठबन्धनभन्दा पनि पार्टी एकता गर्ने नेतृत्वदेखि कार्यकर्ता पंक्तिसम्मको अभियानले वाम गठबन्धनले निर्वाचनमा दुई तिहाइ बहुमत ल्याउन सफल भएको छ।

निर्वाचनको क्रममा दुवै दलले चुनावी गठबन्धन मात्र नभई पार्टी एकताकै लागि वाम गठबन्धन बनेको विषयलाई नै बढी जोड दिए। सोहीअनुसार परिणाम पनि हात पार्न सफल भए। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा दुई तिहाइ बहुमत ल्याउने निश्चित भएको वाम गठबनधनभित्र चुनावी कोर्स पूरा भएकाले अब पार्टी एकीकरणको कोर्सलाई अगाडि बढाउनुपर्ने दबाब बढेको छ।

पार्टी एकीकरणका बारेमा निर्वाचनले गर्दा दुई दलको बीचमा पर्याप्त छलफल हुन सकेको छैन। दुवै दलले निर्वाचनलगत्तै पार्टी एकीकरण गर्ने प्रतिबद्धता आफ्ना कार्यकर्ता र मतदाताहरूसँग गरेका छन्। तर नयाँ सरकार गठन भएपछि मात्र



पार्टी एकीकरणको प्रारम्भिक बहस शुरू भएको छ। वाम गठबन्धन नै पार्टी एकताको पहिलो आधार बनाएर निर्वाचनमा गएका उनीहरूलाई जनताले दिएको म्यान्डेडकै आधारमा पार्टी एकताको प्रक्रिया पूरा गर्ने तयारी एमाले र माओवादी केन्द्रले गरेका छन्।

नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनाल पार्टी एकताका लागि समय लाग्ने बताउनुहुन्छ। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'पार्टी एकता गर्ने विषय निकै गहन विषय हो। वैचारिक, राजनीतिक, सैद्धान्तिक र संगठनात्मक विविध पक्षमा समझदारी जुटनुपर्छ।'

कति समय लाग्ने भन्ने जिज्ञाशामा वरिष्ठ नेता खनालले एक वर्षभित्रमा दुई पार्टीबीच एकीकरण हुने बताउनुभयो। 'एक वर्ष भनेको एक महिनादेखि ११ महिना पनि लाग्छ सक्छ।' -उहाँले भन्नुभयो।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' चुनावी नजिताबाट उत्साहित हुनुभएको छ। वाम गठबन्धनबाट एमालेले आफूलाई पहिलो पार्टीका रूपमा स्थापित गर्न सफल भएको छ भने माओवादी केन्द्रले तेस्रो शक्तिबाट दोस्रो शक्तिमा रूपान्तरण गर्न सफल भएको छ।

वाम गठबन्धनकै कारण प्रचण्डले पार्टीलाई निर्वाचनमा दोस्रो स्थानमा उभ्याउन सफल हुनुभएको छ। ओली र प्रचण्डले निर्वाचनका क्रममा निर्वाचन सम्पन्न भएलगत्तै पार्टी एकीकरणको प्रक्रिया अगाडि बढाउने विषयलाई प्राथमिकताका साथ अगाडि बढाउनुभएको थियो। निर्वाचनलगत्तै पार्टी एकीकरणभन्दा पनि नयाँ सरकार गठनको विषयले प्राथमिकता पाएको छ। निर्वाचन आयोगले निर्वाचन सम्पन्न भएको प्रतिवेदन बुझाएलगत्तै नयाँ सरकार गठन गर्ने गृहकार्यमा वाम गठबन्धन जुटिसकेको छ। वरिष्ठ नेता खनालले मध्य पुससम्ममा नयाँ सरकार गठन हुने बताउनुहुन्छ।

निर्वाचनमा ६०/४० को भागवण्डा गरेका एमाले र माओवादी केन्द्रले नयाँ सरकार गठनमा कसरी सहमतिको साथ अगाडि बढ्लान् भन्ने बहस शुरू भएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# समानुपातिकमा एमाले अगाडि

सुनील महर्जन, काठमाडौं

प्रतिनिधिसभाको समानुपातिक तर्फको करिब ३५ प्रतिशत मतगणना सम्पन्न भएको छ। १ करोड ५ लाख ८७ हजार ५ सय २१ मध्ये मंगलबारसम्ममा ३५ लाख ९३ हजार ७ सय ६० मत गणना सकिएको निर्वाचन आयोगले जनाएको छ।

आयोगका अनुसार एमालेले करिब ८७ हजार मतले अग्रता लिएको छ। एमालेलाई कांग्रेसले पछ्याइरहेको छ। एमाले हालसम्म १३ लाख ११ हजार ३२ मत पाइसकेको छ भने कांग्रेसले १२ लाख १९ हजार ९ मत पाएको छ। त्यसै गरी माओवादी केन्द्रले ५ लाख २३ हजार २ सय ७२, संघीय फोरमले १ लाख ७ हजार १ सय २८, विवेकशील साझा पार्टीले ७९ हजार ५ सय ४८ र राप्रपाले ७९ हजार ५ सय ४७ मत पाएका छन्।

त्यस्तै राष्ट्रिय जनता पार्टीले ६७ हजार ४ सय ७, नयाँ शक्तिले ४३ हजार १ सय ८३, राष्ट्रिय जनमोर्चाले २७ हजार ८ सय ८ र राप्रपा (प्रजातान्त्रिक) ले २७ हजार ४ सय १४ मत पाएका छन्। मतगणना भइरहँदा कुन दलको कति सिट निर्धारण हुन्छ भनेर सबैतिर चासो छाएको छ। निर्वाचन आयोगको तयारीअनुसार बढीमा एक सातामा समानुपातिकतर्फको पनि मतगणना सक्ने लक्ष्य छ।

प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका २०७४ को उम्मेदवार छनोट प्रक्रिया सम्बन्धमा धारा ३१ मा व्यवस्था गरिएको छ। आयोगका अनुसार कुल सदर मतको ३ प्रतिशत नकटाउने दलको मत हिसाब हुनेछैन। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा ६० को व्यवस्थाअनुसार सबै निर्वाचन क्षेत्रबाट आयोगले विवरण प्राप्त गरिसकेपछि आयोगले दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा मतपरिणाम विभाजक सूत्रका आधारमा निर्वाचित हुने सांसद संख्या तय गर्ने आयोगले जनाएको छ।

> सिट बाँडफाँड गर्दा ३ प्रतिशतभन्दा कम मत प्राप्त गर्ने दलले प्राप्त गरेको मत कुल मतमा गणना हुँदैन। यसरी थ्रेसहोल्ड नकटाउने दलले पाएको मत खेर नै गए पनि बाँकी मत शतप्रतिशत मान्दा सिट पाउने अन्य दललाई अप्रत्यक्ष फाइदा हुन्छ।

दलहरूले प्राप्त गरेको कुल सदर मतलाई भाग गरी प्राप्त गर्ने सिट संख्या बाँडफाँड गर्दा कुनै सिटमा भागफल बराबर भएमा गोला हाली सिट बाँडफाँडको छिनोफानो हुनेछ। मतपरिणाम विभाजक सूत्रअनुसार प्रत्येक दलका लागि खसेको मतलाई भाग गर्ने पद्धतिले निरन्तर भाग लगाइनेछ। यसअनुसार दलले प्राप्त गरेको मतपरिणामलाई धेरै भाजक अंकले भाग गरिन्छ। उल्टो क्रमबाट १, ३, ५, ७, ९ जस्ता बिजोर अंकले भाग गरी सिट निर्धारण गरिन्छ।

सिट संख्या ठूलो भागफलबाट सानोलाई बाँडफाँड गर्दै तोकिएको सिट नसकिँदासम्म बाँडफाँड गरिनेछ। सिट बाँडफाँड गर्दा कुनै पनि दलले जतिसुकै मत प्राप्त गरेको भए पनि त्यस्तो दलले सूचीमा सूचीकृत गरेको उम्मेदवार संख्यामा सीमित रही सिटको बाँडफाँड हुन्छ।

एक सिटका लागि थ्रेसहोल्ड कति कायम हुन्छ भन्ने अंक गणित नमिल्न सक्छ। मत विभाजक सूत्रका आधारमा अन्तिम सिटसम्म भाग गर्दै जाँदा आउने अन्तिम सानो एकाइ एक सिट प्राप्तका लागि हुने औसत मत कायम हुन्छ।

यसरी सिट बाँडफाँड गर्दा ३ प्रतिशतभन्दा कम मत प्राप्त गर्ने दलले प्राप्त गरेको मत कुल मतमा गणना हुँदैन। यसरी थ्रेसहोल्ड नकटाउने दलले पाएको मत खेर नै गए पनि बाँकी मत शतप्रतिशत मान्दा सिट पाउने अन्य दललाई अप्रत्यक्ष फाइदा हुन्छ। यसले सिट पाउन चाहिने न्यूनतम मत संख्यालाई कम गर्नेछ।

तोकिएको थ्रेसहोल्ड कटाएको अवस्थामा राजनीतिक दलले कम्तीमा चार सिट पाउन सक्छ। दलहरूले उम्मेदवार सिफारिस गर्दा समानुपातिक समावेशी रूपमा सिफारिस गर्नुपर्ने बताइएको छ। प्रतिनिधिसभाका लागि देशभरको समानुपातिक समावेशी सूची तयार पार्नुपर्ने प्रावधान रहेको छ।

# प्रदेश प्रमुख नियुक्त गर्ने सरकारको तयारी

◆ प्रदेश प्रमुखका लागि डा. केदारभक्त माथेमा, डा. सुरेशराज शर्मा, अनुराधा कोइराला, रुक्मांगद कटुवाल, दोलखबहादुर गुरुङ, रामनगिना सिंह, सुरेश मल्ललगायतको नाम चर्चामा रहेको छ।

रामकृष्ण चापागाईं, काठमाडौं

सरकारले प्रदेश प्रमुखको नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने तयारी गरेको छ। सूचना तथा सञ्चारमन्त्री एवम् सरकारका प्रवक्ता मोहनबहादुर बस्नेतले *नेपाल समाचारपत्र*लाई जानकारी दिएअनुसार सम्भवत: भोलि बिहीबार बस्ने मन्त्रिपरिषद्को बैठकले प्रदेश प्रमुखको नियुक्तिका बारेमा छलफल गर्नेछ।

संविधानविद् भीमार्जुन आचार्यका अनुसार प्रदेश प्रमुखको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने हो। संविधानको धारा १६३ मा प्रदेश प्रमुखको नियुक्तिका बारेमा उल्लेख गरिएको छ। संविधानअनुसार प्रत्येक प्रदेशमा नेपाल सरकारका प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहने उल्लेख छ। प्रदेश प्रमुखले नै मुख्य मन्त्रीको नियुक्ति गर्नेछन्।

संविधानअनुसार प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्ति गर्नेछन् भने मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ। प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछन्।

संविधानको धारा १६८ को उपधारा ९ अनुसार प्रदेश प्रमुखले मुख्य मन्त्रीको सिफारिसमा प्रदेशसभाको सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्य मन्त्रीसहित कुल सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने संविधानमा उल्लेख छ। तर, संविधानको धारा १७० मा भने धारा १६८ को उपधारा ९ मा जुनसुकै कुरा लेखिएको भए पनि प्रदेश प्रमुखले मुख्य मन्त्रीको सिफारिसमा प्रदेशसभाको सदस्य नभएको कुनै पनि व्यक्तिलाई मन्त्री पदमा नियुक्ति गर्न सक्ने उल्लेख छ।

(क्रमश: पृष्ठ ९ मा)

| | प्रतिनिधिसभा | | प्रदेशसभा | |
|---|---|---|---|---|
| | जित | अग्रता | जित | अग्रता |
| | ७८ | २ | १६६ | १ |
| | २२ | ० | ३९ | १ |
| | ३६ | ० | ७२ | २ |
| | १० | ० | २४ | ० |
| | ११ | ० | १६ | ० |
| | १ | ० | २ | ० |
| अन्य | ५ | ० | ७ | ० |

# जनताको जित हुन बाँकी छ

पुष्करलाल श्रेष्ठ, काठमाडौं

भर्खरै सम्पन्न मुलुकको आमनिर्वाचनमा वाम गठबन्धनले स्पष्ट बहुमतसहित विजय हासिल गरिसकेको छ। यो जितपछि देशभर वामपन्थीको विजयी जुलुस निस्कने क्रम रोकिएको छैन। वामपन्थी कार्यकर्ता जितको खुसीयाली मनाइरहेका छन् भने यता लोकतन्त्रवादीहरू भने पराजयको पीडामा छटपटाइरहेका छन्।

पार्टीको लज्जास्पद पराजयपछि नेपाली कांग्रेसका प्रभावशाली युवा नेता तथा काठमाडौं क्षेत्र नम्बर ४ बाट विजयी उम्मेदवार गगन थापाले पार्टीको महाधिवेशन बोलाएर समीक्षा गर्ने बताइसक्नुभएको छ। देश र जनताको भलाइमा राजनीति गर्ने राजनीतिक दलको जित हुनु र नेताको स्वार्थमा केन्द्रित भएर राजनीति गर्ने राजनीतिक दलको हार भइरहनु प्रजातान्त्रिक मुलुकमा स्वाभाविकै मानिन्छ।

तर, नेपालको सन्दर्भमा भने यो कुरा मिल्दैन। प्रजातन्त्रको पुनर्स्थापनाका लागि भएको २०४६ सालको आन्दोलनले सफलता पाएपछिको पहिलो आमनिर्वाचनदेखि २०७० सालमा भएको निर्वाचनपछि बनेका सरकारहरूको क्रियाकलापलाई हेर्दा कुनै राजनीतिक पार्टीको झन्डा नबोक्ने निष्पक्ष जनताले यो सुखानुभूतिको अनुभव गर्न पाएका छैनन्।

दलीय भागवण्डाको संस्कारले इमानदार, क्षमतावान्, काबिल जनता अहिले पनि राज्यबाट पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। जस्तोसुकै चुनावी परिणाम आए पनि त्यसको प्रत्यक्ष लाभ राजनीतिक दलका कार्यकर्ताले मात्रै पाउने गरेकाले यो चुनावपछि पनि जनताले जिते भन्ने अवस्था सृजना हुन सक्ने देखिँदैन।

त्यसो त भर्खरै सम्पन्न निर्वाचनबाट सबैभन्दा ठूलो दल बनेर सरकारको नेतृत्व लिने तयारीमा रहेको नेकपा एमालेका अध्यक्ष तथा वाम गठबन्धनका प्रमुख पात्र केपी ओलीले झापामा आयोजना गरिएको चुनाव र्‍यालीलाई

**समाचार टिप्पणी**

सम्बोधन गर्ने क्रममा आफ्नो प्राथमिकता राजनीतिक कुरा नभई विकासको कुरा हुने बताउँदै मुलुकलाई समृद्धिको बाटोमा लैजाने बताउनुभएको छ। साथै उहाँले यो सम्पूर्ण जनताको जित भएकाले प्रतिपक्षको समेत सम्मान गर्दै सरकार सञ्चालनमा निष्पक्षता, स्वच्छता र पारदर्शिता हुने बताउनुभएको छ।

यसै गरी वाम गठबन्धनका अर्का प्रमुख पात्र तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले चितवनमा आयोजना गरिएको विजय र्‍यालीलाई सम्बोधन गर्दै जनताले स्थायित्वका लागि मत दिएकाले आफूले इमानदार भएर जनतासामु गरेको बाचा कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्नुभएको छ। नेताहरूले गरेका यी प्रतिबद्धता आफ्ना कार्यकर्ताका लागि मात्र हुन्छन् कि साँच्चिकै जनताका लागि पनि हुनेछन् भन्ने कुरा वाम गठबन्धनले बनाउने मन्त्रिमण्डलको संरचना र त्यसले गर्ने पहिलो निर्णयबाटै छर्लङ्ग हुने नै छ।

यसपटकको चुनावमा सरदर ६० प्रतिशतको हाराहारीमा मात्र भोट खसेको छ। विदेशमा रहेका मतदातालाई छोड्ने हो भने मतदान प्रक्रियामा सामेल नभएका ४० प्रतिशत मतदाता राजनीतिक दलको विगतका क्रियाकलापबाट रुष्ट भएर चुनावी प्रक्रियामा सामेल नभएका हुन् भन्दा फरक पर्दैन। भोट खसाल्न अनिच्छुक देखिएका सबै मतदाताको एउटै भनाइ सुनिन्थ्यो- 'भो अब हामी थाकिसक्यौं, हाम्रा लागि सोच्ने नेता यो मुलुकमा जन्मेकै रहेनछन्।' पछिल्लो निर्वाचन परिणामलाई हेर्दा आस मरिनसकेका केही निष्पक्ष मतदाताका मत चुनाव जितेलगत्तै माओवादी नेता पुष्पकमल दाहालले भने जस्तै स्थिर सरकारका लागि वाम गठबन्धनकै पक्षमा खसेको देखियो।

गत असोज १७ गते ६ बुँदे सम्झौता गरी वाम गठबन्धन भएको बेलामा नेकपा एमालेका अध्यक्ष केपी ओलीले वाम एकता सत्ताभन्दा पनि समाजवाद उन्मुख आर्थिक समृद्धिका लागि गरिएको बताउनुभएको थियो।

(क्रमश: पृष्ठ ९ मा)



## प्रतिनिधिसभा-प्रदेशसभा निर्वाचन विशेष

### निर्वाचन परिणाम

# कसैलाई हाई-हाई कसैलाई बाईबाई








**प्रशान्त वली, काठमाडौं**

प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फको मतपरिणाम करिब अन्तिम चरणमा पुगेको छ। मंगलबार अबेरसम्म कूल १ सय ६५ सिटमध्ये १ सय ६१ स्थानको मत परिणाम सार्वजनिक भइसकेको छ।

जसमा वाम गठबन्धनको एमाले ७७ सहित अग्र स्थानमा छ। माओवादी केन्द्र ३६, नेपाली कांग्रेस २२, राष्ट्रिय जनता पार्टी ११, संघीय समाजवादी फोरमले १० स्थानमा सफलता हासिल गरेको छ। सार्वजनिक परिणामअनुसार राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नयाँ शक्तिले १/१ सिटमा वियजी हासिल गरेका छन्। स्वतन्त्रसहित अन्य ५ स्थानमा विजयी भएका छन्।

यसपटक शीर्ष ३ दलका दोस्रो वरीयताक्रमका नेतालाई चुनाव फापेन। नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, नेकपा एमालेका उपाध्यक्ष बामदेव गौतम, माओवादी केन्द्रका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले हार व्यहोर्नुपर्‍यो। राष्ट्रिय राजनीतिको महत्त्वपूर्ण भूमिकामा दोहोरिने यी ३ दलका सेकेन्डमेन चुनावी दौडमा सफल बन्न सकेनन्।

वाम गठबन्धनका सूत्रधार मानिएका गौतम र श्रेष्ठले चुनावमा पराजय व्यहोर्नुभयो भने २०४८ देखि संसद्मा निरन्तर प्रतिनिधित्व गर्दै आउनुभएका विजयी पौडेललाई यसपटक पल्ला भारि भयो।

उहाँलाई वाम गठबन्धनको तर्फबाट एमालेका उम्मेदवार कृष्णकुमार श्रेष्ठले तनहुँ १ बाट पराजित गर्नुभयो। कांग्रेसकै नेता गोविन्दराज जोशी पौडेलका विरुद्ध बागी उठेपछि निर्वाचनअघि नै चुनावी माहोल बिग्रिएको थियो। मुलुकभर बामपन्थी गठबन्धनले उत्साहपूर्ण नतिजा प्राप्त गरिरहेका बेला गौतम र श्रेष्ठ त्यो सूचिमा सामेल बन्न सक्नुभएन।

वाम गठबन्धन निर्माणको महत्त्वपूर्ण भूमिका खेल्ने प्रमुख नेता हुनुहुन्थ्यो, गठबन्धनको माहोल उहाँकै निवास ललितपुरस्थित भैंसेपाटीमा तयार भएको थियो। चुनावपछिका प्रधानमन्त्रीका दावेदार मानिनुभएका उहाँ निर्वाचनमा असफल भएसँगै सत्ताको नायक बन्ने अवसरबाट वञ्चित बन्नुभएको छ। वाम गठबन्धनले सफलता हासिल गर्दा माओवादी नेता श्रेष्ठ आफ्नै पूर्वसहयात्री डा. बाबुराम भट्टराईसँग पराजित बन्नुभयो। २०६४को पहिलो संविधानसभा चुनावमा समानुपातिकतर्फबाट संसद् बनेपनि उहाँलाई प्रत्यक्षतर्फको चुनाव फापेन। श्रेष्ठ २०७०को दोस्रो संविधानसभामा मकवानपुरबाट समेत पराजित बन्नुभएको थियो।

विकासप्रेमी नेताको छवि बनाएका डा. भट्टराईसँग श्रेष्ठ स्वभाविक रूपमा असफल बन्नुभएको विश्लेषण गर्न थालिएको छ। त्यसो त कांग्रेसका पौडेलबाहेकका अन्य शीर्ष नेता पनि यो निर्वाचनमा असफल बनेका छन्। कृष्णप्रसाद सिटौला, डा. शेखर कोइराला, डा. रामशरण महत, डा. प्रकाशसरण महत, अर्जुननरसिंह केसी, दीपक गिरी, महिला नेतृ डिना उपाध्याय, सीता गुरुङलगायतका नेता चुनावमा पराजित हुनुभयो। यस्तै राप्रपाका अध्यक्ष कमल थापा र राप्रपा प्रजातान्त्रिकका अध्यक्ष पशुपति शमशेर जबरालाई यो चुनाव उपलब्धिमूलक बन्न सकेन ।

प्रतिनिधिसभाको निर्वाचनको मतपरिणाम अन्तिम चरणमा पुगेपछि नेकपा एमाले सबैभन्दा ठूलो पार्टी बनेको छ। चुनावबाट ७७ सिट प्राप्त गर्दै एमाले पहिलो दल बनेको छ। यस्तै प्रत्यक्षतर्फ प्रतिनिधि सभामा ३६ सिट प्राप्त गर्दै माओवादी केन्द्र दोस्रो दल बनेको छ।

वामपन्थी गठबन्धनले चुनावअघि दाबी गरेझैं प्रतिनिधिसभामा प्रत्यक्षतर्फ दुई तिहाइ बहुमत हासिल गर्न सफल बनेको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा ५ वर्षका लागि २ सय ७५ प्रतिनिधिसभा सदस्य र ५ सय ५० प्रदेशसभा सदस्य चुनिँदै छन्। त्यसमध्ये प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सांसद चुनिने क्रम अन्तिम चरणमा पुगेको छ। यस्तै प्रदेशसभामा प्रत्यक्षतर्फ ३ सय ३० र समानुपातिकतर्फ २ सय २० सांसद चुनिनेछन्।

प्रत्यक्ष तर्फको प्रतिनिधिसभा निर्वाचनमा प्रदेश नम्बर एकबाट एमालेबाट पार्टी अध्यक्ष केपी शर्मा ओली, झलनाथ खनाल, सुवासचन्द्र नेम्वाङ, योगेशकुमार भट्टराईसहितका शीर्ष नेता निर्वाचित हुनुभएको छ। सोही प्रदेशबाट एमालेका वसन्त कुमार नेम्वाङ, राजेन्द्रप्रसाद गौतम, विशाल भट्टराई, यज्ञराज सुनुवार, पवित्रा निरौला, लालप्रसाद साँवा लिम्बू, भवानीप्रसाद खापुङ, राजेन्द्रकुमार राई, घनश्याम खतिवडा, जयकुमार राई, भानुभक्त ढकाल, लालबाबु पण्डित विजयी हुनुभएको छ। पूर्वसामान्य प्रशासन मन्त्री पण्डित कांग्रेसका हेबीवेट मानिने डा. शेखर कोइरालालाई पराजित गरेपछि निकै चर्चामा हुनुहुन्छ।

वामपन्थी गठबन्धनबाट प्रदेश नम्बर २ मा प्रतिनिधिसभामा लीलानाथ श्रेष्ठ र रघुबीर महासेठ मात्रै निर्वाचित हुनुभएको छ। वामपन्थी गठबन्धन अपेक्षाअनुसार यहाँ निकै कमजोर सावित हुनपुग्यो।

प्रदेश ३ मा एमालेबाट वरिष्ठ नेता माधवकुमार नेपाल, ईश्वर पोखेल, सुरेन्द्र पाण्डे, महेश वस्नेत, पार्वत गुरुङ, भूमिप्रसाद त्रिपाठी, खेमप्रसाद लोहनी नारायणप्रसाद खतिवडा, शेरबहादुर तामाङ, गणेशकुमार पहाडी विजयी हुनुभएको छ। यसै गरी एमालेबाटै कृष्णबहादुर राई, रामवीर मानन्धर, जीवनराम श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, नवराज सिलवाल, गोकुलप्रसाद बाँस्कोटा, कृष्णप्रसाद दाहाल, विरोध खतिवडा, कृष्णभक्त पोखेल, कृष्णलाल महर्जनले समेत सफलता हासिल गर्नुभएको छ।

यस्तै प्रदेश नम्बर ४ मा एमालेका खगराज अधिकारी, रविन्द्र अधिकारी, पोल्देन छोपाङ गुरुङ, प्रेमप्रसाद तुलाचन, भुपेन्द्रबहादुर थापा, सूर्यप्रसाद पाठक, जगतबहादुर सुनार (विश्वकर्मा), कृष्णकुमार श्रेष्ठ, केदार सिग्देल, तिलबहादुर महत क्षेत्री, पदम गिरी निर्वाचित हुनुभएको छ। प्रदेश ५ बाट एमालेका केन्द्रीय नेता विष्णुप्रसाद पौडेल, घनश्याम भुसाल, प्रदीपकुमार ज्ञवाली, गोकर्णराज विष्ट, छविलाल विश्वकर्मा, सोमप्रसाद पाण्डेय, दलबहादुर राना, बृजेशकुमार गुप्ता, मेटमणि चौधरी, नन्दलाल रोका क्षेत्री, हृदयेश त्रिपाठी, हीराचन्द्र केसीले सफलता प्राप्त गर्नुभएको छ।

प्रदेश ६ बाट धनबहादुर बुढा, गोपालबहादुर बम, रविन्द्रराज शर्मा, धुव्रकुमार शाही, नवराज रावत, राजबहादुर बुढाक्षेत्री विजयी हुनुभयो। प्रदेश ७ मा एमालेका उपाध्यक्ष भीम रावलसहित लालबहादुर थापा, भैरवबहादुर सिंह, दामोदर भण्डारी, गणेशसिंह ठगुन्ना, यज्ञबहादुर बोगटी, प्रेमबहादुर आले, नरबहादुर धामी, दीपक प्रकाश भट्ट र नारदमुनि राना विजयी हुनुभएको छ। राना प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी डा. आरजु राणालाई पराजित गरेपछि निकै चर्चामा हुनुहुन्छ।

माओवादी केन्द्रका तर्फबाट प्रतिनिधिसभा सदस्यमा पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहित कृष्णबहादुर महरा, मातृकाप्रसाद यादव, वर्षमान पुन शक्तिबहादुर बस्नेत, हरिबोलप्रसाद गजुरेल, टोपबहादुर रायमाझी, देवप्रसाद गुरुङ, अग्निप्रसाद सापकोटा, सुरेन्द्रकुमार कार्की, जनार्दन शर्मा, गिरीराजमणि पोखरेल, देवेन्द्र पौडेल, टेकबहादुर बस्नेत विजयी हुनुभयो। निर्वाचन नजिकिँदै जाँदा नयाँ शक्ति परित्याग गरेर पुरानै पार्टीमा फर्किएका नेता पौडेललाई यो निर्वाचनले राजनीतिक उचाइ बढाएको चर्चा गर्न थालिएको छ।

सोही पार्टीबाट कमला रोका, पम्फा भुसाल, बीना मगर निर्वाचित महिला सांसद बन्नुभएको छ। निर्वाचनको मिति नजिकिँदै गर्दा पति साकार दाहाल प्रकाशको निधनले शोकमा रहनुभएकी मगरले कञ्चनपुरबाट चुनावी सफलता हासिल गर्नुभएको छ।

माओवादी केन्द्रकै प्रभु साह, रामेश्वरराय यादव, गौरीशंकर चौधरी, सुदन किराँती, दुर्गबहादुर रावत, हरिराज अधिकारी, श्यामकुमार श्रेष्ठ, महेश्वरजंग गहतराज, लेखराज भट्ट, हितबहादुर तामाङ, सुरेशचन्द्र दास, शिवकुमार मण्डल, अमनलाल मोदी, गंगाबहादुर तामाङ, हेमकुमार राई, गजेन्द्रबहादुर महत, सन्तकुमार थारु, चक्रपाणि खनाल, सुरेशकुमार राई पनि निर्वाचित हुनुभएको छ।

निर्वाचनअघि बनेको वामपन्थी गठबन्धनले कांग्रेसलाई निकै ठूलो धक्का दिने अपेक्षा गरिएको थियो, अहिले परिणाम पनि त्यस्तै आएको छ। कांग्रेसको तर्फबाट पार्टी सभापति शेरबहादुर देउवासहित डा. मिनेन्द्र रिजाल, ज्ञानेन्द्रबहादुर कार्की, गगन थापा, प्रकाशमान सिंह अमरेश सिंह, डा. शशांक कोइराला, अभिषेकप्रताप शाह, सीताराम मेहता प्रतिनिधिसभा सदस्यतर्फ विजयी हुनुभएको छ। गृह जिल्ला भोजपुर चटक्कै छोडेर सुनसरीबाट निर्वाचन लड्दै गर्दा जिल्लाबासी र पार्टीका शुभेच्छुकहरुबाट निकै आलोचनासमेत खेपेका नेता कार्कीलाई नयाँ क्षेत्र फापेको छ।

यही निर्वाचनबाट कांग्रेसका थोरै प्रत्यक्ष निर्वाचित हुने सांसदको सूचीमा सञ्जय गौतम, देबेन्द्रराज कंडेल, भरतबहादुर शाह, डा. नारायण खड्का, तेजुलाल चौधरी, प्रदिप गिरी, उमाकान्त चौधरी, भीमसेनदास प्रधान, मोहन आचार्य, राजन केसीसमेत सूचिकृत हुनुभएको छ। सफलताको सूचीमा देवप्रसाद तिमिल्सिना, प्रमोदकुमार यादव, मोहम्मद अफताव कलामसमेत रहनुभएको छ।

निर्वाचनको आखिरी समयमा वामपन्थी गठबन्धन छोडेर कांग्रेससँगको चुनावी तालमेल नयाँ शक्तिका पार्टीका संयोजक डा. बाबुराम भट्टराईलाई गज्जबले फापेको छ। धेरै ठाउँको चुनावी माहोललाई तान्न सफल गोरखा क्षेत्र नं २ बाट उहाँले संसद् मा प्रतिनिधित्व गर्दै हुनुहुन्छ। राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेल, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाललाई यो चुनाव फाप्यो। पौडेलको सफलतासँगै जनमोर्चाले वर्षौंपछि प्यूठानमा पार्टीलाई उचाइमा पुर्‍याउन सफल भएको सो पार्टीका कार्यकर्ता तर्क गर्छन्। जुम्ला र दैलेख सन्तोषजनक अवस्थामा रहेको नेमकिपाका नेता चुनावी मुखैमा वामपन्थी गठबन्धनमा प्रवेश गरेपछि सो पार्टीको सफलता भक्तपुरमा मात्रै खुम्चिएको छ।

स-साना मधेसवादी दल आपसमा मिलेर गठन भएको राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका अधिकांश नेता यो चुनावमा सफल बनेका छन्। महन्त ठाकुर, राजेन्द्र महतो, राजकिशोर यादब अनिलकुमार झा, शरदसिंह भण्डारी निर्वाचित हुनुभएको छ। मधेस राजनीतिका चर्चित पात्र महतोले कांग्रेस नेता विमलेन्द्र निधिलाई पराजित गर्न सफल बन्नुभएको छ। सोही पार्टीबाट लक्ष्मणलाल कर्ण, चन्द्रकान्त चौधरी, एकवाल मियाँ, रेशम चौधरी निर्वाचित हुनुभएको छ। कैलाली घटनाका मुख्य आरोपी चौधरीले निर्वाचनमा सफलता प्राप्त गरेपछि उहाँको अबको राजनीतिक भविष्य के कस्तो हुन्छ भन्ने चर्चा गरिन थालिएको छ।

यही निर्वाचनबाट संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवसहित सोही पार्टीका रामबाबु यादव, विमल श्रीवास्तव, प्रदिप यादव, हरिनारायण प्रसाद रौनियार विजयी हुनुभयो। यस्तै, मोहमद इस्तियाक राई, रामसहाय प्रसाद यादव, सुरेन्द्रकुमार यादव, डा. सूर्यनारायण मण्डलसमेत निर्वाचित हुनुभएको छ। पार्टीले टिकट नदिएपछि माओवादी विरुद्धका बागी उम्मेदवार छक्कबहादुर लामाले हुम्लाबाट चुनावी सफलता हासिल गर्नुभएको छ। उहाँ यो निर्वाचनका स्वतन्त्र निर्वाचित सांसदसमेत बन्नुभएको छ।










# कान्छीको मिति सार्नु भनेको हार्नु होइन भुवन दाजुप्रति बहिनीको सम्मान हो

: श्वेता खड्का

नायिका तथा निर्मात्री श्वेता खड्काले आफूद्वारा पछिल्लोपटक निर्मित फिल्म *कान्छी*को रिलिज डेट एक साता पर सारेकी छिन्। *कान्छी*को रिलिज डेट तोकिएको माघ २६ गते नै अर्को फिल्म *कृ* पनि रिलिज हुने भएपछि यसबाट दर्शक अन्योलमा पर्ने तथा नेपाली फिल्म जुध्दा त्यसको नोक्सान निर्माण पक्षलाई हुने भएकाले श्वेताले *कान्छी* अब फागुन ४ गते रिलिजमा ल्याउने भएकी छिन्।

यसबारे भावप्रधान शब्दहरूका साथ श्वेताले फेसबुकमा पोस्ट गरेकी छिन्-



'*कान्छी*को मिति सार्नु भनेको मैले हार्नु होइन, यो त भुवन दाजुप्रति एउटी बहिनीको सम्मान हो। आदरणीय मेरा शुभचिन्तक, शुभेच्छुक तथा दर्शक महानुभावलगायत कलाकर्मी र सञ्चार कर्मीज्यूहरू मैले जीवनसाथीका रूपमा चुनेको दादा श्रीकृष्ण श्रेष्ठज्यूको देहावसानसँगै मेरो इच्छा, आकांक्षा, सपना, चाहना र रहरहरू सबैको अवसान भएझैं लागेको थियो। त्यो अवस्थामा मलाई सहानुभूतिका शब्दहरू पोख्ने र साथ अनि सहाराका हातहरू देखाउनेको ठूलै भीड थियो। मैले भगवान्स्वरुप मान्ने मेरा दर्शक महानुभावहरूले मलाई सुस्ताएर नथाक्न र ओइलाएर नझर्नका निमित्त जुन आँट र साहस दिनुभयो, त्यो आँट, साहस र उत्प्रेणाले मलाई थाक्न, गल्न र सुस्ताउन दिएन। मलाई कलाकारिता क्षेत्रमा डोऱ्याएर नायिकाको उपमा दिलाउने स्वर्गीय दादा श्रीकृष्ण श्रेष्ठ अनि मलाई कलाकारका रूपमा माया गरिदिनुहुने असंख्य दर्शक महानुभावको अटुट मायालाई चटक्कै माया मारेर घरको एउटा कुनामा शोकाकुल भएर बसिरहन यो मनले पटक्कै मान्दै मानेन। मैले दादालाई आँसुको श्रद्धाञ्जली दिनुभन्दा नेपाली सिने जगत्मा एउटा राम्रो चलचित्र पस्कने दादाको अपुरो सपनालाई साकार गरेर सत्कर्मको श्रदाञ्जली दिने अठोट गरें। यही अठोटका साथ आँखाको आँसु पुछेर, आफ्नै कलाकारिताको दुनियाँमा फर्किएँ।

*कान्छी* चलचित्र त्यही आँट, साहस र उत्प्रेरणाको प्रतिफल हो। अनि दादाप्रति अर्पण गरिएको मेरो साँचो श्रद्धाञ्जली पनि। अत: माघ २६ गतेलाई रिलिज मिति तोकिएको *कान्छी*ले रिलिजपूर्व नै दर्शक महानुभावबाट अटुट माया, साथ र सद्भाव प्राप्त गरिरहेको छ। फलस्वरुप यस चलचित्रको *चरी चट्ट परी भुरुरु* बोलको गीतलाई युट्युबमा ५० लाखभन्दा बढी पटक हेरिइसकेको छ। यो नै मेरो लागि सफलताको पहिलो खुट्किलो हो।

माघ २६ गतेका दिन, मैले स्वर्गीय 'दादाप्रति समर्पण गर्दै आफ्नो मेहनत, पसिना अनि श्रम र सिपको प्रतिफल *कान्छी* अर्पण गर्ने सोच बोकेकी थिएँ। तर सोही दिन मेरा आदरणीय दाजु भुवन केसी र सुवास गिरी निर्मित चलचित्र *कृ*लाई पनि रिलिज मितिको रूपमा घोषणा गरियो। हुन त एकै दिनमा ५ वटा चलचित्र रिलिज नभएका भने पक्कै होइनन्। तर विगत २ वर्षदेखि *कान्छी* र *कृ*लाई हेर्न व्यग्र भएर बस्नुभएका दर्शक महानुभावहरूका लागि एउटै मितिमा यी दुई चलचित्र रिलिज गर्नु भनेको हामीले दर्शकहरूको भावनालाई लत्याउनु र कलाकारिताको धर्मबाट विमुख हुनुसिवाय केही होइन। अत: यही यथार्थलाई मनन गर्दै यी दुवै चलचित्रलाई जुधाउन नहुने निस्कर्षका साथ *कान्छी*लाई आगामी फाल्गुन ४ गते प्रदर्शन गर्ने निर्णय लिएकी छु। पूर्वघोषित रिलिज मितिबाट केही दिन पछाडि हट्ने यो आत्मनिर्णय लिइरहँदा यत्तिखेर म, मैले अत्ति नै सम्मानकासाथ आदर गर्ने आदरणीय दाजु भुवन केसीज्यूलाई सम्झन चाहन्छु। स्वर्गीय दादाको मिल्ने मित्रका साथै उहाँको देहवसानपश्चात् मलाई हौसला, आँट र साहस प्रदान गरेर मलाई उत्प्रेरित गरिरहने आदरणीय दाजु भुवन केसीज्यूका लागि मैले आफ्नो चलचित्रलाई केही दिन पछाडि सार्ने यो निर्णयप्रति कुनै किसिमको लाज, सरम र संकोचको भाव महसुस गरिरहेकी छैन। बरू मलाई यो निर्णय लिँदै गर्दा *कान्छी* र *कृ* नजुधाइदिनका लागि शुभचिन्तक तथा दर्शक दीर्घबाट फेसबुक, ट्विटर र मोबाइलमार्फत् प्राप्त असंख्य अनुरोध र सन्देशहरूको सम्मान गरेको महसुस भइरहेको छ। साथै एउटी बहिनीले दाजुलाई पछाडि हट्नका लागि अनुरोध गर्नुभन्दा उमेरले पनि कान्छी अनि सिप र दक्षताले पनि आलोकाँचो नै रहेकी म आफैंले केही कदम पछाडि हट्दा बेस होला भन्ने ठानी यो निर्णय लिएकी हुँ। यो निर्णय भुवन दाईप्रति एक बहिनीले व्यक्त गरेको सम्मान र कदरको रूपमा बाहेक अन्य रूपमा नलिनु हुनको लागि म आम सञ्चारमाध्यमका सञ्चारकर्मी, फिल्म इन्डस्ट्रीका कलाकर्मीलगायत मलाई माया गरिदिनुहुने मेरा भगवान्सरह दर्शकदीर्घसमक्ष हार्दिक अनुरोध गर्दै फाल्गुन ४ गते नेपालका सबै सिनेमा घरमा भेट्ने वाचा गर्न चाहन्छु। र माघ २६ गते रिलिज हुन गइरहेको *कृ*को अपार सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।'

उही तपाईंहरूकी छोरी र चेली
श्वेता खड्का 'कान्छी'

# विराट र अनुष्का

## विवाह बन्धनमा बाँधिए



भारतीय क्रिकेटर विराट कोहली र नायिका अनुष्का शर्मा सोमबार विवाह बन्धनमा बाँधिएका छन्। इटालीको टस्कनीमा भएको उनीहरूको विवाह यस वर्षको सबैभन्दा ठूलो इभेन्ट बन्न पुगेको भारतीय सञ्चारमाध्यमले चर्चा गरेका छन्। उनीहरूले सोमबार आफूहरू विवाह बन्धनमा बाँधिएको सामाजिक सञ्जाल ट्वीटरमार्फत् जानकारी गराएका छन्। 'आज हामीले वाचा गरेका छौं कि जिन्दगीभर प्रेमको बन्धनमा रहनेछौं' -उनीहरूले ट्वीटरमा लेखेका छन्।

भारतीय सञ्चारमाध्यममा उल्लेख गरिएअनुसार उनीहरूले आफ्नो पहिलो वेडिङ रिसेप्सन २१ डिसेम्बरमा दिने भएका छन्। जुन विराट र अनुष्काको नातेदारका लागि हुनेछ भने दोस्रो वेडिङ रिसेप्सन २६ डिसेम्बरमा हुनेछ। यो रिसेप्सन भने बलिउड तथा क्रिकेट वर्ल्डका हस्तीहरूका लागि हुनेछ। मुम्बईमा हुने उक्त रिसेप्सनमा क्रिकेट क्षेत्रका सचिन तेण्डुलकर, युवराज सिंह, रोहित शर्मा, महेन्द्र सिंह धोनी आदि सहभागी हुनेछन्, भने बलिउडका आदित्य चोपडा, अमिताभ बच्चन, शाहरुख खान, अमिर खान, सलमान खान रानी मुखर्जीलगायतका हस्ती सहभागी हुनेछन्।

उनीहरू चार वर्षदेखि प्रेममा रहे पनि आफ्नो प्रेमसम्बन्धका बारेमा दुवैले मुख खोलेका थिएनन्।

# भिडियोसहित गीत सार्वजनिक



प्रकाश सिंहले आफ्नै शब्द, संगीत र स्वरमा *केही चोटले* बोलको गीत दर्शक स्रोतामाझ सार्वजनिक गरेका छन्।

यो गीतको एरेन्ज र मिक्सिङ फिरोज बज्राचार्यले गरेका छन्। *केही चोटले हानि गरायो केही चोटले ज्ञानी बनायो* बोलको यो पप गीत मर्मस्पर्शी भावमा छ।

गीतको म्युजिक भिडियो बनाइएको छ। म्युजिक भिडियोमा मोडल कलाकार वर्षा सिवाकोटी र गम्भीर विष्ट फिचरिङ भएका छन्। ज्ञानेन्द्र शर्मा र महेश जोशीले गीत खिचेका छन् भने कलर र सम्पादनको काम नवीन निरौलाले गरेका हुन्। गम्भीर विष्टको निर्देशन रहेको म्युजिक भिडियोलाई सुरेन बस्यालले सहनिर्देशन गरेका हुन्। गीत सङ्स नेपालले युट्युबमा रिलिज गरेको छ भने गम्भीर विष्ट क्रियसनले गीत निर्माण गरेको हो।




सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: PRABHU BANK

ASSOCIATE SPONSOR:
NIC ASIA एन आई सी एशिया बैंक लि.
IME International Money Express Fast, Reliable And Secure Remittance
KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्पराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

मेरा प्यारा सैनिकलाई संसारका कुनै सेनासँग लडाउन रत्तिभर पनि डर मान्दिनँ तर गोरखा सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कमान हुन्छ।
– जर्मन सम्राट कैजर विलियम

धनी र गरिबबीचको फरक कति थोरै छ, एकै दिनको भोक र एकै घण्टाको प्यासले दुवैलाई समान बनाइदिन्छ।
– खलिल जिब्रान

## सम्पादकीय

नेपाल समाचारपत्र

## प्रदेशको राजधानी तोक्न अलमल नगर

प्रतिनिधिसभा र प्रदेशभा निर्वाचनपछि लामो समयदेखि रहँदै आएको संक्रमणकालीन अवस्थाको विधिवत्रुपमा अन्त्य भएको छ। संविधानले नै निर्धारित गरेको समय–सीमाभित्र स्थानीय तह, प्रदेश सभा र प्रतिनिधिसभा तीनै तहको निर्वाचन सम्पन्न भएको छ। स्थानीय तहमा जनप्रतिनिधिहरुले आफ्नो कार्य सञ्चालन गरिरहेका छन् भने केन्द्रमा पनि सरकारले आफ्नो काम गरिरहेको छ। समय–सीमाअनुसार नै निर्वाचन गर्नुपर्ने बाध्यात्मक परिस्थितिको कारण सरकारले दुई चरण गरी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैपटक सम्पन्न गरेको छ। केन्द्र सरकार र स्थानीय तहकाले गर्ने कार्य स्पष्ट भए पनि संविधानअनुसार संघीय प्रणालीअन्तर्गतको प्रदेशसभाको काम, कर्तव्य र अधिकारको बारेमा अझै पनि अलमल र अन्यौलता कायमै रहेको छ।

प्रस्तावित राजधानीको रुपमा प्रदेश नम्बर १ मा सुनसरी, प्रदेश २ मा जनकपुर, प्रदेश ३ मा काठमाडौं उपत्यका, प्रदेश ४ मा पोखरा, प्रदेश ५ मा दाङ, प्रदेश ६ मा सुर्खेत र प्रदेश नम्बर ७ मा दिपायल चर्चामा छ। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएर परिणाम आइसकेको अवस्थामा समेत प्रदेशसभा गठन गर्ने, प्रदेशको राजधानी तोक्ने कार्यमा अलमल र ढिलासुस्ती देखिन्छ। यसको लागि सरकारले राजनीतिक परामर्श गरेर नै टुंगो लगाउन उपयुक्त हुन्छ। प्रदेशको राजधानी तोक्दा राजनीतिक रंग दिनेतिर भन्दा पनि समग्र प्रदेशका जनताको सुविधालाई ध्यानमा राखेर अगाडि बढ्नुपर्छ। प्रदेशसभाको राजधानी निर्धारण गर्दा संविधानअनुसार जनताले परिवर्तनको अनुभूति गर्ने गरी निर्णय गर्नु नै बुद्धिमानी हुनेछ। किनकि राजनीतिक स्वार्थ केन्द्रित भएर गरिने निर्णयले जनतालाई वास्तविक परिवर्तनको प्रत्याभूति गराउन सक्दैन।

अस्थायी राजधानी अहिलेको बाध्यकारी व्यवस्था भएकाले अब राजनीतिक दलहरुले खिचातानी नगरी देश र जनताको चाहना र भावनाअनुसार स्थायी राजधानी तोकेर नै अगाडि बढ्नुपर्छ। सबैको अन्यौलता र अलमलले देशले खोजेको समृद्धिको लक्ष्य भेट्टाउन सक्दैन। प्रदेशसभाको बैठक बस्ने दिन आउँदासमेत सरकारले अस्थायी राजधानी, अस्थायी कार्यालयको व्यवस्थापन गर्न सकेको छैन। जसको कारण प्रदेशसभामा कर्मचारी खटाउने काम झन् अन्यौलतामा परेको छ। प्रदेश प्रमुखको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने संवैधानिक व्यवस्था भए पनि वर्तनमान शेरबहादुर देउवा नेतृत्वको सरकारले गर्ने कि अब बन्ने नयाँ सरकारले नियुक्त गर्ने भन्ने अन्यौलता बढेको छ। अतः आशंका र अन्यौलता बढाउनेभन्दा पनि समस्या समाधान गर्नतिर सरकार र राजनीतिक दलहरु जुट्नुपर्छ।

# परिभाषाबाहिरको लोकतन्त्रको कल्पना



दामोदर पौडेल

“ के राष्ट्रपतीय प्रणाली आएपछि चुनावमा नेतालाई पैसा दिएर टिकट लिने र मूलतः पैसा खर्च गरेकै भरमा चुनाव जितिन्छ भन्ने विश्वास राख्नेहरुको सोच उल्टेला ? के पैसा खाएर मत दिनेहरु कुनै अर्को नाम गरेको प्रणाली आएमा पैसा खान छोड्ने जादुको छडीजस्तो वातावरण बन्ला त ? यी सोचनीय विषय हुन्। ”

तपाईले चाहेको लोकतन्त्र कस्तो हो ? संसदीय हो कि, राष्ट्रपतीय अर्थात् राष्ट्रपति प्रत्यक्ष चुनिने हो कि, प्रधानमन्त्री प्रत्यक्ष चुनिने किसिमको हो अथवा अन्य कुनै ? यो सवालको जवाफमा हामी धेरै तर्क गर्न सक्छौं। गरी पनि रहेका छौं। एकथरीलाई संसदीय व्यवस्था मनै परेको छैन। कसैलाई राष्ट्रप्रमुख प्रत्यक्ष चुनिने परिपाटी नभई भएकै छैन। के ती व्यवस्था नै हाम्रा लक्ष्य पूरा गर्ने माध्यम हुनसक्छन् ? हाम्रो कुनै दायित्व हुँदैन ?

अहिले सोधिनुपर्ने र सोचिनुपर्ने विषय भनेका यिनै हुन्। के राष्ट्रपतीय प्रणाली आएपछि चुनावमा नेतालाई पैसा दिएर टिकट लिने र मूलतः पैसा खर्च गरेकै भरमा चुनाव जितिन्छ भन्ने विश्वास राख्नेहरुको सोच उल्टेला ? के पैसा खाएर मत दिनेहरु कुनै अर्को नाम गरेको प्रणाली आएमा पैसा खान छोड्ने जादुको छडीजस्तो वातावरण बन्ला त ? यी सोचनीय विषय हुन्। प्रधानमन्त्रीले पैसा खाएर राजदूत बनाउँछ भने राष्ट्रपतिले चाहिँ पैसा नखाई कसैलाई नियुक्त गर्दछ भन्ने आधार के छ ? यी विषयमा हामी कहिल्यै समय दिएर विचार गर्ने कि नगर्ने भन्ने सवाल अब खडा हुन थालेको छ।

जहिले पनि हामी गलत अर्थ र परिभाषामा रमाउने वा भुल्ने गरेका छौं। रुखबाट लडेर कसैको हात भाँचियो भने हात बलियो नभएकोले हात भाँचिएको हो भन्ने अर्थ लगाउनुले निर्णायक भूमिकाको प्रतिनिधित्व गर्दैन। हात बलियो भएको भए भाँचिदैनथ्यो होला पनि तर रुखमा चढ्दा ध्यान नदिनु प्रमुख तथ्य हो। तैपनि मानिसमा अर्को मानिस लड्दा उसलाई किन केही नभएको त ? भन्ने सवाल खडा होला। यस्ता सवालहरु गर्ने हो भने हाम्रो काम नै शब्द सञ्जालमा रमाउने हुन जानेछ। के रक्सी खाएर मानिस लडेमा रक्सीले लडेको होइन केवल रक्सीलाई थेग्न सक्ने शक्ति नभएकोले लडेको हो भनेर हुन्छ र ? मूलभूत कुरा त रक्सी खानु र जथाभावी खानु तथा जथाभावी रक्सीको तालमा हिंड्नु उचित हो कि होइन भन्ने सवाल हो ?

लोकतन्त्र फगत परिपाटीको नाममात्र होइन भन्ने सोच हुनै पर्दछ। लोकतन्त्रलाई सबल, सक्षम र जनप्रिय मात्र होइन जनहितकारी बनाउने काम दल, नेता, कार्यकर्ता र जनताको हो। भारत तथा जापानमा संसदीय व्यवस्था छ। ती देशमा राम्रो र नराम्रो गरेको व्यवस्थाले हो कि त्यसका प्रयोगकर्ताले हो ? त्यस्तै फिलिपिन्स र अमेरिकामा राष्ट्रपतीय प्रणाली छन्। त्यहाँका जनताको अवस्था फरक छ। त्यो भएको व्यवस्थाकै कारणले मात्र हो त ? चीन र जापानमा संघीयता छैन तर नेपाल र भारतमा संघीयता छ। संघीयता समस्याको समाधान हो कि होइन ? बेलायत र जापानमा राजसंस्था छ। त्यस्तै भूटानमा पनि राजतन्त्र छ। के राजतन्त्र आफैंमा राम्रो र नराम्रो हो ? यी तथ्य सबैजसो सामान्य जानकारी राख्ने नेपालीलाई थाहा छ। यससम्बन्धमा बढी व्याख्याको जरुरी छैन। त्यसैले जनताले ५ वर्षमा सरकारलाई मतको माध्यमबाट पारख गर्न पाउनु नै लोकतन्त्रमा आधारित सबैभन्दा महत्वपूर्ण विषय हो। अरु सहायक प्रणाली मात्र हुन्। नेपालमा राजतन्त्र भएर वा नभएर कुनै ठूलो सकारात्मक फरक आएको छैन। संघीयता आएर वा नभएको कारणले सामान्य जनताको जीवनस्तरमा कुनै भिन्नता आएको छैन। नेपाल हिन्दु राज्य भएर वा धर्मनिरपेक्ष भएर जनताको आर्थिकस्तरमा केही भिन्नता आएको छैन। किन हामी सहायक विषयमा मात्र विवाद गर्दछौं भन्नेतर्फ पनि ध्यान दिऊँ।

हामीमध्ये कसैलाई जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री चाहिएको छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री हुने र उसलाई कार्यकारी अधिकार दिने तथा चाहेको समयमा बदल्न नसक्ने हो भने उसले देशमा तानाशाह चरित्र देखाउन सजिलो हुन्छ। उसले मन लागेअनुसार मन्त्री आदि बनाउने र आफ्नो पकड बलियो बनाउने काम गर्न सक्छ। सेनामा पनि प्रभाव पार्न सक्छ। उसले राम्रो गरे ठिक्कै थियो र असल तानाशाह मान्न हुथ्यो भन्न पनि सकिएला। तर आज ६ महिनाभन्दा बढी समय बस्न सक्ने सम्भावना कम भएका नेताले त बेइमान गरेका छन् भने असीमित अधिकार भएमा के होला ? के गिरिजा, प्रचण्ड, ओली, शेरबहादुर आदि प्रधानमन्त्री बनेको समयमा कमसेकम भ्रष्टाचार हटाउन वा कम गर्न सक्ने थिएनन् ? के उनीहरुले देशको पैसा विकासमा लगाउन र ढिलासुस्ती हटाउन सक्ने थिएनन् ? राम्रो काम गरेको भए संसद्बाट हटाए पनि जनताले अर्कोपटक मत दिएर पुनः आउँछु भन्ने हुन पर्ने नि। त्यो सोच किन नआएको ? त्यसैले राम्रो काम गर्न चाहने भनेको चरित्र हो, इमानदारी र क्षमताको उचित प्रयोग हो। त्यो नभएपछि अहिले राम्रो भएन भनेर कसैलाई विशेष अधिकार दिनु भनेको उसलाई बेइमान तानाशाह बनाउनु नै हुन्छ। राष्ट्रपति बनेर तानाशाह बनेका इदी अमिन, बोकासो, हिटलर आदि प्रमुख उदाहरण हुन्। त्यसैले बेइमानलाई तानाशाह र बलियो बनाउनुभन्दा कमजोर नै बनाउनु राम्रो हो। कमसेकम गल्ती गरेपछि चाहेको समयमा हटाउन त सकिन्छ।

हामी नै सोचौं, अहिलेदेखि विगतका प्रधानमन्त्रीहरुले सरकारमा बस्दा कुनै ठूलो राम्रो काम गरेनन्। तिनैलाई वा त्यस्तैलाई ५ वर्षको लागि प्रधानमन्त्री वा राष्ट्रपति बनाउने हो भने राम्रो काम गर्लान् भनेर पत्याउने आधार के छ ? केही छैन। एउटा मानिस बेइमान भयो, उसलाई इमानदार बनाउन बढी अधिकार दिऔं र उसलाई बदल्ने अधिकार नभएपछि ऊ इमानदार बन्छ भन्ने सोच्नु स्वाभाविक र तर्कसंगत होइन।

त्यसैले बेइमान तानाशाहभन्दा बेइमान लोकतन्त्रवादी कम खतरा हुन्छ भनेर नै गल्ती गर्ने सम्भावना भएमा हटाउने अधिकार जनतामा सुरक्षित हुन आवश्यक छ। पाँच बर्से तानाशाह र बेइमानभन्दा ६ महिने र तानाशाह बन्न नसक्ने बेइमानलाई हटाउन सजिलो हुँदा ऊ कम हानिकारक हुन्छ। नेपालजस्ता देशमा नेताहरु बेइमान नै बढी देखिँदा र असल नेताहरुलाई जनताले ठम्याउन नसक्दासम्म संसदीय व्यवस्था ठीक छ। संसदीय व्यवस्थामा गल्ती गर्नेलाई हटाउन बढी सजिलो छ भन्ने एउटा आधार पनि छ।

देशमा व्यवस्था वा प्रणालीको सट्टामा नेता र दलहरु असल हुने र साझा जनहितमा एक हुने अवस्थाको सृजना आवश्यक छ। अहिलेको प्रमुख आवश्यकता भनेको सबै दलले विकास र गरिबी निवारणमा साझा मत बनाउनु तथा भ्रष्टाचार शून्य समाज बनाउन प्रयत्न गर्नु प्रमुख हुन्। त्यो भन्दा प्रमुख कमसेकम ठूला ३ दलले पूर्णरुपमा लोकतन्त्र र बहुलवादलाई आफ्नो सिद्धान्तमा राख्नु अझै अपरिहार्य छ। कम्युनिस्ट राजनीतिक दलहरुले मार्क्स, लेनिन, माओ आदिले उल्लेख गरेको सर्वहाराको नामको कम्युनिस्ट पार्टीको अधिनायकवाद, एकदलीयता, कुनै एक विचारलाई मात्र विशेष ग्राह्यता दिनेजस्ता कुरालाई प्रस्टरुपमा नै अस्वीकार गरेर नयाँ प्रतिबद्धता जाहेर गर्नसमेत आवश्यक छ।

नेता इमानदार नहुने र हरेकपटक जनता भ्रममा पर्ने हो भने कुनै पनि सुन्दर भनिएको प्रणाली यहाँ सुन्दर नहुन सक्छ। लोकतन्त्र र बहुलवाद प्रमुख हुन्। त्यसपछि आउने संसदीय वा राष्ट्रपतीय प्रणाली भन्ने गौण हुन्। तर कुनै प्रणालीको नाममा अमुक पदलाई बढी शक्तिशाली बनाउने रहर र भ्रमले देश अझै संकटमा जान सक्छ। प्रणाली अझै भद्दा र जनताको विपक्षमा जाने हुनसक्छ। नेताहरुलाई एकपटक भएको प्रणालीलाई नै सदुपयोग गर्न चेतावनी वा सुझाव दिन सक्नुपर्दछ। आफू नसुध्रने अनि केवल प्रणालीको कुरा मात्र गर्ने गरेर समस्याको समाधान हुँदैन। भएकोलाई सदुपयोग नगर्ने र केवल राम्रो व्यवस्थाको कल्पना गर्ने मनोदशाले कहिल्यै लोकतन्त्र वा अन्य कुनै परिपाटी पाएर पनि सदुपयोग गर्न सक्दैन। अटोपिया अर्थात् उच्चतम परिकल्पनाको बाटोमा लाग्न तयार पनि हुनुपर्दछ।

## पाठक पत्र

# अब द्रुत विकासको चाहना जागोस्



रमेशकेशरी वैद्य, काठमाडौं

आज मुलुकमा लोकतन्त्र आएको पनि तीन दशक हुन लागिसक्यो, तैपनि विकास द्रुत गतिमा जान नसकेको कारणले गर्दा सबैलाई दुःख लाग्नु स्वाभाविक हो। जलविद्युत् पर्याप्त छन्, पर्यटनको कुरा गर्ने हो भने हाम्रो देश भौगोलिक वातावरणले सुन्दर तथा रमणीय छ, कृषिको कुरा गर्ने हो भने तराई-पहाडी भागमा अपार जमिन छ। तर पनि हामीले विकासको फड्को मार्न सकेनौं। यसको जिम्मेवार त प्रधानमन्त्री, नेता, सरकारी प्रशासन होइन भने गलत कार्य गर्नेलाई ठीक गर्न नसक्ने जनता पो हुन् कि ? एक-अर्कालाई दोषारोपण गरेर नकारात्मक कुरा मात्र गरी मुलुक सप्रने होइन, यसको लागि सबै पक्ष इमानदार हुनुपर्छ। सोच परिवर्तन गरी अगाडि बढ्नु आवश्यक छ।

विदेशका लोकतान्त्रिक मुलुकहरुमा पनि बूढाखाडा अर्थात् बुजुर्गहरुले नै मुलुक चलाइराखेका हुन्छन्। साथै विकास पनि द्रुत गतिमा भइराखेको हुन्छ। यसको खास कारण राम्रो विचार, दूरदर्शिता तथा सीमित नेताहरु हुनु हो। तर हाम्रो मुलुकमा अनावश्यक बढी नेता छन्। त्यसमाथि उनीहरुमा दूरदर्शिताको कमी भएको देखिन्छ। यो मुलुकमा आजभोलि बूढाखाडा नेताहरु आँखाको कसिंगरसरह भएका छन्। साथै बिझेको काँडासरह भएका छन्। मुलुकमा विकासको गति तीव्र हुन सकेको छैन। त्यसैले अब नयाँ पुस्ता आगमन भएमा मुलुकको विकास तीव्र गतिमा हुने आशा गर्न सकिन्छ। वास्तवमा यो मुलुकमा बूढाखाडा नेताहरुको पनि योगदान नभएको त होइन, कारण यिनीहरुको ठूलो प्रयासले नै यहाँ प्रजातन्त्र आयो हिजोको एकलौटी शासनलाई जितेर। तैपनि यो देशमा जनताले सुखशान्ति पाउन सकेनन्। समय बित्दा पनि फल नउम्रने रुखजस्तै भइराखेको अवस्था छ। हाम्रो मुलुकको तीव्र विकास भएको भए सर्वसाधारणहरु यहाँ भौतिक सुविधा भएर पनि उकुसमुकुसजस्तै हुनुपर्ने थिएन।

अहिलेको बढ्दो जनसंख्या ,अस्तव्यस्त शहर, प्रशासनिक ढिलासुस्ती, सवारी असुविधा, कलझगडा आदिका कुरा गर्दा अझै पनि हाम्रो मुलुक अविकसित भएजस्तो आभास हुन्छ। यी कुराहरु त आफ्नो ठाउँमा छँदै छन्, यसबाहेक पनि अहिले मुलुकमा सुधारहरु हुनुपर्ने कुराहरु धेरै छन्। जुन समयले बिस्तारै सब ठीक गर्दै जानेछ भन्ने कुरामा हामी आशावादी होऔं। तर यस्तो हुने लक्षण नदेख्दा प्रायः मान्छे दिक्दार हुनु स्वाभाविक हो। त्यस कारण अबउप्रान्त देश चलाउनेहरु तथा सम्बन्धित निकायहरु परिवर्तन भएर इमानदार तथा कडा हुनु जरुरी छ। सर्वप्रथम राजधानीलाई लिऊँ, यो नगरीमा निर्माण हुनुपर्ने कुराहरु धेरै छन्, जुन कि जुन सरकार आए पनि बेवास्ता गरिराखेको देखिन्छ, मानौं कि यो मेरो सौता हो। अहिलेको परिप्रेक्ष्यमा समस्याको कुरा गर्दा, राजधानीमा जनसंख्या र सवारीसाधन बढ्दै गइराखेको सबैले अनुभव गरेकै कुरा हो। यस्तो अवस्थामा यहाँ सावारीसाधनसमेत पास हुने दुई-चारवटा ओभर ब्रिजहरु निर्माण हुनु ज्यादै जरुरी छ। जसले गर्दा दुर्घटनामा न्यूनीकरण हुन जान्छ, समयको बचत हुन्छ, सर्वसाधारणलाई सुविधा हुन जान्छ। खास गरी थापाथली, बानेश्वर, बल्खु, नारायणगोपाल चोक, सातदोबाटो, कोटेश्वर आदि ठाउँमा यस्ता ओभर ब्रिजको सख्त जरुरत छ। तर यसमा आजसम्म कुनै सरकारको ध्यानाकर्षण गएकोजस्तो लागेको छैन। कसो हुनाले एउटा कलंकी चोकमा चाहिँ निर्माण भइरहेको छ। कलंकीको जस्तै सवारीसाधन जाम हुने अन्य चोकहरुमा पनि अब बन्ने सरकारले सवारीसाधन पार हुने ओभर ब्रिज वा अन्डरग्राउन्ड सडक निर्माण गर्नै पर्छ। यसै गरी राजधानीबाहिर पनि यी कुरामा ध्यान पुर्‍याउनुपर्छ।

सवारीको कुरा गर्दा हरतरहबाट सर्वसाधारणले दुःख पाइराखेका छन्। सार्वजनिक सवारीसाधनमा कोचाकोच, पार्किङ समस्या, ट्याक्सी प्रयोगमा मनोमानी भाडा, सवारीबाट आउने प्रदूषण तथा सडकको धूलो-धुवाँले मानिसको आयु घटाइराखेको छ। यसले गर्दा पनि सबै वाक्कदिक्क छन् तर पनि फटाहा कुरामा अल्झने सरकारहरुको यो क्षेत्रमा ध्यान नपुगेको देख्दा सबैलाई आश्चर्य लाग्नु स्वाभाविक हो। तर आश्चर्य लागेर के गर्नु र ? सरकारहरु झुट्टा आश्वासन मात्र दिएर आफ्नो कार्यकाल सिध्याइराखेका हुन्छन्। अबचाहिँ यसो हुनुभएन।`

वास्तवमा भन्ने हो भने, यो देशमा हरेक समस्याको समाधान यहीं नै छ। ठूला-ठूला नगरबसहरु त समयअनुसार बढ्दै जाने कुरा हो, पार्किङ समस्याका कुरा गर्दा दमकल भवन र गोश्वारा भवनलाई ठूलो भवन बनाई त्यहाँ मोटर, मोटरसाइकलको पार्किङ भवन बनाउनुको साथै कम्प्लेक्सको निर्माण गर्नु जरुरी छ। आयस्रोत तथा रोजगारको हिसाबले उत्तम यसो गर्नु हुनेछ, जसमा सरकारले ध्यान पुर्‍याउनै पर्दछ। यसले गर्दा राजधानीको मुटु एरियामा पार्किङ समस्या हट्नेछ।

विदेशमा ठूला खालि क्षेत्रमा सरकारले सर्वसाधारणका लागि सस्तो हाउजिङका घर, एपार्टमेन्ट, पार्क, एमेज्यूमेन्ट पार्क तथा मनोरञ्जनका लागि रमणीय स्थल बनाइदिएको हुन्छ। हाम्रो मुलुकमा चाहिँ भएको एउटा पार्कमा पनि पच्चीस रुपियाँ लिएर भित्र पठाइराखेको हुन्छ, जहाँ राजतन्त्रात्मक पञ्चायती व्यवस्थामा निःशुल्क छिर्न पाइने थियो। लोकतान्त्रिक मुलुकमा पार्कमा जान पैसा तिर्नुपर्दछ, यो भन्दा दरिद्र मनसाय सरकारको अरु के होला ? सरकार हाम्रो जस्तो गरिब मुलुकमा कर पर्याप्त असुल्छ। तर यहाँ मर्मत सम्भारको त कुरै छोडौं, सार्वजनिक स्थानमा पर्याप्त शौचालयहरु पनि छैनन्। यो पनि हाम्रो देशको घटिया संस्कार हो। अहिलेको अवस्थामा सरकारले चहियो भने के हुँदैन र ? तर यिनीहरु आफू मोज गर्नेबाहेक जनताको सुखको चाहना कहिल्यै सोच्दैनन्। यदि जनताका लागि सोचेको हुन्थ्यो भने हाम्रो मुलुक यस्तो हुँदैनथ्यो होला, कि कसो ?

वास्तवमा भन्ने हो भने नारायणहिटीको संग्रहालयलाई छोडी आधा भाग जमिन, सिंहदरबारको पुतली सडक साइडको खालि जग्गा, रानीबारी, वनकाली, स्वयम्भु, पशुपति क्षेत्रमा रमणीय स्थल तथा फ्री पार्कहरु बनाउनु जरुरी छ। यस प्रकारको स्थानमा शुल्क भन्दा गलत गर्नेलाई कडा जरिबाना गर्ने हो। यी कुराहरुबाहेक मुलुकमा सधैं बाटो खन्ने नौटंकीलाई छोडेर गुणस्तरीय पिच बाटोहरु बन्न जरुरी छ। यसका लागि चाहे सबै सम्बन्धित निकायहरुको सौता व्यवहारलाई छोडी मिल्न किन नपरोस्, सर्वप्रथम सरकारहरु नै कडा हुनुपर्‍यो।

यसै गरी राजधनीबाहिर पनि द्रुत गतिमा यसै गरी विकास गर्ने सोच सरकारले राख्न सक्नुपर्दछ। अन्यथा संघीयताको नखरा सोच राख्नु राष्ट्रिय पुंजी सक्नु मात्र हुनेछ। विनायोजना, विनासोच गरिएको खर्च बालुवामा पानी हालेसरह हुनेछ। नयाँ बन्ने सरकारले यहाँ उल्लिखित सबै कुरामा ध्यान पुर्‍याओस्।

## सामाजिक सञ्जाल



साथीहरू, जनताको मतको कदर गर्न सिकौं पहिला अनि अरू काम गरौंला। किनकि जनताले आफ्नो अमूल्य भोट दिएर जिताएका उम्मेदवारलाई नानाथरी भन्नु भनेको अप्रत्यक्षरूपमा जनताको मतको अपहेलना गर्नु नै हो।

**Shakti nyoupane**
**@ShaktiNyoupane**



वामशक्तिको बाहुल्य छ भन्दैमा लोकतान्त्रिक शक्ति लत्याइयो भने फेरि केही दशकपछि देश सशस्त्र द्वन्द्वमा जान सक्छ। लोकतान्त्रिक र वाम शक्ति दुवै देशका लागि अपरिहार्य घटक हुन्।

**Kisor Subedi**
**@mindkisor**



कतिपय हाम्रा इच्छा र चाहनाहरू वर्षायामका ती पानीका थोपाजस्ता हुन्छन्, जुन प्राप्तिका लागि हामी आफ्ना हत्केला त भिजाउँछौं तर हात सदैव खालि रहने गर्छ।

**अंशु खड्का**
**@khadkaanshu**



चुनाव हार्नुको कारण विधिसंगत टिकट वितरण नभएको, संसदीय समितिसमेत विधिसंगत गठन नगरेको, तत्कालीन प्रधानन्यायाधीशलाई महाअभियोग लगाएको, कांग्रेस नेतृत्वको सरकारले प्रहरी प्रमुखको नियुक्तिमा बखेडा झिकेको, तत्कालीन अख्तियार प्रमुख लोकमान सिंह कार्कीमाथि महाअभियोग लगाउने बेला स्पष्ट अडान नलिएको तथा नाकाबन्दीको बेला मौनता साधेकाले पनि यो निर्वाचनमा हार बेहोर्नुपरेको भनी कार्यकर्ताहरूले मूल्यांकन गर्न थालेका छन्।

# नेपाल



**जितको भेट** : हालै सम्पन्न निर्वाचनमा काठमाडौं क्षेत्र नं. ८ बाट निर्वाचित नेकपा एमालेका नेता जीवनराम श्रेष्ठ घरदैलो कार्यक्रममा सहभागी हुँदै । *तस्वीर : अनिल आङदेम्बे/काठमाडौं*

## जिल्ला प्राविधिक कार्यालयका प्रमुखसहित पाँच जनाविरुद्ध मुद्दा

काठमाडौं, (नेस)

जिल्ला प्राविधिक कार्यालय, कञ्चनपुरका प्रमुखसहित ५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ।

भ्रष्टाचार गरेको पुष्टि गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अभियुक्तहरूविरुद्ध मंगलबार अदालतमा मुद्दा दायर गरेको हो।

अभियुक्तहरूमा प्रमुख जिल्ला इन्जिनियर केदार शर्मा, लेखापाल केशवराज जोशी, सब-इन्जिनियरहरू डण्डीराज पाण्डे, वीरेन्द्रसिंह बडाल र नवीनकुमार दुबे छन्।

अख्तियारका अनुसार अनुसन्धानबाट अभियुक्तहरूले कसुर गरेको पुष्टि हुन आएकाले जनही २० लाख ७० हजार रुपियाँ बिगो रकमसहित कैद सजायको माग गर्दै मुद्दा दायर गरेको छ।

प्रमुख जिल्ला इन्जिनियर शर्माको योजना र प्रत्यक्ष निर्देशनमा अभियुक्तहरूले आपसी मिलेमतोमा ठेक्का सदर गर्ने र रनिङ बिल पास गर्ने कार्यका लागि विभिन्न बहानामा घुस लिइरहेको आरोपमा आयोगको कार्यालय, कञ्चनपुरबाट खटिइ गएको टोलीले अभियुक्तहरूलाई पक्राउ गरेको थियो।

अख्तियारको टोलीले त्यसबेला सब-इन्जिनियर त्रय पाण्डे, बडाल र दुबेलाई ६ लाख नगद घुस र १४ लाख ७० हजारबराबरको २ थान चेक लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो।

## कांग्रेसद्वारा तनहुँमा पुन: मतदानको माग

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली कांग्रेसले तनहु क्षेत्र नम्बर २ को प्रदेशसभा १ को ५ वटा मतदान केन्द्रमा धाँधली भएको भन्दै पुन: मतदान गर्न माग गरेको छ। यो क्षेत्रमा कांग्रेस उम्मेदवार प्रदीप पौडेलले ५ मतले पराजित भएको घोषणा गरिएको थियो।

नेपाली कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका क्रममा गत २०७४ मंसिर २१ गते भएको निर्वाचनमा तनहुँ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ को प्रदेशसभा १ को मतगणना गर्दा विभिन्न बुथका ५ वटा बाकसमा जम्मा खसेको मत २ हजार ३ सय २८ भनी मुचुल्का गरिएकोमा मत गणनापश्चात जम्मा सदर तथा बदर मत संख्या २ हजार ३ सय ७० देखिएको घटनाले मतगणनाका क्रममा फर्जि मत मिसाइएको तथ्य स्पष्ट भएको जनाएको छ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले मंगलबार एक विज्ञप्ति जारी गरी मतगणनामा संलग्न कर्मचारीको प्रत्यक्ष संलग्नता र निर्वाचन अधिकृतको संरक्षणमा गरिएको उक्त धाँधलीयुक्त मतगणनाको परिणामलाई नेपाली कांग्रेस अस्वीकार गर्ने जनाउनुभएको छ।

विधि र प्रक्रियाविपरीत धाँधलीपूर्ण तरिकाले ४२ मत बढी देखाएर गरिएको अवैधानिक मतगणना र घोषित परिणामलाई बदर गरी अन्तिम चरणमा मतगणना गरिएका अमरज्योति आवि. ग्यारसिं, जनजुक्त शाही मावि. (क), जनजौकुमारी शाही आधारभूत विद्यालय (क) म्याग्दे ७, व्यास ५ को उदय मावि. ठुलोटार (ख) र म्याग्दे वडा नं. ४ को मिन मावि. समेतका ५ वटा मतदान केन्द्रमा पुन: मतदानको व्यवस्था गरी स्वच्छ र निष्पक्ष निर्वाचनको प्रत्याभूति प्रदान गरियोस् भनी कांग्रेसले माग गरेको छ।

## कांग्रेसको निर्वाचन समीक्षा तत्काल नहुने

काठमाडौं, (नेस)

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा अनपेक्षित हार व्यहोरेको नेपाली कांग्रेसभित्र निर्वाचनको समीक्षा र भावी रणनीति तय तत्काल नहुने भएको छ।

निर्वाचनमा पराजित भएसँगै नेतृत्वको आलोचना भइरहेको बेला कांग्रेसभित्र तत्काल केन्द्रीय समितिको बैठक बसि निर्वाचनको समीक्षा र भावी कार्ययोजना बारे छलफल गर्नुपर्ने भन्ने बारेमा आवाज उठिरहेको छ।

प्रमुख वाम घटक दल नेकपा एमाले र माओवादी केन्द्रको चुनाबी तालमेलको सामाना गरी नतिजा आफ्नो पक्षमा ल्याउन नसकेपछि कांग्रेस नेतृत्वको आलोचना भएको थियो। निर्वाचनमा नेविसंघ, तरुणदल, महिला संघलगायत भ्रातृ तथा सुभेच्छुक संघसंस्थालाई परिचालन गर्न नसकेको राष्ट्रिय मुद्दाहरूमा स्पष्ट अडान राख्न नसकेको जस्ता कारणले कांग्रेसले यो निर्वाचनमा हार बेहोर्नुपरेको चर्चा चलिरहेको छ।

चुनाव हार्नुको कारण विधिसंगत टिकट वितरण नभएको, संसदीय समितिसमेत विधिसंगत गठन नगरेको, तत्कालीन प्रधानन्यायाधीशलाई महाअभियोग लगाएको, कांग्रेस नेतृत्वको सरकारले प्रहरी प्रमुखको नियुक्तिमा बखेडा झिकेको, तत्कालीन अख्तियार प्रमुख लोकमान सिंह कार्कीमाथि महाअभियोग लगाउने बेला स्पष्ट अडान नलिएको तथा नाकाबन्दीको बेला मौनता साधेकाले पनि यो निर्वाचनमा हार बेहोर्नुपरेको भनी कार्यकर्ताहरूले मूल्यांकन गर्न थालेका छन्।

समानुपातिकतर्फको निर्वाचन परिणाम आउन अझै केही दिन लाग्ने तथा कांग्रेसका धेरै शीर्ष नेताहरू राजधानीबाहिर भएको कारणले पनि निर्वाचनको समीक्षा र भावि रणनीति तय गर्न तत्काल कांग्रेसको बैठक बस्ने सम्भावना नरहेको एक केन्द्रीय नेताले जानकारी दिएका छन्।

## चिनियाँ चिकित्सक टोलीको नि:शुल्क स्वास्थ्य शिविर



काठमाडौं, (नेस)

चिनियाँ चिकित्सकहरूको टोलीले काभ्रेको धुलिखेलमा नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ।

चिकित्सिकहरूको टोलीले अरनीको समाजसँग सहकार्य गरेर सो शिविर सञ्चालन गरेको हो। सोमबार र मंगलबार स्थानीय बडाल गाउँमा भएको शिविरमा सयौं लाभान्वित भएको समाजले जनाएको छ। टोलीले आज बुधबार बाँडेगाउँ, भोलि बिहीबार लुभु र २९ गते शुक्रबार प्युटार र पुस १ गते खोकनामा स्वास्थ्य शिविर गर्नेछ।

स्वास्थ्यमा कमजोर आर्थिक स्थिति भएका नेपालीहरूको पहुँच पुऱ्याउने उद्देश्यले सो टोलीको चीनको सिचुवान प्रान्तबाट आइतबार नेपाल आएका थिए। टोलीमा चिकित्सक, स्वास्थ्य स्वयंसेवीहरू गरी २० जना छन्। टोलीको सम्मानमा समाजले स्वागत समारोह आयोजना गरेको थियो। सो अवसरमा चिनियाँ राजदूताबासका आर्थिक कान्सुलर याङसी छुले स्वास्थ्य क्षेत्रमा चीन र चिनियाँ जनताको सदासर्वदा साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले नगरपालिकाको स्वास्थ्य सेवा विस्तार सहज पहुँचका लागि चीनको नगरपालिका र धुलिखेल नगरपालिका, चीनको अस्पताल र धुलिखेल अस्पतालबीच भगिनी सम्बन्ध स्थापना गर्न आफू तयार रहेको बताउनुभयो।

समाजका महासचिव डा. सुशील प्रजापति, डा. उर्मिला शाक्यलगायतले नेपाललाई परेको बेला साथ सहयोग गर्न चीन सरकार र जनता प्रतिबद्ध रहेको उल्लेख गर्दै विभिन्न ठाउँमा स्वास्थ्य शिविरको आयोजनाले २ देशबीचको सम्बन्धलाई थप मजबुत पार्ने विश्वास व्यक्त गर्दै आ-आफ्नो भनाइ राख्नुभयो।

वैशाख १२ गतेको विनाशकारी भूकम्पपछि पनि सो टोलीले समाजसँग सहकार्य गरेर विभिन्न भागमा स्वास्थ्य शिविर सञ्चालन गरेको थियो।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
भेरी अञ्चल अस्पताल
विकास समिति
नेपालगञ्ज

**इण्डोर तथा पोषण गृहको लागी राशन /खाद्यन्न आपुर्ति सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः२०७४/८/२७ गते)**

यस भेरी अञ्चल अस्पतालमा भर्ना भएका विरामी र पोषण पुनस्थापना गृहमा भर्ना हुने बच्चा र तिनमा आमाहरुको लागी २०७४ माघ देखि २०७५ पौष मसान्त सम्मको निम्ती राशन ठेक्का बन्दवोवस्त गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त ठेकेदार एवं आपुर्तिकर्ताहरुबाट तपसिलका शर्तहरुको अधिनमा रही बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**तपसिलः**

१. यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्रको लागी ३० (तिस) दिन र शिलवन्दी दरभाउपत्रको लागि १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलमा तोकिएको दस्तुर फिर्ता नहुने गरी नगदै आ..ब. ०७४/०७५ को मान्य भएको आयकर स्थायी लेखा नम्बर मु.अ.करमा दर्ता भएको प्रमाणपत्र आ.ब. ०७३/०७४ को कर चुक्ता प्रमाणपत्र र ठेक्का इजाजत पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यस अस्पतालको स्टोर शाखाबाट खरिद गर्न सकिनेछ ।
२. बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको प्रत्येक आइटमको दररेट लेख्नका लागी छुट्ट्ईएको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी सकार गरेको पानामा हस्ताक्षर गरि पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएकालाई मान्यता दिईनेछ ।
३. बोलपत्र/सिलबन्दी दरभाउपत्र भर्दा केरमेट भएको स्थानमा दरखास्तवालाले दस्तखत गर्नु पर्नेछ ।
४. बोलपत्र/सिलबन्दी दरभाउपत्रसाथ कवोल अंकको २.५ प्रतिशतले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेको राष्ट्रिय बाणिज्य बैक नेपालगञ्जको धरौटी खाता नं ४१३०२०३०००००० कार्यालय कोड ६२-३७०-०३ मा दाखिला गरेको सक्कलै बैक भौचर संलग्न गर्नुपर्नेछ । वा प्रचलित कानुनले तोकेको बैकको ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
५. म्याद भित्र किनिएका बोलपत्र/सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले क्रमशः १६(सोह्रौ) र ३१ (एकतिसौ) दिन दिनको १२:०० बजे भित्र बोलपत्र /सिलबन्दी दरभाउपत्र यस अस्पतालमा बुझाउनु पर्नेछ ।
६. दर्ता भएका बोलपलत्र/सिलबन्दी दरभाउपत्र उपरोक्त बमोजिम क्रमशः१६(सोह्रौ) र ३१ (एकतिसौ) दिनको २:०० बजे कार्यालय एवं ठेकेदारका प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा खोलिनेछ ।
७. बोलपत्र/सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिन पूर्व निर्धारित भए बमोजिम नै हुनेछ ।
८. जुन फर्मको लागी बोलपत्र फाराम/सिलबन्दी दरभाउपत्र कार्यालयबाट खरिद गरिएको हो सो को दरभाउपत्र फाराम भरी पेश गर्नुपर्नेछ ।
९. कुनै कारण जनाई वा नजनाई सम्पूर्ण वा आँशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्न वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पताललाई सुरक्षित रहनेछ ।
१०. बोलपत्र/सिलबन्दी दरभाउपत्र स्वकिृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद भौचर वा ठेक्का अवधि सम्म मान्य भएको बैक जमानात पत्र पेश गर्नु पर्नेछ ।
११. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयमा स्टोर शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. बोलपत्र/सिलबन्दी दरभाउपत्रदाताले बोलपत्र/सिलवन्दी दरभाउपत्रमा उल्लेख गरेको खाद्य सामाग्री नसडने प्रकृति भएको खाद्य बस्तुको नमुना पेश गर्नु पर्नेछ ।
१३. रित नपुगेको शर्त राखिएका र म्याद नाधि प्राप्त हुन आएका बोलपत्र/सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
१४. यस सूचनामा छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित ऐनको नियम बमोजिम हुनेछ ।

**तपसिल**

| क.सं. | ठेक्का नं. | विवरण | ठेक्काको किसिम | लागत अनुमान | दस्तखत दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | ८/०७४/०७५ | पोषण गृहका लागी खाद्यन्न सप्लाइ गर्ने कार्य | दरभाउपत्र | १३,७०००५/६० | १०००।- | ३५,०००।- |
| २ | ९/०७४/०७५ | इण्डोरमा भर्ना भएका विरामीहरुको राशन सिदा सप्लाई गर्ने कार्य | बोलपत्र | २१,९०,४५१/८० | ३०००।- | ५५,०००।- |

**निमित्त प्रमुख मेडिकल सुपररिन्टेन्डेन्ट**

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, विद्या प्राप्ति, शत्रु विजय, खेल-परीक्षामा सफलता।
**वृष** : कार्यनाश, वायुजन्य रोग, तर मध्याह्नदेखि द्रव्यलाभ, सफलता प्राप्ति।
**मिथुन** : दिनचर्या अस्तव्यस्त, कार्य असफल, सन्तान कष्ट, आर्थिक क्षति।
**कर्कट** : मध्याह्नसम्म उन्नति-प्रगति भए पनि त्यसपछि अपच, तनाव।
**सिंह** : धननाश, असन्तोष, तर दिउँसोदेखि द्रव्य लाभ, मान-सम्मान, प्रगति।
**कन्या** : धनप्राप्ति, उत्तम भोजन, तर मध्याह्नबाट मानसिक चिन्ता।
**तुला** : अस्वस्थता भए पनि दिउँसोदेखि धन प्राप्ति, कार्य सफल।
**वृश्चिक** : मिष्ठान्न भोजन, द्रव्य प्राप्ति तर दिउँसोबाट चोटपटकको सम्भावना।
**धनु** : सन्तोष, कार्यसिद्धि, अन्नलाभ, विविध वस्तु वा सेवा प्राप्ति।
**मकर** : शुरूमा राज्यबाट भय, अपयश, तर दिउँसोदेखि सुख-सन्तोष।
**कुम्भ** : रोगको भय, धन हानि, राज्यबाट त्रास, मान-प्रतिष्ठामा धक्का।
**मीन** : पूर्वार्द्ध( धनलाभ, समस्या समाधान भए पनि दिउँसोदेखि अस्वस्थता।

# नेपाल

गोपाल शर्माले आफूलाई मत हालेकालाई मात्र होइन नहाल्ने मतदातालाई समेत धन्यवाद दिँदै सबैको भावनाको कदर गर्ने बताउनुभयो। भुलवशः तथा केही कुरामा चित्त नबुझेकाले आफूलाई मत नहालेको भए पनि आफ्नो लागि सबै रुकुमका जनता बराबर भएकोले सबैलाई सम्बोधन गर्ने उहाँको प्रतिबद्धता छ।

## कांग्रेस समानुपातिकमा पहिलो

**नेपाल समाचारपत्र**

बागलुङ

मंसिर १० गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ प्रदेशसभा र प्रतिनिधिसभा दुवैमा आफ्नो वर्चस्व गुमाएको नेपाली कांग्रेस समानुपातिकतर्फ भने पहिलो बन्न सफल भएको छ। समानुपातिक मतगणनामा नेकपा एमाले, राष्ट्रिय जनमोर्चा र माओवादी केन्द्रलाई पछि पार्दै बागलुङमा नेपाली कांग्रेसले पहिलो स्थान हासिल गरेको हो। दोस्रोमा नेकपा एमाले र तेस्रोमा राष्ट्रिय जनमोर्चा देखिएको छ।

कुल १ लाख ६७ हजार २ सय ८२ मतदाता रहेको बागलुङमा समानुपातिकतर्फ १ लाख ८ हजार १ सय ५१ मत मात्रै खसेको थियो। प्रतिनिधिसभातर्फ समानुपातिकमा नेपाली कांग्रेसले ३५ हजार ६ सय ३८ मत प्राप्त गरेको छ भने प्रदेशसभातर्फ ३३ हजार ६ सय ४० मत प्राप्त गर्दै समानुपातिकतर्फ पहिलो बनेको हो।

समानुपातिकमा दोस्रो बनेको नेकपा एमालेले प्रतिनिधिसभातर्फ ३० हजार ६ सय ३५ मत प्राप्त गरेको छ भने प्रदेशसभातर्फ २९ हजार ५४ मत प्राप्त गरेको छ। यस्तै तेस्रो बनेको राष्ट्रिय जनमोर्चाले प्रतिनिधिसभाको समानुपातिकतर्फ १५ हजार ९ सय ३४ मत प्राप्त गरेको छ भने प्रदेशसभातर्फ १६ हजार ७ सय ४ मत प्राप्त गरेको छ। चौथो बनेको नेकपा माओवादी केन्द्रले १४ हजार ४ सय ५० मत प्राप्त गरेको छ भने प्रदेशसभातर्फ १३ हजार ८ सय ३३ मत प्राप्त गरेको छ। प्रतिनिधिसभातर्फ राष्ट्रिय प्रजातन्त्र पार्टीले १२ सय १२, प्रदेशसभातर्फ १५ सय ७२ मत प्राप्त गरेको छ।

रविन्द्र मिश्र संयोजक रहेको विवेकशील साझा पार्टीले प्रतिनिधिसभातर्फ १ हजार १ सय ९६ मत प्राप्त गरेको छ भने प्रदेशसभातर्फ ८ सय ६३ मत प्राप्त गरेको छ। यस्तै नयाँ शक्तिले ३ सय ७४, मालेले ३ सय ६४, संघीय समाजवादी फोरमले २ सय ३२ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनएको छ।

## झापामा ३३ हजार मत बदर

भद्रपुर, (नेस)

झापामा प्रतिनिधिसभा प्रत्यक्षतर्फ ४.७४ प्रतिशत र प्रदेशसभा प्रत्यक्षतर्फ ३.६० प्रतिशत मत बदर भएको छ।

जिल्लाका पाँच वटा निर्वाचन क्षेत्रमा ५ लाख ८५ हजार १ सय ६६ मतदातामध्ये प्रतिनिधिसभा प्रत्यक्षतर्फ ४ लाख १८ हजार १ सय ८१ मत खसेकोमा १८ हजार ९ सय १५ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ। त्यस्तै प्रदेशसभा प्रत्यक्षतर्फ ४ लाख १७ हजार ६ सय २८ मत खसेकोमा १४ हजार ५ सय ४ मत बदर भएको छ। प्रतिनिधिसभा तथा प्रदेशसभाको मत जोड्दा जिल्लामा ३३ हजार ४ सय १९ मत बदर भएको देखिन्छ।

निर्वाचन कार्यालयका सूचना अधिकारी प्रकाश न्यौपानेका अनुसार प्रतिनिधिसभातर्फ झापा क्षेत्र नम्बर १ मा खसेको ७३ हजार ३ सय ३ मध्ये २ हजार ६ सय ६७ मत बदर भएको छ। क्षेत्र नम्बर २ मा खसेको ८५ हजार ६ सय ५६ मध्ये ३ हजार ६ सय ९९ मत बदर भएको छ।

त्यस्तै क्षेत्र नम्बर ३ मा खसेको ८३ हजार २ सय ४४ मध्ये ४ हजार ३ सय १२ मत बदर भएको छ। क्षेत्र नम्बर ४ मा ७७ हजार १ सय ९२ मध्ये ३ हजार ५ सय ३६ मत बदर भएको छ। क्षेत्र नम्बर ५ मा ९६ हजार १९ मध्ये ४ हजार ६ सय ७४ मत बदर भएको छ। जिल्लामा मतदाता शिक्षा कार्यक्रम प्रभावकारी नहुँदा बदर मतको संख्यामा उल्लेखनीय वृद्धि भएको बुझिएको छ।

## संखुवासभामा वाम गठबन्धन विजयी

संखुवासभा, (नेस)

संखुवासभा प्रदेशसभा सदस्यमा पनि वाम गठबन्धनका उम्मेदवार विजयी भएका छन्। गएराति सम्पन्न प्रदेशसभाको मतगणनामा क्षेत्र नम्बर १ तर्फ वाम गठबन्धनका माओवादी केन्द्रका उम्मेदवार पूर्णप्रसाद राई र क्षेत्र नम्बर २ बाट नेकपा एमालेका तुलसीप्रसाद गौतम विजयी भएका छन्।

प्रदेशसभा सदस्य क्षेत्र नम्बर १ मा वाम गठबन्धन माओवादी केन्द्रका पूर्णप्रसाद राईले १३ हजार ६ सय ७७ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका टंकप्रसाद राईले १४ हजार ६ सय ३२ मत प्राप्त गर्नुभएको छ।

त्यसै गरी प्रदेशसभा सदस्य क्षेत्र नम्बर २ का वाम गठबन्धनतर्फबाट नेकपा एमालेका उम्मेदवार तुलसीप्रसाद न्यौपानेले १७ हजार ५ सय १४ मत र नेपाली कांग्रेसका उम्मेदवार दीपककुमार लिम्बुले १६ हजार १ सय ४० मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत प्रकाश राउतले बताउनुभयो।

यसअघि नै जिल्लाको प्रतिनिधिसभातर्फ नेकपा एमालेका राजेन्द्र गौतमले नेपाली कांग्रेसका दीपक खड्कालाई १ हजार १ सय ३० मत अन्तरले हराएका थिए। संखुवासभा जिल्लामा चुनावी प्रतिस्पर्धामा प्रतिनिधिसभामा १ स्वतन्त्रसहित ११ जना उम्मेदवार रहेका थिए भने दुवै प्रदेशसभातर्फ ८/८ राजनैतिक दलका उम्मेदवार प्रतिस्पर्धामा उत्रेका थिए। संखुवासभा जिल्लामा ६९ हजार २ सय ४६ मत खसेको थियो ।

## कुकुरले टोक्दा बालकको मृत्यु

हेटौंडा, (नेस)

बकैया गाउँपालिकाका-१, धियाँल मोरङेका ७ वर्षीय बालकको बौलाहा कुकुरले टोक्दा मृत्यु भएको छ। मंसिर १७ गते अस्पतालबाट घर फर्कंदै गर्दा साजन थिङको मृत्यु भएको छतिवन प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर परमार्थ बस्नेतले जानकारी दिनुभयो।

बालकलाई मंसिर १७ गते नेसनल मेडिकल कलेज वीरगन्ज लगिएको थियो तर, डाक्टरले बालकलाई रेबिज भएर निकै गम्भीर अवस्थामा भएकोले घर फर्काएका थिए। त्यसको करिब आधा घण्टापछि बालकको मृत्यु भएको बस्नेतले जानकारी दिनुभयो।

बालकलाई कात्तिक १६ गते मुख वरपर कुकुरले टोकेको र उनलाई ५ डोज भ्याक्सिन लगाउनुपर्नेमा ३ डोजमात्र लगाएकोले रेबिजको संक्रमण बढेर मृत्यु भएको डाक्टर बस्नेतको अनुमान छ। स्थानीयका अनुसार बालकलाई टोक्ने कुकुरले अन्य २ जनालाई पनि टाकेको र २ वटा कुकुर मरेको छ।

बालकका परिवार तथा नजिकको सम्बन्धमा रहेका १३ जनालाई रेबिजविरुद्ध भ्याक्सिन लगाइएको र हालसम्म कसैलाई पनि रेबिजको लक्षण देखा नपरेको डा. बस्नेतले जानकारी दिनुभयो। स्थानीयलाई स्वास्थ्य केन्द्र निकै टाढाको दूरीमा परेकाले सेवा लिनबाट वञ्चित हुनुपरेको उहाँले बताउनुभयो।

## हेलिकोप्टरबाट सुत्केरीको उद्धार

**कालीबहादुर मल्ल, कालिकोट**



जिल्ला अस्पताल कालिकोटमा सुत्केरी भएकी खाँडाचक्र नगरपालिका-१ चन्द्रा शाहीको अत्यधिक रक्तश्राव भएपछि थप उपचारका लागि बुधबार बिहान हेलिकोप्टरमार्फत् काठमाडौं लगिएको छ।

मंगलबार राति अप्रेसन गरेर छोरा जन्मिएपछि शाहीको अत्यधिक रक्तश्राव भएका कारणले हेलिकोप्टरमार्फत् काठमाडौं पठाइएको जिल्ला अस्पताल कालिकोटका डा. कौशल अलीले बताए। 'अवस्था निकै जटिल थियो। राति अपसन गरेर बच्चा निकालियो', उनले भने- 'रक्तश्राव अत्याधिक भएपछि हेलिकोप्टरमार्फत् थप उपचारका काठमाडौं पठाइएको छ।'

शाहीको अवस्था गम्भीर भए पनि जन्मिएको बच्चा निकै स्वस्थ्य रहेको जिल्ला अस्पताल कालिकोटका डा. अलीले बताए।

## नुवाकोटमा ६ प्रतिशत मत बदर

नुवाकोट, (नेस)

मंसिर १० गते नुवाकोटमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा नुवाकोटमा ६ प्रतिशत मत बदर भएको छ।

नुवाकोटका दुवै निर्वाचन क्षेत्रमा गरी ८ हजार ४ सय ४० मत बदर भएको छ। जिल्ला निर्वाचन कार्यालय नुवाकोटले जनाएको छ। प्रतिनिधिसभा क्षेत्र नं. १ मा कुल १ लाख ५ हजार २ सय ८७ मतदाता रहेकोमा ६९ हजार ८ सय ६४ मत खस्दा ३ हजार ६ सय ७० मत बदर भएको निर्वाचन क्षेत्र नं १ का निर्वाचन कार्यालयका सूचना अधिकारी कृष्ण रिजालले जानकारी दिए।

त्यस्तै क्षेत्र नं. २ मा ६९ हजार ८ सय २७ मत खसेकोमा ३ हजार ६ सय ७० मत बदर भएको जनाइको छ। क्षेत्र नं. १ मा ५ दशमलव २५ प्रतिशत र क्षेत्र नं. २ मा ६ दशमलव ८३ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालय नुवाकोटले जनाएको छ।

निर्वाचनका बेला मतदाता शिक्षा प्रभावकारी नहुनु र झन्झटिलो मतपत्र भएकाले पनि बदर मतको संख्या वृद्धि भएको आम मतदाताहरूको भनाइ छ। २ प्रतिनिधिसभा र ४ प्रदेशतह रहेको नुवाकोटका सबै क्षेत्रमा वाम गठबन्धनका उम्मेदवारहरूले जित हासिल गरेका थिए।

नुवाकोट प्रतिनिधिसभा क्षेत्र नं १ मा वाम गठबन्धनका हितबहादुर तामाङले र क्षेत्र नं २ मा वाम गठबन्धनकै नारायणप्रसाद खतिवडाले फराकिलो मतान्तरमा कांग्रेसका नेता डा. रामशरण महत र अर्जुननरसिंह केसीलाई पराजित गरेका थिए।

## गाउँ पसे विजयी उम्मेदवार

**नेपाल समाचारपत्र**

दैलेख

निर्वाचनका बेला जनताका घरदैलोमा पुगेका उम्मेदवारहरू निर्वाचित भइसकेपश्चात् पुनः गाउँ पुगेका छन्। निर्वाचनमा मतदाता फकाउन गाउँ पुग्ने उम्मेदवारहरू निर्वाचन जितिसकेपछि मतदातालाई धन्यवाद दिन जनताका घरदैलोमा पुगेका छन्। दैलेखबाट प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा विजयी उम्मेदवारहरू मतदातालाई धन्यवाद दिन गाउँ पुगेका हुन्।

दैलेख क्षेत्र नं. १ बाट प्रतिनिधिसभामा निर्वाचित नेकपा एमाले दैलेखमा अध्यक्ष रविन्द्रराज शर्मा र प्रदेशसभा (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित धर्मराज रेग्मी र अम्मर थापाको टोली गाउँ पसेको हो। निर्वाचनको मत परिणाम घोषणा भएलगत्तै २ प्रतिनिधिसभा र ४ वटै प्रदेशसभाका सांसद सबै मतदातालाई धन्यवाद दिन गाउँ पसेका हुन्।

निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित एमाले दैलेखका अध्यक्षसमेत रहेका रविन्द्रराज शर्मा, प्रदेश (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित माओवादी केन्द्रका धर्मराज रेग्मी दैलेख क्षेत्र नं १ को प्रदेश (क) मा पुगेका छन्। प्रदेश (ख)बाट प्रदेशसभा सदस्यमा निर्वाचित एमालेका अम्मरबहादुर थापा भने नौमुले क्षेत्रका कार्यक्रममा व्यस्त छन्। निर्वाचन क्षेत्र नः २ बाट प्रतिनिधिसभामा निर्वाचित राजबहादुर बुढा र प्रदेश (क) बाट विजयी सुशील थापा र राजबहादुर शाहीसमेत गाउँ पसेका छन्।

एमाले र माओवादीको घोषणापत्रअनुसार आफूलाई मतदान गरेकाले पनि मतदातालाई धन्यवाद दिन गाउँ पसेको एमाले दैलेखका अध्यक्ष रविन्द्रराज शर्माले बताए।

## औषधि सेवन गर्दै एचआईभी संक्रमित

लमजुङ, (नेस)

लमजुङमा एचआईभी संक्रमित पहिचान भएका आधा जसोले मात्र औषधि सेवन गर्ने गरेका छन्। जिल्लामा एड्सको नियमित औषधि सेवन एआरभी सेवा लिनेको संख्या ८९ जना रहेको छ।

जिल्लामा एचआईभी पहिचान हुनेको संख्या २ सय भए तापनि आधाजसोले मात्र औषधि सेवन गरिहेका छन्। जिल्लामा एचआईभी संक्रमित पहिचान भएकामध्ये ८९ जनाले नियमितरूपमा त्यसको औषधि एआरभी सेवन गरिरहेको सोही कार्यालयका एचआईभीका स्रोत व्यक्ति अमर दवाडीले बताउनुभयो। उहाँका अनुसार तीमध्ये ४४ जना वयस्क पुरुष ३४ जना वयस्क महिला तथा ९ जना बालक र ६ जना बालिका रहेका छन्।

उहाँका अनुसार एचआईभी पहिचान हुनासाथ अनिवार्य औषधि सेवन गर्नुपर्ने नियम यसै आर्थिक वर्षबाट मात्र शुरू भएको हुँदा पहिले पहिचान भएकाहरू र केही अन्य जिल्लामा पायक पर्नेहरूले वा आफ्नो जिल्लामा आएर औषधि सेवन गर्दा पहिचान खुल्ने डरका कारणले पनि कतिले बाहिरी जिल्लाबाट औषधि सेवन गर्ने गरेको पाइएको दवाडीले बताउनुभयो। उहाँका अनुसार बाहिर जिल्लाबाट के कतिले औषधि सेवन गर्दछन् भन्ने रेकर्ड भने प्राप्त नभएको बताउनुभयो।

यसअघि जिल्लामा एचआईभी संक्रमित पहिचान भएका व्यक्तिको संख्या १८४ रहेको थियो। अब त्यो संख्या बढेर २ सय पुगेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो। उहाँका अनुसार संक्रमितमध्ये १३ जनाको मृत्यु भइसकेको छ। यतिबेला जिल्लामा एचआईभीको पहिचान खुलेका जीवित व्यक्तिहरूको संख्या १ सय ८७ रहेको चापागाईंले जानकारी दिनुभयो।

## विजेताको समृद्ध रुकुम बनाउने अठोट

रुकुम, (नेस)

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भारी मतका साथ विजय भएपछि नवनिर्वाचित प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरू यतिबेला गाउँ-गाउँमा मतदातालाई धन्यवाद दिनमा व्यस्त रहेका छन्। प्रतिनिधिसभातर्फ एक निर्वाचन क्षेत्र र प्रदेशसभातर्फ २ निर्वाचन क्षेत्र रहेको रुकुम पश्चिममा वाम गठबन्धनको साझा उम्मेदवारका रूपमा नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्मा प्रतिनिधिसभा र रातो कामी प्रदेशसभा क्षेत्र नं १ तथा गोपाल शर्मा प्रदेशसभा क्षेत्र नं २ बाट विजयी हुनुभएको छ।

एमाले र माआवादी केन्द्रको गठबन्धन भएपछि माओवादी केन्द्रका उम्मेदवारलाई जिताउनका लागि सँगै रहेका एमालेका नेताहरू पनि आफ्ना उम्मेदवारलाई विजयी बनाएकोमा धन्यवाद दिन गाउँ-गाउँ पुगेका छन्। दुवै पार्टीका नेता संयुक्त रूपमा मतदातालाई धन्यवाद दिन गाउँ पसेका हुन्। विजयी सांसदहरूले रुकुमको विकासका लागि सबै पक्षलाई समेटेर लिने नेकपा एमालेका जिल्ला अध्यक्ष विमलकुमार पुनले बताउनुभयो। मतदातासामु मत माग्दा गरेका वाचालाई पूरा गर्न आफूहरू तयार रहेको नवनिर्वाचित सांसदहरूको प्रतिबद्धता छ।

माओवादी केन्द्रका जिल्लास्तरका प्रभावशाली नेतासमेत रहेका प्रदेभसभा क्षेत्र नं १ का सांसद रातो कामीले निर्वाचन क्षेत्र नं १ का जनताका आदेशअनुसार मात्र अगाडि बढ्ने बताउनुभयो। सबैभन्दा ठूला जनता भएकाले जनताको आदेशभन्दा बाहिर जान नसकिने उहाँको भनाइ छ। यस्तै प्रदेशसभा क्षेत्र नं २ का सांसद गोपाल शर्माले आफूलाई मत हालेकालाई मात्र होइन नहाल्ने मतदातालाई समेत धन्यवाद दिँदै सबैको भावनाको कदर गर्ने बताउनुभयो।

भुलवशः तथा केही कुरामा चित्त नबुझेकाले आफूलाई मत नहालेको भए पनि आफ्नो लागि सबै रुकुमका जनता बराबर भएकोले सबैलाई सम्बोधन गर्ने उहाँको प्रतिबद्धता छ। प्रतिनिधिसभातर्फका सांसद जनार्दन शर्माले रुकुम पश्चिमको समग्र विकासका साथै संविधान कार्यान्वन गरी देशलाई समृद्ध बनाउने अभियानमा आफू खट्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। 'समृद्ध रुकुम बनाउने अभियानमा दिनरात खटिन्छु', उहाँले भन्नुभयो- 'त्यसका लागि तपाईंहरूको साथ चाहिन्छ।'

देशमा शान्ति अमनचयन एवं सुशासन कायम गर्नका लागि आफू तयार रहेको शर्माको भनाइ छ। रुकुम पश्चिमका धेरै विकटबस्तीमा अझै पनि टेलिफोन, सडक यातायात तथा खानेपानीको समस्या छ। नवनिर्वाचित जनप्रतिनिधिहरूले स्थानीय सरकारसँग समन्वय गरी ती बस्तीका समस्यालाई समाधान गर्नु पहिलो नमुना काम हुनेछ।

## पर्सामा मधेसवादी गठबन्धनको वर्चस्व

**कृष्णउदास खनाल, वीरगन्ज**



मधेस आन्दोलनको समयमा केन्द्रविन्दु बनेको पर्साको सदरमुकाम वीरगन्जसहित सबै चारवटै प्रतिनिधिसभामा मधेसवादी दलहरूले वर्चस्व जमाउन सफल भएका छन्।

नेपाली कांग्रेस र एमालेका पूर्वसांसद तथा मन्त्रीसमेतलाई पराजित गर्दै एक जनाबाहेक सबै नयाँ अनुहारले पर्सामा विजय हासिल गरेका छन्। चारवटै निर्वाचन क्षेत्रमा मधेसवादी दलहरूका उम्मेदवारहरूले विजय हासिल गरेका हुन्। पर्सामा क्षेत्र नम्बर १ र २ मा नेपाली कांग्रेसले आफू आउने दाबी गरेको थियो भने क्षेत्र नम्बर २ र ४ मा भने वाम गठबन्धनहरूको दाबी थियो । यद्यपि यी सबै दाबीलाई समेत पराजित गर्दै पर्साको प्रतिनिधिसभातर्फको सबै निर्वाचन क्षेत्रमा मधेसवादी दलको गठबन्धनले विजय हासिल गरेको छ।

उद्योगीसमेत रहेको र पहिला समानुपातिकतर्फबाट सांसद बनेका अनिल रुंगटालाई पर्साको क्षेत्र नम्बर १ बाट फोरम राजपा गठबन्धनका तर्फबाट उम्मेदवार बनेका फोरम नेपालका जिल्ला अध्यक्षसमेत रहेका प्रदीप यादवले पराजित गरेका छन्। यादवले झण्डै साढे ४ हजार मत अन्तरले रुंगटालाई पराजित गरेका हुन्। स्थानीय चुनावमा पनि वीरगन्जको मेयरमा भने फोरमकै उम्मेदवार विजयी भए पनि उपमेयरमा कांग्रेसकी शान्ति कार्की विजयी भएकाले कांग्रेसजनमा १ नम्बर क्षेत्र आफ्नो पोल्टामा पर्ने आश रहेको थियो। प्रदीप यादव पहिलो पटक सांसद बनेका हुन्।

यसरी नै क्षेत्र नम्बर २ मा पनि फोरम र राजपा गठबन्धनका तर्फबाट उम्मेदवार बनेका विमल श्रीवास्तव विजयी भएका छन्। पटक-पटक पार्टी परिवर्तन गरेको आरोप खेपेका श्रीवास्तवले अन्ततः नेपाली कांग्रेसका पूर्वमन्त्री र सांसदसमेत रहेका अजय चौरसियालाई झण्डै ६ हजार मतले पराजित गरेका हुन्। स्थानीय तहको चुनावमा राजपाका तर्फबाट वीरगन्ज महानगरपालिकाको मेयरमा उठेका उनी उत्तिमेला भने पाँचौं नम्बरमा परेका थिए। शुरूमा फोरम लोकतान्त्रिकमा रहेको श्रीवास्तव सो पार्टीले मेयर पदमा टिकट नदिएपछि राजपा भएका थिए र राजपाबाट पनि पराजित भएपछि फोरम नेपालमा प्रवेश गरेका थिए। उनी वीरगन्जको मेयर पदमा पटक-पटक गरी ४ पटक भने विजयी भएका व्यक्ति हुन्। उनी पनि पहिलो पटक सांसद बनेका हुन्।

पर्साको क्षेत्र नम्बर ३ मा पनि फोरमका उम्मेदवार हरिनारायण रौनियारले विजय हासिल गरेका छन्। ठेकेदारसमेत रहेका रौनियारले नेपाली कांग्रेसका पूर्वजिल्ला सभापति एवं पूर्वमन्त्रीसमेत रहेका सुरेन्द्र चौधरीलाई करिब २ हजार मत अन्तरले पराजित गरेका हुन्।

उनी पनि पहिलो पटक संसद् भवनमा छिर्दैछन्। पर्साको क्षेत्र नम्बर ४ मा भने पहिला मन्त्रीसमेत बनेका राजपाका नेता लक्ष्मणलाल कर्ण विजयी भएका छन्। नेपाली कांग्रेसका अनुशासन समितिका सदस्य रमेश रिजाललाई ४ हजार मतको अन्तरले पराजित गरेका हुन्। २०७० सालमा त्यही निर्वाचन क्षेत्रबाट विजयी बनेका रिजाललाई यस पटक भने त्यस क्षेत्रका जनताले पराजित गरिदिएका हुन्।

## सुदूरका हिमाली जिल्लामा हिमपात

डोटी, (नेस)

सुदूरपश्चिमका हिमाली जिल्लामा मंगलबारदेखि हिमपात शुरू भएको छ। हिमपातका कारण यहाँको जनजीवन निकै कष्टकर बन्दै गएको छ। हिमपातसँगै हल्का वर्षात् पनि भएकाले किसानहरू हिउँदेबाली सप्रिनेमा निकै खुसी भएका छन्। यहाँका हिमाली जिल्ला बझाङ, बैतडी, दार्चुला, बाजुरा तथा डोटीका उच्च लेकाली भेगमा हिमपात भएसँगै एकाएक चिसो बढेको छ।

चिसोका कारण वृद्धवृद्धा तथा स-साना केटाकेटीमा समस्या पर्न थालेको बग्लेका स्थानीयवासी दीपक साउदले बताउनुभयो। यस्तै बझाङ, दार्चुला र डोटी जिल्लामा पनि सोमबार रातिबाट पानी पर्न शुरू भएसँगै मंगलबार बिहानदेखि लेकाली भेगमा हिमपात शुरू भएको हो। वर्षासँगै डोटीको खप्तड आसपासको क्षेत्रमा पनि बाक्लो हिमपात भएको छ। हिमपातले कठ्याङ्ग्रिने चिसो बढे पनि हिउँदेखेती सप्रिनेमा भने किसान खुसी भएका छन्।

आफ्नो खेतको उब्जनीले वर्षभरि खाना नपुग्ने पहाडी तथा हिमाली जिल्लाका पुरुषहरु सपरिवार रोजगारका लागि भारत जाने गरेका बेला पछिल्ला दिनमा महिलाहरू वैदेशिक रोजगारमा जान थालेका हुन्।

## नेपाल

# वैदेशिक रोजगारमा जाने महिला बढे

कुमार श्रेष्ठ, बाँके

मौसमी कामका लागि श्रीमान्सँग भारत जाने पहाडी जिल्लाका महिला वैदेशिक रोजगारका लागि खाडीमुलुक जान थालेका छन्।

६ नम्बर प्रदेशका पहाडी तथा हिमाली जिल्लाका महिला पनि पछिल्ला दिनमा दलालको प्रलोभनमा परेर जोखिमपूर्ण तरिकाले भारत हुँदै खाडी जान थालेका हुन्। जाजरकोट, रुकुम, रोल्पा, दैलेख, सल्यान, प्युठान, जुम्ला, मुगु जिल्लाका महिलाहरू खाडी जान थालेका हुन्।

भारत हुँदै खाडीमुलुकमा महिलालाई वैदेशिक रोजगारमा पठाउने व्यक्तिले पहाडी जिल्लाहरूमा पनि एजेन्ट परिचालन गरेपछि त्यहाँबाट खाडीमुलुक जाने महिला बढेका हुन्। मानव बेचविखन तथा ओसारपसारविरुद्ध काम गर्ने माइती नेपाल, नेपालगन्जका संयोजक केशव कोइरालाले वैदेशिक रोजगारमा नजाने पहाडी तथा हिमाली जिल्लाका महिलाहरू पछिल्ला दिनमा जोखिमपूर्ण यात्रामा निस्केको बताउनुभयो। 'मौसमी कामका लागि श्रीमान्सँग भारत जान्थे। अहिले दलालको पछि लागेर खाडीमुलुक जान थालेका छन्', कोइरालाले भन्नुभयो- 'अहिले पहाडी तथा हिमाली जिल्लाबाट पनि वैदेशिक रोजगारमा गएर हराएका धेरै निवेदन आउन थालेका छन्।'

साउनदेखि कात्तिक १५ गतेसम्ममा वैदेशिक रोजगारका लागि घरबाट हिडेका ३ सय ३९ जना महिलालाई नेपालगन्ज नाकाबाट फिर्ता गरिएको छ। उनीहरू रोजगारका लागि भारत र खाडीमुलुक जाँदै थिए। नेपालगन्ज नाकाबाट वैदेशिक रोजगारका लागि भारत हुँदै जान थालेका मासिक सय बढी महिलाहरूलाई प्रहरी र माइती नेपालले रोकेर फिर्ता पठाउने गर्दछ।

चार महिनाको अवधिमा २ सय ८५ वटा खोजतलासका निवेदन आएको छ। दलालको फन्दामा परेर घरबाट सल्लाहअनुसार वैदेशिक रोजगारमा निस्के पनि लामो समयसम्म फोन सम्पर्क नभएपछि घरपरिवारले प्रहरी र मानव बेचविखन तथा ओसारपसारविरुद्ध काम गर्ने संघसंस्थामा खोजतलासका लागि निवेदन दिने गरेको पाइन्छ। बाँकेमा वर्षेनी यस्ता निवेदनको संख्या बढ्दै गएको छ। आर्थिक वर्ष २०७३/०७४ मा यस्ता निवेदन ७ सय ८० वटा थिए।

पहाडी तथा हिमाली जिल्लाबाट खोजतलासका निवेदन अधिक आएका छन्। गतवर्ष सल्यानमा ५०, जाजरकोटमा ४९, दैलेखमा ३२, रुकुममा २९, जुम्ला र रोल्पामा ११/११, कालिकोटमा ९, मुगुमा ५, प्युठानमा ४ र हुम्लामा ३ जना थिए। यो वर्ष सल्यानका ४२, रोल्पाका ३८, रुकुमका ६२, जाजरकोटका २९, दैलेख ३८, प्युठान १२, कालिकोट ९ र डोल्पाका २ जना महिलालाई नेपालगन्ज नाकाबाट फिर्ता गरिएको थियो।

वैदेशिक रोजगारका लागि १८ वर्षमुनिका किशोरीहरू पहिलो रोजाइमा पर्ने गरेका छन्। गतवर्ष १८ वर्ष मुनिका २ सय ७९, १६ वर्षमुनिका १ सय ४७ र १८ वर्षमाथिका ३ सय ५४ जना महिलाको खोजतलासको निवेदन आएको थियो।

दशैंतिहार र चुनावले गर्दा वैदेशिक रोजगारमा जानेको संख्या अलिकति घटेको देखिन्छ। मासिक सय बढीलाई नाकाबाट घर फिर्ता गरे पनि छोटी नाका तथा भीडभाडमा भारत तथा भारत हुँदै खाडीमुलुकमा वैदेशिक रोजगारका लागि महिलाको संख्या अधिक रहेको छ।

आफ्नो खेतको उब्जनीले वर्षभरि खाना नपुग्ने पहाडी तथा हिमाली जिल्लाका पुरुषहरू सपरिवार रोजगारका लागि भारत जाने गरेका बेला पछिल्ला दिनमा महिलाहरू वैदेशिक रोजगारमा जान थालेका हुन्। पहाडी तथा हिमाली जिल्लामा श्रीमान्-श्रीमती नै वैदेशिक रोजगारका लागि जानेक्रम बढ्न थालेको सम्बद्धहरू बताउँछन्। राम्रो काम र दामको लोभ देखाउँदै दलालले पहाडी तथा हिमाली जिल्लाका महिलालाई पनि वैदेशिक रोजगारतिर आकर्षित गरिरहेका छन्। नेपालबाट नभई भारत हुँदै खाडीमुलुक पठाउनाले वैदेशिक रोजगारमा जानेहरू जोखिममा पर्ने गरेका छन्। वैदेशिक रोजगारमा गएर पैसा कमाएर आएकाहरूको देखासिकीले गर्दा भारत हुँदै जोखिम मोलेर जानेहरूको संख्या बढ्दो रहेको छ।

वैदेशिक रोजगारका लागि खाडीमुलुक जानेमा बाँके, बर्दिया, दाङ, सुर्खेत जिल्ला अगाडि आउँछन्। पूर्वी नेपालका पहाडी जिल्लाबाट पनि नेपालगन्ज नाका हुँदै खाडीमुलुक जाने गरेको पाइन्छ। यद्यपि, यो नाकामा प्रहरी र मानव बेचविखनविरुद्ध काम गर्ने संघसंस्थाले कडाइ गर्दै आएका छन्।

## सेनाको तालिम विद्यार्थीलाई

बैतडी, (नेस)

बैतडीका दुई विद्यालयका विद्यार्थी नेपाली सेनाले दिइरहेको १ सय दिनको राष्ट्रिय सेवा दल(एनसीसी) तालिममा सहभागी भएका छन्। दशरथचन्द नगरपालिका ८ मा रहेको जगदम्बा मावि, रानीबुद्दा र दशरथचन्द नगरपालिका ५ मा रहेको दशरथचन्द मावि, सुन्दरखालीका ७२ छात्रछात्रा उक्त तालिममा सहभागी रहेका छन्।

प्रारम्भिक चरणमा दुवै विद्यालयका ३६/३६ जना छात्रछात्रा छनोट गरी ७९ दिनको संस्थागत तालिम र त्यसपश्चात् वार्षिक सामूहिक क्याम्प तथा अन्तिम चरणको २१ दिनको तालिम दिइने शत्रुमर्दन गुल्म बैतडीका गुल्मपति सेनानी सुदीप बानियाँले जानकारी दिनुभयो।

**बिराटनगर जुट मिल्स लिमिटेडको ५८ औं बार्षिक साधारण सभाको सूचना**

(प्रथम पटक प्रकाशित)

यस बिराटनगर जुट मिल्स लिमिटेडको मिति २०७४/०८/२६ को संचालक समिति बैठकको निर्णयानुसार ५८ औं बार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषय उपर छलफल गर्ने गरि तय भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**मिति, समय तथा स्थान**

**मिति : २०७४/०९/१९ गते बुधबार**
**समय : विहान ११ : ०० वजे**
**स्थान : होटल हिमालय कुपण्डोल, ललितपुर ।**

**साधारण सभामा छलफल गरिने विषयहरु :-**

क) अध्यक्ष द्वारा प्रस्तुत गरिने वार्षिक प्रगति प्रतिवेदनमा छलफल गरि अनुमोदन गर्ने ।
(ख) आ.व. ०७३/७४को वार्षिक आय व्यय विवरण (Audit Report) पारित सम्बन्धमा ।
(ग) आ.व. ०७४/०७५ को लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
(घ) विविध ।

**नीलहरि काफ्ले**
**प्रबन्ध निर्देशक**
**विराटनगर जुट मिल्स लिमिटेड**

## समानुपातिकतर्फ एमाले पहिलो

गुल्मी, (नेस)

मंसिर २१ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचको प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना गुल्मीमा सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत रामप्रसाद न्यौपानेले जानकारी दिए। दुई निर्वाचन क्षेत्र रहेको गुल्मीमा ४ प्रदेशसभा क्षेत्रमा प्रत्यक्षतर्फ सबै सिटमा वाम गठबन्धनले जितेको थियो। समानुपातिकमा पनि वाम गठबन्धन नै अग्र स्थानमा रहेको छ। जिल्लाबाट एमाले पहिलो, नेपाली कांग्रेस दोस्रो र माओवादी तेस्रो बनेका छन्।

जिल्लाबाट एमालेले कुल ६० हजार ६२ मत ल्याएर पहिलो बनेको छ। नेपाली कांग्रेसले कुल ४५ हजार ५ सय ४४ मत ल्याएको छ। माओवादीले ९ हजार ३ सय ८० मत ल्याएको छ। एमालेले क्षेत्र नं. १ मा ३१ हजार ६ सय ३७ मत ल्याएको छ। नेपाली कांग्रेसले २७ हजार २ सय ८८ मत ल्याएको छ भने माओवादीले ५ हजार २ सय ४४ मत ल्याएको छ।

उक्त क्षेत्रमा चौथो शक्तिमा विवेकशील साझा पार्टी बनेको छ। उक्त पार्टीले ११ सय ४४ मत ल्याएको छ। पाँचौं शक्तिमा राष्ट्रिय जनमोर्चा बनेको छ। उक्त दलले ११ सय ४० मत ल्याएको छ।

## दोलखामा पनि एमाले पहिलो

दोलखा, (नेस) । दोलखा जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचको समानुपातिकतर्फको मतगणना पनि सकिएको छ। समानुपातिकतर्फ एमाले पहिलो, नेपाली कांग्रेस दोस्रो र माओवादी केन्द्र तेस्रो भएका छन्।

प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा एमालेको सूर्य चिह्नमा ३८ हजार ४७, नेपाली कांग्रेसको रूख चिह्नमा २४ हजार ४७ र माओवादी केन्द्रको गोलाकारभित्रको हसिया हथौडामा १८ हजार ८ सय २ मत प्राप्त भएको मुख्य निर्वाचन अधिकृत प्रकाशकुमार काफ्लेले जानकारी दिनुभयो।

त्यसै गरी प्रदेशसभातर्फ नेकपा एमालेको सूर्य चिह्नमा ३७ हजार ८ सय ३०, नेपाली कांग्रेसको रूख चिह्नमा २३ हजार ६ र माओवादी केन्द्रको गोलाकारभित्रको हसिया हथौडामा १९ हजार १ सय ११ मत प्राप्त भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखाले जनाएको छ।

## नगरप्रमुख हुँदै सांसद

दैलेख, (नेस)

मंसिर २१ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको अन्तिम मत परिणामअनुसार दैलेख निर्वाचन क्षेत्र नं. १ बाट रविन्द्रराज शर्मा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। नेकपा एमाले दैलेखका जिल्ला अध्यक्षसमेत रहेका शर्मा यस पटक नेकपा एमाले र माओवादी केन्द्रको संयुक्त वाम गठबन्धनका तर्फबाट क्षेत्र नं. १ मा प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बनेका थिए।

उनले २०४६ मा नेकपा मालेको नेपालगन्ज नगर संगठन कार्यदलको सदस्यको जिम्मेवारी पूरा गरेका थिए। शर्माले २०४७ मा नेकपा मालेको संस्थापक सचिव भएर काम गरे। उनले माले र मार्क्सवादी एकीकरणपछि बनेको नेकपा एमालेको पनि पार्टी सचिवका रूपमा राजनीतिक जिम्मेवारी पूरा गरेका थिए।

उनी २०५२ मा नेमकिपाको जिल्ला कार्यसमितिलाई एमालेमा समाहित गराउने प्रणेताका रूपमा परिचित छन्। २०४८ र २०५१ को संसदीय निर्वाचनमा नेकपा एमालेको तर्फबाट दैलेख-१ को प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका शर्मा २०५४ को स्थानीय निर्वाचनमा नारायण नगरपालिकाको नगरप्रमुखमा निर्वाचित भएका थिए। २०५४ मा दैलेखको नारायण नगरपालिकाको नगरप्रमुख रहेका शर्मा २० वर्षपछि सांसदको यात्रा तय गरेका छन्। शर्मा २०७१ मा नेकपा एमाले जिल्ला कमिटी दैलेखको अध्यक्षमा निर्वाचित भएका थिए। शर्माले नेपाली कांग्रेस र राप्रपाको लोकतान्त्रिक गठबन्धनका राप्रपाका दीपककुमार शाहीलाई ६ हजार ७ सय २१ मतको फराकिलो मतान्तरले पराजित गरेका थिए। शर्माले २३ हजार ७ सय ७३ मत प्राप्त गरेका थिए भने निकटतम प्रतिद्वन्द्वी राप्रपाका दीपककुमार शाहीले १७ हजार २ सय ५२ मत पाएका थिए। दैलेख निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित शर्माले मतदाताका बीचमा गरिएका सम्पूर्ण प्रतिबद्धता पूरा गर्ने बताए।

**हार्दिक श्रद्धाञ्जली**

जन्म: २००२/०३/२१



स्वर्गारोहण: २०७४/०८/१५

**स्व. भोला प्रसाद चौधरी**

यस मुनलाइट माध्यमिक विद्यालयका इन्चार्ज तथा नेस्फिल्ड एजुकेशन फाउण्डेशन प्रा.लि. को संस्थापक सदस्य श्री राजिब कुमार चौधरीका पूज्य पिताज्यू श्री भोला प्रसाद चौधरीको ७३ वर्षको उमेरमा दुःखद निधन भएको १३औं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलीका साथ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।

**मुनलाइट माध्यमिक विद्यालय परिवार**
कुमारीपाटी, ललितपुर
तथा
**नेस्फिल्ड एजुकेशन फाउण्डेशन प्रा. लि. परिवार**
लगनखेल, ललितपुर

**हार्दिक श्रद्धाञ्जली**

जन्म: २००२/०३/२१



स्वर्गारोहण: २०७४/०८/१५

**स्व. भोला प्रसाद चौधरी**

यस सेवक बचत तथा ऋण सहकारी संस्था लि. का संचालक समितिका उपाध्यक्ष श्री राजिव कुमार चौधरीका पूज्य पिताज्यू श्री भोला प्रसाद चौधरीको ७३ वर्षको उमेरमा दुःखद निधन भएको १३औं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलीका साथ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।

**सेवक बचत तथा ऋण सहकारी संस्था लि.**
प्रयागपोखरी, ललितपुर

Government of Nepal
**Ministry of Irrigation**
**Department of Irrigation**
**Western Regional Irrigation Directorate**

**Irrigation Development Sub Division, Parbat**

**INVITATION FOR BIDS**

First Date of Publication: **13 Dec. 2017**

Loan No. 3124 NEP (SF) Community-Managed Irrigated Agriculture Sector Project -Additional Financing (CMIASP- AF)

Contract No. and Title: CMIASP-AF/AMIS/IDSD-Parbat/NCB-01.1 Strengthening of Headworks & Phalebas Branch Canal Construction and CMIASP-AF/AMIS/IDSD-Parbat/NCB-01.2 Construction of Main Canal, Matedewal Branch Canal & Related Structures

Name of the Project : Phalebas Irrigation sub-Project
Deadline for Bid Purchase: **11 Jan. 2018, till the office hour**
Deadline for Submission of Bids**: 12 Jan. 2018 at 12:00 noon**

1. Nepal has received a loan from the Asian Development Bank (ADB) towards the cost of Community-Managed Irrigated Agriculture Sector Project -Additional Financing (CMIASP- AF). Part of the loan will be used for payments under the Contract named above. Bidding is open to all bidders from eligible source countries of the ADB.
2. The Irrigation Development Division, Parbat , hereinafter "IDSD, Parbat ", invites sealed bids from all eligible bidders for the construction and completion of Phalebas Irrigation sub-Project. ADB's Single-Stage, Two-Envelope bidding procedure following National Competitive Bidding (NCB) shall be used for the procurement of this contract.
3. Under the Single-Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision included in ITB 21 of the Bid Document.
4. Bidders are required to specify the Total Price of the Bid in the Letter of Price Bid and the Priced Bill of Quantities (BOQ). These forms are to be in the envelope containing the price proposal. Failure to specify the Total Price of the Bid in the Letter of Price Bid or the Priced Bill of Quantities (BOQ) shall be ground for declaring the Bid nonresponsive.
5. The Bidder must satisfy the following Key Qualifying Criteria for the qualification of Bid:
   **(i) Historical Financial Performance**: Submission of Audited Balance Sheet and Income Statements for the Last Five Years to demonstrate the current soundness of the applicant's financial position. As a minimum, a Bidder's Net Worth shall be Positive. **(As per 2.3.1 of Sec 3 of Bid Document)**
   **(ii) Average Annual Construction Turnover**: Minimum average annual construction turnover of NPR: (as mentioned in "The Work" below) calculated as the average of the Best Three (3) Years' total certified payments received for contracts in progress or completed, within the last Five (5) Years. **(As per 2.3.2 of Sec 3 of Bid Document)**
   **(iii) Financial Resources Requirement**: As a minimum, the Bidder must show that his financial resources, in terms of at least Last Year's working capital and lines of credit, will be adequate to cover his Bid Price and current work commitments. **(As per 2.3.3 of Sec 3 of Bid Document)**
   **(iv) Contracts of Similar Size and Nature (Specific Construction Experience)**: Bidder's participation as contractor, management contractor, or subcontractor, in at least one contract within the last Five (05) years with a value of at least NPR (as mentioned "The work" below) that have been successfully completed and that are similar to the proposed works. **(As per 2.4.1 of Sec 3 of Bid Document)**
6. For further information and inspection of Bid Documents, the Bidders should contact:
   IDSD, Parbat, Telephone: 067-420175, Fax: 067-420175
7. Eligible Bidders can purchase the Bid Documents from:
   IDSD, Parbat by producing their Bidder's registration and Tax Clearance Certificates up to Nepalese F/Y 2072-73, until the office hours of **11 Jan. 2018** and paying a non-refundable fee as mentioned below in ("The Work").
   The Bidders in the form of Joint Venture (JV) can also take part in the biding process. The qualifying criteria for each partner shall be as per the provision of the bidding document.
8. Bids shall be delivered:
   To IDSD, Parbat on or before the deadline: **12 Jan. 2018 at 12.00 Noon** together with a Bid Security as mentioned below in "The Work" in the form of bank voucher deposited in the Account Number of District Treasury Controllers Office, Parbat: **3-3233 at Nepal Bank Ltd., Kushma Branch, Parbat ; Office Code No. 48-357-01** (of IDSD, Parbat) or Bank Guarantee from a Class-A Commercial Bank in Nepal drawn in favor of the IDSD, Parbat in the format supplied in the bid document or the form acceptable to the IDSD, Parbat . Bids shall be valid for a period of 90 days from the last date of submission of bids. Bid Security shall have a validity period of at least 120 days from the last date of submission of bids**. A Pre-bid Meeting** shall be held at IDSD, Parbat **on 2 Jan. 2018 (Poush 18, 2074) at 11:00 AM.**
9. Technical Bids will be opened on **12 Jan. 2018 at 12.30 PM** in the presence of bidders representatives who choose to attend.
10. After the completion of evaluation of Technical Bid, substantially responsive evaluated bidders will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in the national daily.
11. If the last date of purchase, submission, and opening of Bid Documents falls on a government holiday, then it shall be extended to the respective next working day.
12. The bidders who choose to bid both the package should meet the combined qualification criteria as mentioned in the bid documents.
13. The Employer reserves the right to accept or reject wholly or partly any or all of the bids without assigning any reason whatsoever.
14. **"The Work"**

| S. No. | Contract No. | Average Annual Construction Turnover (NRs.) | Specific Construction Experience (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | CMIASP-AF/AMIS/IDSD-Parbat /NCB-01.1 | 33.86 millions | 16.93 millions | 628,000 | 5,000.00 |
| 2 | CMIASP-AF/AMIS/IDSD-Parbat /NCB-01.2 | 35.15 millions | 17.58 millions | 652,000 | 5,000.00 |

**Sub-Division Chief**

# विश्व

**हानीकारक**

भारतका पुर्व प्रधानमन्त्री जवाहरलाल नेहरू ब्रिटिस ओभरसिज एयरवेज कर्पोरेसनको पहिलो हवाई उडानमा बेलायतको उप उच्चायुक्तकी पत्नी सिमोनको चुरोट सल्काउँदै।



**आगलागी**

चीनको सिचुआन प्रान्तमा आगलागीमा जलिरहेको १५ तल्ले काठको प्यागोडा अगाडी प्रार्थना गर्दै एक स्थानिय। एसियाकै सबैभन्दा अग्लो प्यागोडा उक्त आगलागीबाट ध्वस्त भएको छ।





## विश्व २ मिनेट

### भारत

## चुम्बन प्रतियोगिता विवाद

राँची, (एजेन्सी)

भारतको झारखण्डको पाकुड जिलामा परम्परागत ग्रामिण मेलामा आदिवासी दम्पतीहरूबीच चुम्बन प्रतियोगिता आयोजना गरेकोमा झारखन्ड मुक्ती मोर्चाका दुई विधायक विधायक विवादमा फसेका छन्। राज्यका सत्तारुढ भाजपाले ती दुई विधायकलाई निलम्बन गर्न माग गरेका छन्। उनीहरूमाथि स्थानिय संस्कृतिको अपमान गरेको आरोप लागेको छ। प्रतियोगिताका आयोजक जेएमएम विधायक साइमन मरान्डीले आदिवासी समाजमा बढ्दो सम्बन्ध विच्छेडको घटनालाई रोक्न चुम्बन प्रतियोगिताको आयोजना गरिएको बताए। साइमन संथाल परगनाको लिट्टिपाराका विधायक हुन्।

### अमेरिका

## बंगलादेशी पक्राउ

न्युयोर्क, (एजेन्सी)

न्युयोर्क सिटीको मुख्य बस टर्मिनलमा सोमबार विहान कट्टरपन्थी हमला प्रयासको घटनामा एक बंगलादेशी संदिग्धलाई हिरासतमा लिइएको छ। ती बंगलादेश आप्रवासी संदिग्धको नाम अकायद उल्लाह भएको र उनी २७ बर्षको भएको अधिकारीहरूले बताए। उल्लाहले आफनो सरीरमा विस्फोटक उपकरण बाँधेर राखेको र त्यसबाट उनी घाइते भएको अधिकारीहरूले बताए। एक भुमिगत मार्गमा भएको विस्फोटमा ४ जना सामान्य घाइते भएका थिए। न्युयोर्क सिटीका मेयर डि ब्लासियोले यस घटनापछि ... कट्टरपन्थीको जित नुहने... बताएका थिए। उनले उक्त आक्रमणमा एक जना मात्र आक्रमणकारी भएको पनि बताएका थिए।

### चीन

## विशाल प्यागोडा नष्ट

बेइजिंग, (एजेन्सी)

एसियाकै सबैभन्दा अग्लो मानिएको एउटा प्यागोडा जलेर नष्ट भएको छ। चीनको सिचुआन प्रान्त स्थित पन्ध्र तल्ले उक्त काठको प्यागोडा आगलागिमा परेपछि ढलेको प्रहरीले जनाएको छ। उब्त आगलागिमा सो प्यागोडाको परिसरमै रहेका दुईवटा हलपनि नष्ट भएको जनाइएको छ। सन् २००८ मा सो प्यागोडा भुकम्पबाट क्षतिग्रस्त भएको थियो। पुनर्निर्माणको प्रक्रियामा रहेकै अवस्थामा यसमा आगो लागेको हो। यसको पहिलो निर्माण सोह्रौं शताब्दिमा भएको थियो। प्रत्यक्षदर्शीहरूले एउटा हलबाट शुरूभएको आगो पछि दुईवटा भवनमा फैलिएको बताएका छन्।

### अष्ट्रिया

## कारखानामा दुर्घटना

भियना, (एजेन्सी)

पुर्वी अष्ट्रियाको प्राकृतिक ग्याँस उत्पादन क्षेत्रमा भएको एक शक्तिशाली विस्फोट र आगलागिमा एक व्यक्तिको मृत्यु हुनुका साथै अन्य अठारजना घाइते भएको मंगलवार प्रहरीले जनाएको छ। स्लोभाकियाको सिमाना नजिकको राजधानी भियना देखि पुर्वमा पर्ने बाउमागार्टेन स्थित ग्याँस कारखानामा सो दुर्घटना भएका हो। आगलागि भइपछि विस्फोटका आवाजहरू सुनिएको थियो। टिवटर मार्फत अष्ट्रियन प्रहरीले प्राविधिक गडबडीको कारण शुरूभएको सो आगलागिी नियन्त्रणमा आइसकेको जनाएको छ। अहिले रसियाबाट आउने ग्यासमा कमि आएकाले युरोपमा यसको मुल्य बढेको छ।

# युरोपेली संघद्वारा जेरूसलमलाई इजरायली राजधानी मान्न अस्विकार

ब्रसेल्स (एजेन्सी)

युरोपेली संघका विदेश निति प्रमुख फ्रेडरिका मोगेरिनीले अन्तिम रूपमा शान्ति सम्झौता नभएसम्म इयु सदस्यले जेरुसलमलाई इजरायली राजधानी नमान्ने बताएकी छिन्।

युरोपेली संघको विदेश निति प्रमुखले उक्त कुरा इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुसँगको भेटवार्ता पछि बताएकी हुन्। नेतान्याहुले युरोपेली संघ यस मामिलामा अमेरिकी निति नै अवलम्बन गरुन भन्ने चाहेका छन्।

विदेश मामिला प्रमुख फ्रेडरिका मोगेरिनोले ब्रसेल्समा नेतान्याहुसँगको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा युरोपेली संघले जेरुसलमको मुद्दामा अन्तराष्टिय सहमतिलाई मान्यता दिन जारी राख्ने बताइन्। उनले भने-दुई पक्षबीच सिधा वार्ताको माध्यमबाट अन्तिम सहमति नबनेसम्म युरोपेली संघ र उसका सदस्य अन्तराष्टिय सहमतिको सम्मान गरिरहन्छ।

यद्यपी इजरायली प्रधानमन्त्री नेतान्याहुले जेरुसलमलाई इजरायली राजधानीका रूपमा





अमेरिकाले दिएको मान्यता एक ...वास्तविकता... भएको बताए।

अमेरिकाका राष्टपति डोनाल्ड ट्रम्पले जेरुसलमलाई इजरायलको राजधानीका रूपमा मान्यता दिएपछि उक्त फैसलाको अन्तराष्टिय स्तरमा कडा आलोचना भइरहेको छ।

ट्रम्पको एकपक्षिय घोषणालाई लिएर टर्की, पाकिस्तान, चीन, रुस लगायत अधिकांश मुस्लिम देशहरूले कडा आपत्ती जनाउँदै त्यसको विरोध गरेका छन्।

टर्कीका राष्टपति रिसेप तयैप एर्डोगानले इजरायलाई ...आतंकवादी राज्य...को संज्ञा दिँदै जेरुसलमलाई इजरायलको राजधानीको दर्जा दिने अमेरिकी मान्यता ...निरर्थक... भएको घोषणा गरेका थिए।

सिवासमा सत्तारुढ जस्टिस एन्ड डेभेलपमेन्ट पार्टीको बैठकमा बोल्दै एर्डोगानले भने- प्यालेस्टाइन सन् १९४७ देखिनै अधिनष्ठ रहेकोछ , इजरायल एक अतिक्रमणकारी राज्य, आतंकवादी राज्य हो।

एर्डोगानको उक्त कडा टिप्पणीलाई इजरायली प्रधानमन्त्री नेतान्याहुले अपमानित गर्ने बयान भएको बताए। उनले जवाफमा टर्की नेतालाई प्रवचन दिइरहनु नपर्ने बताए।

उनले टर्कीमा कुर्दिस गाउँहरूमा बमबारी गरेकाछन्, पत्रकारहरूलाई बन्दी बनाएको र गाजा तथा अन्य स्थानहरूमा निर्दोषहरूमाथि आक्रमण गर्न आतंककारीलाई सहयोग गरेका छन् -उनले बताए।

यसअघि नेतान्याहुले पेरिसमा राष्टपति इम्यानुयल म्याक्रोंसँगको भेटवार्तामा जेरुसलम ३ हजार बर्ष देखि इजरायलको राजधानी रहेको बताएका थिए।

# प्योंगयाँगमा ४४ वर्ष थुनिएका अमेरिकीको मृत्यु

सोल, (एजेन्सी)

उत्तर कोरियामा भागेरपछि झण्डै चालिस वर्ष प्योंयांगमा वन्दि बनाइएका एकजना अमेरिकी पुर्व सैनिकको मृत्यु भएको छ। सन् २००४ मा कारगार मुक्त भएदेखि आफ्नो परिवार सहित जापानमा वसोवास गर्दै आएका ७७ वर्षिय चार्ल्स जेन्किन्सको मृत्यु भएको हो।

साठीको दशकमा उत्तर कोरिया तर्फ भागेका चारजना अमेरिकी सैनिक मध्ये उनलाई मात्र पछि रिहा गरिएको थियो। अन्यको उत्तर कोरियामानै मृत्यु भएको बताइएको छ। ति मध्ये जेम्स ड्रेस्नोकको सन् २०१६ मा मस्तिष्कघातको कारण मृत्यु भएको थियो।

आफ्नी पत्नी हितोमी सोगासंग सादो टापुमा बस्दै आएका जेन्किन्सको सोमवार



मृत्यु भएको थियो। हितोमी पनि उत्तर कोरियाका पुर्व वन्दि हुन्। जापानी संचार माध्यमले आफ्नो घर बाहिर एक्कासी लडेका उनको केहि समयपछि उपचारकै क्रममा अस्पतालमा मुटुको समस्याको कारण मृत्यु भएको बताएको छ।

उनकी पत्नीले पतिको मृत्युबाट आफु स्तक्ध भएको बताएकीछिन्। सन् १९६५ मा दक्षिण कोरियाको असैनिक क्षेत्रमा अमेरिकी सेनाको रूपमा तैनाथ रहँदा गश्तीको क्रममा आफु मारिने वा भियतनाम युद्धमा पठाइने डरको कारण उनी उत्तर कोरिया तर्फ भागेका थिए।

उनले उत्तर कोरिया पुगेपछि रुसी दुतावासमा शरण लिने र पछि वन्दि साटासाट क्रममा अमेरिका फर्कने लामो योजना बनाएका थिए। कारगार मुक्त भएपछि उनका थुप्रै महत्वपुर्ण र गहकिला

# दलित हत्याकाण्डमा ६ जनालाई मृत्युदण्ड



नयाँदिल्ली, (एजेन्सी)

भारतको तमिलनाडुमा गत वर्ष ... प्रतिष्ठाका लागि हत्या  को नाममा दलित समुदायका एक पुरुषको हत्या गरेको अभियोगमा छ जना व्यक्तिलाई मंगलवार मृत्युदण्ड सुनाइएको छ। दिउँसै भिड बजारमा शंकर नामक २२ वर्षिय युवकको हत्या गरिएको थियो।

त्यहाँ रहेका मानिसहरू ति आक्रमणकारीले हत्या गरी मोटर साइकलमा बसेर भाग्दा भयभित अवस्थामा मुकदर्शक बनेका थिए।

माथिल्लो जातकी एक हिन्दु केटीसंग विवाह गरेकै कारण ति युवकले ज्यान गुमाउनु परेको थियो। प्रहरीले सो आक्रमणमा उनकी पत्नी पनि घाइते भएको बताएको छ। जात प्रणाली अनुसार विगतमा अछुत पनि भनिने गरिएका दलित तल्लो तहको बताइन्छ। आक्रमण पछि प्रहरी समक्षा आत्मसमर्पण गरेका दुलहीका पिता पनि मृत्युदण्ड पाउनेमा परेका छन्। यस घटनामा एघार जनालाई मुद्धा चलाइएको थियो।

एकजनालाई आजिवन र बाँकी चारजनालाई जनही पाँच वर्ष लामो कारवास तोकिएको छ। केटीकी आमलगायत अन्य तीनजनालाई भने सम्पुर्ण अभियोगबाट छुट दिइएको छ। सन् २०११ मा भारतको सर्वोच्च अदालतले सामाजिक प्रतिष्ठाका लागि हत्या गर्नेलाई मृत्युदण्ड दिइनुपर्ने बताएको थियो।

त्यतिवेला भारतिय टेलिभिजन च्यानलहरूबाट प्रशारित सिसिटिभि फुटेजमा त्रिपुर जिल्लाको उदुमाल्पेट शहरको व्यस्त सडकमा हिंडिरहेका ति दम्पती माथि धारिलो हतियारले आक्रमण गरेर तीनजना व्यक्ति मोटरसाइकलमा भागेका थिए।

# टेलिभिजनमा कन्डमको विज्ञापन विवादास्पद

नयाँदिल्ली, (एजेन्सी)

केहि भारतियले टेलिभिजनको प्रमुख तथा महत्वपुर्ण क्षण अर्थात प्राइम टाइममा कन्डमको विज्ञापन माथि प्रतिवन्ध लगाउने सरकारी आदेश माथि प्रश्न उठाउन थालेका छन्। सुचना तथा प्रशारण मन्त्रालयले कन्डमको विज्ञापन बालबालिकाको लागि अहित तथा अश्लिल ठहर भएकाले यस्ता विज्ञापनलाई राति १० बजे देखि बिहान ६ बजेसम्म मात्र टेलिभिजनमा प्रशारण गर्न सकिने जनाएको छ।

केहि भारतियले सरकारको यस कदमलाई संकुचित मानसिकताको उपजको संज्ञा दिएका छन्। तर अन्यले भने यसप्रति सहमति जनाउँदै कन्डमको विज्ञापनले अश्लिल र त्यो कलिला बाबालिकाका लागि हेर्न लायक नभएको बताएका छन्। अहिले पनि भारतमा यौन र गर्भ निरोधकबारे खुल्ला कुरागर्नु अप्ठयारै मानिने गरिन्छ।

उक्त मन्त्रालयबाट निकालिएको विज्ञप्तिमा भनिएको छ , ... सम्पुर्ण टेलिभिजन च्यानलहरूलाई निश्चित उमेर समुहका लागि तयार पारिएका तथा बालबालिकाले हेर्न असहज देखिने कन्डमका विज्ञापन प्रशारण नगर्न आग्रह गरिएको छ। 

बाल मनोविज्ञ अचल भगतले यो निणर्य विवादास्पद भएको विविसिलाई बताएका छन्। उनले भनेका छन् , ... यदि यौन अश्लिल हुन्छ भने किन कन्डमको विज्ञापनलाई मात्र रोकन खोजिएको हो ? अन्य किसिमको यौन सामग्री जतातत खुल्लमखुल्ला पाइन्छन्। इन्टरनेट मार्फत बालबालिको सजिलैसंग पार्नोग्राफीमा पहुँच पुगेको छ।





# उत्तर कोरियाको परमाणु बम परीक्षणले भुगर्भमा हलचल



सोल (एजेन्सी)

उत्तर कोरियाले गत सेप्टेम्बरमा गरेको हाइड्रोजनको परीक्षणले त्यस क्षेत्रको भुगर्भमा अहिलेसम्म हलजल आइरहेको जनाइएको छ।

उक्त परीक्षणका क्रममा कुटनितिक जगत मात्र हल्लिएको नभएर ६ दशमलव ३ म्याग्निच्युडको भुकम्पले जमिन पनि हल्लिएको थियो। त्यति बेलादेखि नै उत्तर कोरियाको जमिनमा भुकम्पको धक्का महसुस भइरहेको छ। भुगर्भको गतिविधिमा निगरानी राख्ने संस्था अमेरिकी जियोलोजिकल सर्वेले उत्तर कोरियाको जमिन भित्र थप दुई कम्पन भएको बताएका छन्।

सेप्टेम्बर ३ मा उत्तर कोरियाले पुंगीरीमा परमाणु बमको परीक्षण गरेका थिए। उक्त बम अहिले सम्म उसले गरेका परमाणु परीक्षणमा सबैभन्दा शक्तिशाली भएको बताइएको छ। उत्तर कोरियाले यो हाइड्रोजन बमको परीक्षण भएको बताएको थियो। यो त्यसतो बम हो जुन परमाणु बम भन्दा सयौं गुणा शाक्तिशाली यियो।

विशेषज्ञहरूले विस्फोट अत्यन्त शक्तिशाली भएकोले यसको वरपरको पर्वतिय इलाका अस्थिर हुन सक्नेमा चिन्ता ब्यक्त गरेका थिए। अमेरिकी भगर्भ सर्वेक्षणले विगतका हप्ता दर्ता भएको भुकम्पको झट्काले त्यहाँको जमिनले आफैलाई स्थिर गर्ने प्रयास गरिरहेको जस्तो देखिएको जनाएको छ। युएसजीएसले हालैमात्र ४ र २ दशमलव ४ म्याग्निच्युडको भुकम्पको धक्का महसुस गरिएको जानकारी दिए।

पृथ्वीको क्रस्टमा हुने गतिविधिका कारण भुकम्प आउने गर्छ। परमाणु परिक्षणपछि यो झट्का हप्ता दिन नभएर महिनौंसम्म आइरहेने बैज्ञानिकहरू बताउँछन्।

तर उत्तर कोरियाको सेप्टेम्परको परीक्षणसँग सम्बन्धित भुगर्भिय आंकडा र अमेरिकाको नेवाडाको आंकडाको तुलना गर्दा फरक नतिजा आइरहेको छ।

एक दशक अगाडी अमेरिकाले नेभाडामा परमाणु परीक्षण गरको थिए। त्यहा भुकम्पपछिको धक्का र त्यसको तिब्रता दुबै कम देखियो। यसको कारण उत्तर कोरिया र नेभाडाको भौगोलिक स्वरूप फरक फरक हुन सक्ने पनि अनुमान गरिएको छ।

उत्तर कोरियाले परमाणु परीक्षण गरेको स्थान नजिक माउन्ट पायक्टुमा एक सक्रिय ज्वालामुखी पनि रहेको छ। उत्तर कोरियामा माउन्ट पायक्टुलाई पवित्र पहाड मानिन्छ। म्याककिनोनले भने- भुगर्भिय तरंग ज्वालामुखीसँग ठोक्किरहेको छ। तर यसबाट भुगर्भिय उर्जा ज्वालामुखी फुट्ने कारण बन्न सक्छ, त्यसतो

त्यस क्षेत्रको स्थानहरूको स्थलगत अध्ययन गर्न राष्ट्रपति चुरे संरक्षण एकाईं हेटौंडाका भूगर्भविद्को संयोजकत्वमा जिल्ला भूसंरक्षण कार्यालय, पर्सा राष्ट्रिय निकुञ्ज, जिल्ला प्राविधिक कार्यालयका प्राविधिक तथा सम्बन्धित गापाका प्रतिनिधिसहित समितिबाट प्रतिवेदन लिएर प्राप्त प्रतिवेदनका आधारमा कारबाही गर्ने निर्णय गरिएको हो।



नेपाल–जर्मन मैत्री सङ्घको आर्थिक सहयोगमा धादिङ, धुनिबेंशी नगरपालिका–५ स्थित चण्डेश्वरी आधारभूत विद्यालयका विद्यार्थीहरू खाजा खाँदै । संस्थाले १ वर्षसम्म उपलब्ध गराउने खाजाको व्यवस्थापनको जिम्मा शेषकान्त फाउन्डेसनले लिएको छ। तस्वीर सौजन्य : शेषकान्त फाउन्डेसन

# ४६ को जमानत जफत

शेरबहादुर थापा, सुर्खेत

गत मंसिर २१ गते सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेससभा निर्वाचनमा उम्मेदवार बनेका ५८ जनामध्ये ४६ जना उम्मेदवारको जमानत जफत भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय सुर्खेतका अनुसार जिल्लामा नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका उम्मेदवारहरूले मात्रै जमानत जोगाएका छन्।

**कसको जमानत फिर्ता भयो ?**

सुर्खेत जिल्ला निर्वाचन क्षेत्र नं. १ को प्रतिनिधिसभामा नेकपा एमालेका तर्फबाट उम्मेदवार बनि विजेता बनेका ध्रुवकुमार शाही र उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका पूर्णबहादुर खड्का, सोही निर्वाचन क्षेत्रअन्तर्गत प्रदेससभा 'क' का माओवादी केन्द्रका ठम्मर विष्ट र उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका टेकबहादुर सिंह र प्रदेस सभा 'ख' का निर्वाचित एमाले नेता खड्क खत्री र उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका झकबहादुर डांगीको जमानत फिर्ता भएको निर्वाचन अधिकृतको कार्यालय सुर्खेतले जनाएको छ।

यस्तै निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधिसभामा नेकपा एमालेका तर्फबाट उम्मेदवार बनि विजेता बनेका नवराज रावत र उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका हृदयराम थानी, सोही निर्वाचन क्षेत्रअन्तर्गत प्रदेस सभा 'क' का एमाले पोलिटब्यूरो सदस्य तथा नवनिर्वाचित सदस्य यामलाल कंडेल र उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जिल्ला सभापति कमलराज रेग्मी र प्रदेस सभा 'ख' का निर्वाचित माओवादी केन्द्रका नेता विन्दमान विष्ट र उनका निकटतम प्रतिद्वन्द्वी सञ्चार राज्यमन्त्री तथा नेपाली कांग्रेसका नेता तप्तबहादुर विष्टको मात्रै जमानत फिर्ता भएको छ।

**कसको जमानत फिर्ता भएन ?**

सुर्खेत जिल्ला निर्वाचन क्षेत्र नं. १ प्रतिनिधिसभा सदस्यका लागि ९ जनाले उम्मेदवारी दिए तर ७ जनाको जमानत जफत भयो। यसरी जमानत जफत हुनेमा संघीय समाजवादी फोरम नेपालका धनवीर कामी (२९१), राष्ट्रिय जनमोर्चाका मोहन थापा (२९०), नेमकिपाका जीवनकुमार शाक्य (५२), नयाँ शक्ति पार्टी नेपालका रेशमकुमार राना (१३७) को जमानत जफत भएको छ। यस्तै एकीकृत राप्रपाका चक्रबहादुर नेपाली (१३९), मंगोल नेसनल अर्गनाइजेसनका देवबहादुर पुन मगर (७२) र विवेकशील साझा पार्टीका रम्मा आचार्य (३६) को पनि जमानत जफत भएको छ।

निर्वाचन क्षेत्र नं. १ को प्रदेस सभा 'क' मा भने १० जना उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए। तीमध्ये ८ जनाको जमानत जफत भएको छ। यसरी जमानत जफत हुनेहरूमा संघीय समाजवादी फोरम नेपालका गंगे कामी (८२), राष्ट्रिय जनमोर्चाका टेकबहादुर घर्ती (४४), नेमकिपाका लालबहादुर थापा क्षेत्री (१३), नयाँ शक्ति पार्टी नेपालका कर्णबहादुर बुढा (२७) को जमानत जफत भएको छ। यस्तै राप्रपा प्रजातान्त्रिकका कालीबहादुर चन्द (२७३), मंगोल नेसनल अर्गनाइजेसनका मिनबहादुर बुढा (३७) राप्रपाका देविराम चन्दरा (६४) र विवेकशील साझा पार्टीका दिपक रेग्मी (७८) को पनि जमानत जफत भएको छ।

प्रदेस सभा 'ख' मा भने ९ जना उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए। तीमध्ये ७ जनाको जमानत जफत भएको छ। यसरी जमानत जफत हुनेहरूमा संघीय समाजवादी फोरम नेपालका दिपलाल दमाई (१८४), राष्ट्रिय जनमोर्चाका धनबहादुर पुन (३०८), नेमकिपाका लक्ष्यबहादुर बुढा (०६), नयाँ शक्ति पार्टी नेपालका डिलबहादुर डाँगी (६२) को जमानत जफत भएको छ। यस्तै राप्रपा प्रजातान्त्रिकका टोपबहादुर वली क्षेत्री (१६८), मंगोल नेसनल अर्गनाइजेसनका परवीर दमाई (४८) र राप्रपा मानबहादुर खराल (११६) को पनि जमानत जफत भएको छ।

उता निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्य पदका लागि सम्पन्न निर्वाचनको मत परिणामअनुसार निर्वाचनमा सहभागी १० जना उम्मेदवारमध्ये ८ जनाको जमानत जफत भएको छ। यसरी जमानत जफत हुनेमा राष्ट्रिय जनमोर्चाका कृष्णकुमारी रावल (२५४), नेमकिपाका बमबहादुर शाही (२५१), नयाँ शक्ति पार्टी नेपालका प्रचण्डकुमार पोखरेल (३०३) को जमानत जफत भएको छ। यस्तै एकीकृत राप्रपा राष्ट्रवादीका इन्द्रबहादुर खड्का (४२६), मंगोल नसनल अर्गनाइजेसनका नरबहादुर दर्लामी मगर (७९९) देशभक्त गणतान्त्रिक मोर्चा नेपालका खडानन्द लामिछाने (७७), विवेकशील साझाका गोविन्दप्रसाद आचार्य (७४०), नेपाल दलित पार्टीका कालुसिंह नेपाली (४७) को पनि जमानत जफत भएको छ।

प्रदेस सभा 'क' मा १० जना उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए। तीमध्ये ८ जनाको जमानत जफत भएको छ।

# घरदैलो गर्दै प्रचण्ड

भरतपुर, (नेस)

चितवन क्षेत्र नं.(३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले मतदातालाई धन्यवाद दिन घरदैलो अभियान सञ्चालन गर्नुभएको छ।

सोमबार सांसदमा निर्वाचित हुनुभएका अध्यक्ष प्रचण्डले मंगलबार बिहानैदेखि आफ्नो क्षेत्रका मतदातालाई धन्यवाद दिन घरदैलो गर्नुभएको हो। मंगलबार अध्यक्ष प्रचण्डले शिवनगर, महेन्द्रचोक, फूलबारी, मंगलपुर, विजयनगर, रामपुर, चनौली बजार, ज्योतिनगर, पर्साढाप, गोलाघाट, लेवरनगर, शुक्रनगर, पार्वतिपुर, हुँदै लाहुरेचोकका मतदातालाई धन्यवाद दिनुभएको हो।

मतदातालाई धन्यवाद दिँदै अध्यक्ष प्रचण्डले भन्नुभयो- 'चितवनको विकास र समृद्धिको नेतृत्व गर्ने अवसर दिनुभएकोमा यहाँहरूलाई धन्यवाद छ। अब देश राजनीतिक स्थायित्वको चरणमा प्रवेश गरेको छ। सम्पूर्ण तागत लगाएर चितवन र समग्र नेपालको विकासका लागि मैले आफूलाई समर्पित गर्नेछु।'

घरदैलोका क्रममा अध्यक्ष प्रचण्डले मतदाताका घरघरमा पुगेर धन्यवाद दिनुभएको हो। घरदैलोका क्रममा मतदाताले अध्यक्ष प्रचण्डको स्वागत गरेका थिए। मतदातालाई धन्यवाद दिन प्रचण्ड बुधबार चितवनको माडी जाने कार्यक्रम छ।

# जोखिम बस्ती स्थानान्तरणको पहल

हेटौंडा, (नेस)

मकवानपुरको मनहरी गाउँपालिका-४ मा भूकम्पले जोखिम भएका बस्ती स्थानान्तरण गर्न भूगर्भविद्को संयोजकत्वमा अवलोकन गरिने भएको छ।

जिल्ला दैवी प्रकोप उद्धार समिति मकवानपुरको बैठकले वडा नम्बर-४ को लामपाखा, चिसापानी, अजिंगरे, च्वारपाखा, मूलखोला र ज्यामिरेलगायत क्षेत्रका वासिन्दा भूकम्पपछि विस्थापित भएकाले यसबारे अवलोकन गर्न समिति गठन गरिएको छ।

त्यस क्षेत्रको स्थानहरूको स्थलगत अध्ययन गर्न राष्ट्रपति चुरे संरक्षण एकाईं हेटौंडाका भूगर्भविद्को संयोजकत्वमा जिल्ला भूसंरक्षण कार्यालय, पर्सा राष्ट्रिय निकुञ्ज, जिल्ला प्राविधिक कार्यालयका प्राविधिक तथा सम्बन्धित गापाका प्रतिनिधिसहित समितिबाट प्रतिवेदन लिएर प्राप्त प्रतिवेदनका आधारमा कारबाही गर्ने निर्णय गरिएको हो।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाको सभाध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको हो। बैठकले बाढीपहिरो र चट्याङमा परी मृत्यु भएका परिवारलाई बितरण गरिएको ११ लाख रुपियाँ अनुमोदन गरेको छ। बैठकले जाडोको समयमा आउनसक्ने शीतलहरका कारण बालबालिका, अशक्त, अपांग तथा वृद्धवृद्धाको दैनिकीमा कठिनाइ भएर उनीहरूको स्वास्थ्यस्थिति जोखिममा पर्नसक्ने देखिएकाले शीतलहरबाट बच्न आवश्यक सचेतना कार्यक्रम सञ्चालन गर्न पूर्वतयारीका लागि सम्बन्धित निकायहरूमा अनुरोध गर्ने निर्णय गरेको छ।

# दुर्घटनामा १ को मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१६ बनस्थली चोकमा बा.६६ प ४८५६ नम्बरको मोटरसाइकल र बा.८ च ९३१ नम्बरको टाटा पिकअप जिप सोमबार एकआपसमा ठक्कर खाई मोटरसाइकल उछिट्टिएर बा.२ ज १३७६ नम्बरको ट्याक्सीमा लाग्न जाँदा भएको दुर्घटनामा १ जनाको मृत्यु भएको छ।

उक्त दुर्घटनामा २ जना घाइते भएका छन्। दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक पाल्पा सिद्धेश्वर गाउँपालिकाका खिमबहादुर बुढाथोकी, मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने तिलकुमारी राना र सुजन लुंगेलीलाई उपचारका लागि ट्रमा सेन्टर लगेकोमा उपचारको क्रममा खिमबहादुरको मृत्यु भएको हो। तीनवटै सवारी साधन, जिप चालक र ट्याक्सी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# पोखरेलको हरियो ढुंगामा विपिन कार्की

काठमाडौं, (नेस)



शिल्पी थिएटरमा उपेन्द्र सुब्बाको कथा'हरियो ढुंगा' रंगमञ्चमा मञ्चन हुने भएको छ। उक्त कथा सुब्बाको 'लाटो पहाड' कथा संग्रहमा प्रकाशित छ।

'हरियो ढुंगा' लाई वरिष्ठ नाटककर्मी शुनिल पोखरेलले परिकल्पना र निर्देशन गर्नुभएको हो। नाटक भुटानी शरणार्थीको कथामा आधारित छ। शुनिल पोखरेलका रंगमञ्चका शिष्य तथा फिल्म पशुपति प्रसाद, लुट, धनपतिमा अत्यधिक रुचाइएका अभिनेता विपिन कार्कीले अभिनय गर्दैहुनुहुन्छ भने सुनिशा बजगाईं, आभास अधिकारी, अनिल सुब्बा, मौसम खड्का, शिशिर थापालगायतका कलाकारले अभिनय गर्ने भएका छन्।

अनामनगरमा रहेको 'डिस्कभर योरसेल्फ' जहाँ रंगमञ्चका कुलगुरु बिगत ३ वर्षदेखि अभिनय कक्षा सन्चालन गरिरहनुभएको छ। 'डिस्कभर योरसेल्फ' को यो तेस्रो नाटक हो। उक्त समूहले यसअघि शेक्सपियरको 'अ मिड समर सपना' र इन्द्रबहादुर राईको 'जयमाया आफू मात्र लिखापानी आइपुगी' मञ्चन गरिसकेको छ। नाटक 'हरियो ढुंगा' यही मंसिर २९ गतेदेखि पुसको २२ गतेसम्म शिल्पी थिएटर बत्तीसपुतलीमा मंगलबारबाहेक हरेक दिन साँझ ५ बजे मञ्चन हुनेछ। शनिबार भने दिउँसो १ बजे पनि मञ्चन हुनेछ।

## ओली...

वाम गठबन्धनभित्र एमालेका अध्यक्ष केपी शर्मा ओली नै नयाँ सरकारको प्रधानमन्त्री हुनेमा धेरै आशंका छैन। बाँकी मन्त्री बाँडफाँडमा ओली र प्रचण्ड कसरी अगाडि बढलान् ? मन्त्री भागवण्डादेखि पार्टी एकीकरणसम्मको प्रक्रिया चुनावी तालमेलजस्तो सहज र सरल देखिँदैन।

केन्द्र सरकार मात्र होइन, प्रदेश सरकारको मुख्य मन्त्री, मन्त्रीको भागवण्डा, राष्ट्रपति/उपराष्ट्रपतिलगायतको तालमेल पनि निकै चुनौतीपूर्ण देखिन्छ। नेकपा माओवादी केन्द्रका नेता मणि थापाले नयाँ सरकार गठन गर्दा गुटउपगुटभन्दा पनि वाम गठबन्धनले जनतासमक्ष गरेको प्रतिबद्धता पूरा गर्न सक्ने व्यक्तिलाई नै सरकारमा पठाउनुपर्ने बताउनुहुन्छ।

नेता थापाले भन्नुभयो- 'जनताले वाम गठबन्धनलाई बहुमत दिएर पार्टी एकीकरणका लागि म्यान्डेट दिएका छन, अब पार्टी एकीकरणमा ढिला गर्नुहुँदैन, विचार सिद्धान्त, कम्युनिस्ट आन्दोनको प्रश्नलाई बहससहित पार्टी एकीकरणको प्रक्रियामा अगाडि बढ्नुपर्छ।'

पार्टी एकीकरणका लागि संगठन विचारसँगै संविधानले नै समाजवाद उन्नमुख भनेर उल्लेख गरेको अवस्थामा अबको बहस कुन मोडेलको समाजवादमा जाने भन्ने नै प्रधान हुने बताउँदै नेता थापाले सामाजिक र आर्थिक रूपान्तरणको समाजवादमा बहस केन्द्रित हुनुपर्ने बताउनुभयो।

पार्टी एकीकरणका लागि वैचारिक र राजनीतिक रूपमा धेरै ठूलो मतभेद छैन, समाजवादमा पुग्नका लागि लिने नीतिकै विषय मुख्य हो, उहाँले भन्नुभयो- 'पार्टी एकीकरणमार्फत् निर्वाचनमा जनतासमक्ष गरेको प्रतिबद्धताअनुसार काम गरेर जनतालाई परिवर्तनको प्रत्याभूति दिनुपर्छ।'

## प्रदेश...

यस्तो अवस्थामा नियुक्त मन्त्रीले शपथग्रहण गरेको ६ महिनाभित्र प्रदेशसभाको सदस्यता प्राप्त गर्नुपर्नेछ।

प्रदेश प्रमुखको जिम्मेवारी राष्ट्रपतिको जस्तै हुने भएकाले सकेसम्म विवादरहित व्यक्तिलाई प्रदेशप्रमुख बनाउन छलफल भइरहेको सरकारका प्रवक्ता मन्त्री बस्नेतले जानकारी दिनुभएको छ। स्रोतका अनुसार प्रदेश प्रमुखका लागि डा. केदारभक्त माथेमा, डा. सुरेशराज शर्मा, अनुराधा कोइराला, रुक्मांगद कटुवाल, बोलखबहादुर गुरुङ, रामनगिना सिंह, सुरेश मल्ललगायतको नाम चर्चामा रहेको छ। स्रोतका अनुसार केदारभक्त माथेमाले प्रदेश प्रमुख बन्न इन्कार गरिरहनुभएको छ। उहाँलाई मनाउने प्रयास भइरहेको छ।

संवैधानिक व्यवस्थाअनुसार मुख्य मन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्ति हुन नसकेमा प्रदेश प्रमुखले प्रदेशसभालाई विघटन गरी ६ महिनाभित्र प्रदेशसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने अधिकारसमेत दिइएको छ।

निर्वाचनको मत परिणाम अन्तिम चरणमा पुगेसँगै नयाँ संरचनाअनुसार सरकार गठनका लागि सरकारले प्रदेश प्रमुखको नियुक्तिका लागि प्रक्रिया अघि बढाएको हो।

## जनताको...

यसै गरी सोही कार्यक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादको नयाँ मोडल तयार पारेर विश्वलाई नै चकित बनाउने उद्घोष गर्नुभएको थियो।

नेताहरूको यही प्रतिवद्धतालाई विश्वास गरेर पनि जनताले वाम गठबन्धनलाई स्पष्ट बहुमत दिएका हुन सक्छन्। यस हिसाबले पनि अब वाम गठबन्धनले हिजो आफूले गरेका बाचालाई व्यावहारिकरूपमै समाजवादउन्मुख आर्थिक समृद्धि गरेर नदेखाएसम्म जनताको जित भएको मान्न सकिँदैन।

वाम गठबन्धनले गरेको समाजवादको परिकल्पना व्यवहारमा नदेखिएसम्म यस्तै हो भन्न सकिने अवस्था छैन।

तर, जनताले आश गरेको समाजवादमा हरेक नागरिकले कम्तीमा शिक्षा र स्वास्थ्यमा निःशुल्क सुविधा, शिशु र वृद्धवृद्धाका लागि भत्ता र पेन्सनको व्यवस्था, जनताका न्यूनतम् आधारभूत आवश्यकताहरू जस्तै- सर्भसुलभ पानी, बिजुली, सडक, सार्वजनिक यातायात, रोजगारीको सुनिश्चितता, बेरोजगारी भत्ता, शान्ति सुरक्षाको अनुभूति, प्रदूषणरहित स्वस्थ वातावरण, राजनीतिक भागवण्डाको अन्त्य, भ्रष्टाचारमा शून्य सहनशीलता, नियम-कानुनको अक्षरशः पालना, चुस्त-दुरुस्त सरकारी सेवा नै हुन् जस्तो लाग्छ।

तसर्थ जबसम्म वाम गठबन्धनबाट जनताले राखेका यी अपेक्षाको राम्ररी सम्बोधन हुँदैनन्, तबसम्म जनताले विगतमा झैं यो चुनावपछि पनि आफ्नो जित भएको महशुस गर्न सक्दैनन्।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यपश्चिमाञ्चल क्षेत्रिय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय, सुर्खेत

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०७४/०८/२७)

यस कार्यालयको बोलपत्र आव्हानको सूचना नं.२/०७४/७५ (DOR, e-procurement portal समेत) अनुसार पेश हुन आएका न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिलको ठेक्का नम्बरहरुको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१), अनुसार छनौट भएकाले दफा २७ (२) प्रयोजनका लागि आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नम्बर | बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक रु (मु.अ.कर सहित) |
|---|---|---|---|
| १) | DROSKT/337356-4/074/75-05 | M/s Shree Antu Nirman Sewa, Sahare-8, Surkhet | 6,624,758.34 |
| २) | DROSKT/337165-3/074/75-06 | M/s The Kali Siddhi Nirman Sewa, Surkhet | 2,083,522.25 |
| ३) | DROSKT/337335-4/074/75-07 | M/s Bishal Nirman Sewa, Birendranagar-6, Surkhet | 5,048,720.62 |
| ४) | DROSKT/337355-4/074/75-08 | M/s Pathibhara Nirman Sewa, Birendranagar-9, Surkhet | 7,967,969.00 |
| ५) | DROSKT/337335-4/074/75-09 | M/s Pathibhara Nirman Sewa, Birendranagar-9, Surkhet | 4,685,374.37 |
| ६) | DROSKT/337335-4/074/75-10 | M/s Kailash Nirman Sewa, Birendranagar-9, Surkhet | 2,956,158.54 |
| ७) | DROSKT/337335-4/074/75-11 | M/s B. & P. Nirman Sewa, Birendranagar-2, Surkhet | 2,512,983.97 |
| ८) | DROSKT/337165-3/074/75-12 | M/s Hari/Khadka Nirman Sewa J/V, Surkhet | 9,744,287.76 |
| ९) | DROSKT/337165-3/074/75-13 | M/s Bishal Nirman Sewa, Birendranagar-6, Surkhet | 2,748,653.81 |
| १०) | DROSKT/337165-3/074/75-14 | M/s Hari/Khadka Nirman Sewa J/V, Surkhet | 3,286,900.61 |
| ११) | DROSKT/337165-3/074/75-15 | M/s Hari/Khadka Nirman Sewa J/V, Surkhet | 3,168,042.01 |

डिभिजन प्रमुख



# अर्थ

2017, DEC
Wednesday
13

५ अर्ब ८४ करोड रुपियाँ बराबरको क्षति पहिचान भए पनि मन्त्रालयले राहात स्वरूप १ अर्ब २५ करोड रुपियाँ विनियोजन गरेको थियो। उक्त रकममा पनि करिब ९ करोड रुपियाँ कम अर्थात १ अर्ब १६ करोड रुपियाँ मात्र जिल्लामा पठाइएको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC



## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ मंसिर २७ डिसेम्बर १३ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।७५ | १०३।३५ |
| युरो १ का रु. | १२०।९५ | १२१।६६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३७।०७ | १३७।८७ |
| स्विस फ्रन्क १ का रु. | १०३।७० | १०४।३१ |
| अस्ट्रलियन डलर १ का रु. | ७७।८५ | ७८।३० |
| क्यानाडियन डलर १ का रु. | ८०।१६ | ८०।६३ |
| सिङ्गापुर डलर १ का रु. | ७६।०४ | ७६।४८ |
| जापानी यन १० का रु. | ९।०६ | ९।११ |
| चिनियाँ युआन १ का रु. | १५।५३ | १५।६२ |
| साउदी अरब रियाल १ का रु. | २७।४० | २७।५६ |
| कतारी रियाल १ का रु. | २८।२२ | २८।३८ |
| थाई भाट १ का रु. | ३।१५ | ३।१७ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।९७ | २८।१४ |
| मलसियन रिङ्गिट १ का रु. | २५।१९ | २५।३४ |
| दक्षिण कारियन वन १०० का रु. | ९।४३ | ९।४९ |

खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।१९ |
| डनिस क्रानर १ का रु. | १६।२५ |
| हङकङ डलर १ का रु. | १३।१६ |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# पुँजी बजारमा साना लगानीकर्ता तर्साउने खेल

रोविन पौडेल, काठमाडौं

निर्वाचनपछि पहिलोपटक मंगलबार नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ। निर्वाचनसँगै ओरालो लागेको नेप्से यस दिन १७ दशमलव ५४ अंकले घटे पनि कारोबार रकम भने बढेको छ। सोमबार ४६ करोड ४५ लाख ५० हजार रुपियाँको कारोबार भएको बजारमा मंगलबार ६६ करोड ९२ लाख ११ हजार १ सय ८१ रुपियाँको कारोबार भएको छ। आइतबार पनि बजारमा ८६ करोड रुपियाँको कारोबार भएको थियो।

बजार परिसूचक लगातार घटे पनि कारोबार रकम बढ्नुले केही ठूला लगानीकर्ता बजार घटाउनेतर्फ लागेको संकेत देखिएको जानकारहरूले बताएका छन्। ठूला लगानीकर्ताले सेटिङ मिलाएर कम मूल्यमा शेयर खरिद गर्न खोजेको उनीहरूको आरोप छ। उनीहरू भन्छन्- 'परिसूचक घटिरहेका बेला शेयर कारोबार कसरी बढ्छ ? यसले साना लगानीकर्तालाई तर्साउन ठूला लगानीकर्ता मिलेका हुन्।'

बजार सकेसम्म कम बिन्दुमा ल्याई साना लगानीकर्तालाई शेयर बेच्ने बाध्य बनाउने योजनामा ठूला लगानीकर्ता रहेको उनीहरूको आरोप छ। अर्कोथरी भने चुनावी परिणाम आइरहँदा पनि बजार निरन्तर ओरालो लाग्नुले लगानीकर्तामा कन्फिडेन्स लुज भएको बताउँदै आएका छन्।

लगानीकर्ता वाम गठबन्धनसँग डराएको भन्ने गरिए पनि अब बहुमतको सरकार बन्ने र राजनीतिक स्थिरता छाउला भन्ने आशमा रहेको नेपाल इन्भेस्टर्स फोरमका महासचिव राजन लम्सालको भनाइ छ। उहाँका अनुसार बजारमा उल्लेख्य मात्रामा बोनस तथा हकप्रद शेयरको आपूर्ति बढे पनि बजार विस्तार भने हुन सकेको छैन।

नेपाल समाचारपत्रसँग कुरा गर्दै लम्सालले भन्नुभयो- 'बजार विस्तार हुन नसक्नुमा नेपालको राजनीतिक सेटलमेन्ट कतातिर ढल्केला भन्नेमा लगानीकर्ता विश्वस्त हुन सकेका छैनन्। यसो हुँदा बजारमा शेयर प्रवाह बढे पनि माग भने उत्ति नै छ। माग नै नभएपछि शेयरको मूल्य नबढेको हो।'

> आन्तरिक राजस्व विभागले ब्रोकर नं. ५२ क्रिस्टल कन्चनजंघा सेक्युरिटी, ब्रोकर नं. ५३ अक्सफोर्ड सेक्युरिटी र ब्रोकर नं. ५४ सुन्धारा सेक्युरिटीलाई भ्याट तिर्न आउन पत्र काटेको छ।

यद्यपि, विगतका वर्षको विश्लेषण हेर्दा पुस र माघ बजार फ्याट नै हुने गरेको उहाँको भनाइ छ।

चुनावको समयमा विभिन्न माध्यमबाट शेयर बजारको पहुँच नहुने स्थानमा पुगेको रकम चुनावपछि विस्तारै लगानीकर्ताको हातमा आइपुगेको कारण कारोबार बढ्नुपर्ने हो। उहाँले भन्नुभयो- 'चुनावअघि शेयर बजारको भविष्य केही समय अन्योल रहे पनि चुनावी परिणामले राजनीतिक स्थिरताको बाटो देखाएको छ।' यही अपेक्षामा शेयर बजार उकालो लाग्नसक्ने उहाँ बताउनुहुन्छ।

निर्वाचनसँगै बजारमा कारोबार रकम बढ्नुलाई शेयर खरिदका लागि लगानीकर्ताले राम्रो अवसर पाएको ब्रोकरहरू बताउँछन्। नेपाल समाचारपत्रसँगको कुराकानीमा एक ब्रोकरले राजनीतिक प्रभावले बजार परिसूचक घटेको देखिए पनि कारोबार रकम बढ्नुले बजार सकारात्मकतर्फ उन्मुख हुँदै गरेको देखिएको बताए। उनले भने- 'लगानीकर्तामा संघीयताको वित्तीय व्यवस्थापनमा देश कत्तिको सफल हुन्छ भन्ने चिन्ता पनि रहेका छन्।' यिनै मिश्रित प्रतिक्रियाको प्रभाव अहिले बजारमा रहेको उनको भनाइ छ। 'सबैभन्दा ठूलो असर भनेको शेयरको बढ्दो चापलाई मागले धान्न नसक्नु हो।' उनले भने।

मंगलबार भने शेयर ब्रोकरलाई भ्याट लगाउने चर्चाले गर्दा बजारमा गिरावट आएको विश्लेषण गरिएको छ। आन्तरिक राजस्व विभागले ३ वटा ब्रोकरहरूलाई भ्याट तिर्नको लागि पत्र पठाएको समाचार बाहिर आएको थियो।

विभागले ब्रोकर नं. ५२ क्रिस्टल कन्चनजंघा सेक्युरिटी, ब्रोकर नं. ५३ अक्सफोर्ड सेक्युरिटी र ब्रोकर नं. ५४ सुन्धारा सेक्युरिटीलाई पत्र काटेको जानकारी आएको छ। क्रिस्टल कन्चनजंघा सेक्युरिटीका नेपाल ब्रोकर एसोसिएसनका अध्यक्ष प्रियराज रेग्मी सञ्चालक रहेको कम्पनी हो। विभागले फेरि भ्याटको विषय उठाएका कारण त्यसको असर पुँजी बजारमा परेको बताइएको छ।

दोस्रो चरणको प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनपछि घट्ने क्रममा रहेको बजार मंगलबार पनि रोकिएन। यसअघि आइतबार बजार ६ दशमलव शून्य ५ अंकले र सोमबार पनि २ दशमलव ७४ अंकले घटेको थियो।

मंगलबार बजारमा १ सय ५७ कम्पनीका ११ लाख ८० हजार ५ सय ६३ कित्ता शेयर किनबेच भए। तीमध्ये सबैभन्दा धेरै राष्ट्रिय बीमा कम्पनीका संस्थापक शेयर ५ करोड ९८ लाख ४६ हजार रुपियाँ र ग्लोबल आईएमई बैंकको ५ करोड ९८ लाख ३८ हजार रुपियाँभन्दा बढीको शेयर किनबेच भएका छन्।

मंगलबार कारोबारमा आएका समूहमध्ये उत्पादनमुलक समूहबाहेकका सबै समूह ओरालो लागेका छन्। मंगलबार सर्वाधिक कमाउनेमा काबेली विकास बैंकका लगानीकर्ता रहेका छन्। बैंकको शेयर मूल्य ८ दशमलव ६४ प्रतिशत प्रतिशतले बढ्दा राष्ट्रिय बीमा कम्पनीका संस्थापक लगानीकर्ताले सबैभन्दा धेरै ५ दशमलव ८४ प्रतिशतल गुमाए।

# राहात वितरण अनुगमन शुन्य

नेपाल समाचारपत्र
काठमाडौं

कृषि विकास मन्त्रालयले तराईका जिल्लामा १ अर्ब २५ करोड रुपियाँ बराबरको राहात प्याकेजको अनुगमन शून्य देखिएको छ। विभिन्न १० वटा कार्यक्रममार्फत् सो रकम ३० वटा जिल्लामा पठाइए पनि प्रभावकारी कार्यान्वयनका लागि भने मन्त्रालयले कुनै पहल गर्न सकेको छैन।

गत साउन अन्तिम साता परेको अविरल वर्षाका कारण बाढी, डुवान, कटान तथा पहिरोले कृषि क्षेत्रमा भएको क्षतिको मूल्यांकन गर्दै १ अर्ब २५ करोड रुपियाँ बराबरको राहात प्याकेज घोषणा गरिएको थियो। मन्त्रालयले राहात कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न भन्दै 'बाढी पहिरो प्रभावित जिल्लामा राहात कार्यक्रम सञ्चालन निर्देशिका-२०७४' समेत जारी गरेको छ। राहात कार्यक्रम जिल्लामा पठाइएको २ महिनाभन्दा बढी समय बितिसक्दा पनि अनुगमनको काम हुन नसकेको कृषि विकास मन्त्रालय अनुगमन मूल्यांकन तथा तथ्यांक महाशाखा प्रमुख ईश्वरप्रसाद रिजालले बताउनुभयो।

राहात प्याकेज वास्तविक बाढीपीडितसम्म पुग्न सकेको/नसकेको तथा सही सदुपयोग भए/नभएको पहिचान गर्न कृषिमन्त्री रामकृष्ण यादवले हरेक १५ दिनमा अनुगमन प्रतिवेदन बुझाउन निर्देशनसमेत दिनुभएको थियो। अनुगमनका लागि निर्देशिका बमोजिम पनि कृषि विभागका उपमहानिर्देशकको संयोजकत्वमा ११ सदस्यीय समिति समेत गठन गरिएको छ। तर, यी दुवै प्रयास केबल देखावटीजस्तो मात्रै देखिएको छ। निर्देशिकाले राहातमा सञ्चालित कार्यक्रमको अनुगमन सम्बन्धित स्थानीय तहको सहयोग र समन्वयमा दैवी प्रकोप उद्धार समिति र जिल्ला कृषि विकास मन्त्रालयले गर्नुपर्ने कुरा उल्लेख छ। स्थानीय आवश्यकताका आधारमा स्थानीय स्रोत साधन परिचालन गरि दैवी प्रकोप उद्धार समितिको समन्वयमा एउटा सानो अनुगमन समिति बनाई सञ्चालित निर्माण, पुनर्निर्माण तथा अनुदानमा दिइएका सामग्रीको प्रयोगको अवस्थाबारे अनुगमन गर्ने गराइने व्यवस्था गरिएको छ। तर, अधिकांश जिल्लामा भने त्यस्ता अनुगमन समितिसमेत गठन हुन सकेका छैनन।

मन्त्रालयले हरेक जिल्लामा भएको प्रगति विवरण संकलन गर्न तथा पाक्षिक रिपोर्ट तयार गर्ने काम अनुगमन, मूल्यांकन तथा तथ्यांक महाशाखालाई सुम्पेको छ। महाशाखा प्रमुख ईश्वरप्रसाद रिजालले प्रत्येक जिल्लाबाट अनुगमनको रिपोर्ट मन्त्रालयलाई प्राप्त हुन नसकेको बताउनुभयो। वास्तविक बाढीपीडितले राहात पाएको नपाएको, कुन जिल्लामा कसरी राहात वितरण भइरहेको छ र के कस्ता समस्या देखिएका छन् भन्ने विषयमा जिल्ला तहमा नै अनुगमनका लागि कम चासो दिइएको रिजालको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत् कृषकलाई उपलब्ध गराइने कृषि राहात प्याकेज कार्यक्रमलाई प्रभावरीकारी बनाउन तथा यसको दुरूपयोग हुन नदिन हरेक १५ दिनमा प्रगति विवरण बुझाउने व्यवस्था गरिएको भए पनि राहात जिल्लामा पुगेको भने दुई महिना बितिसकेको छ।

धान, तरकारी, मकै, दलहन र तेलहन, माछापालन, बेसार, उखु लगायतका बालीमा भएको क्षतिको मूल्यांकन गर्दै प्रभावित ३० जिल्लामा कृषि विकास मन्त्रालयले किसानलाई बीउ बिजन वितरण, तरकारी बेर्ना तथा फलफुल बेर्नाका वितरण, माछाका भुरा वितरण गर्नेलगायत १० वटा कार्यक्रम सार्वजनिक गरेको थियो।

SAURABH GROUP
JAS-ANZ ISO 9001-2008
NS: 191
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

## ऋण चुक्ता गर्ने/धितो लिलामीको ७ (सात) दिने सुचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणिहरुले उपयोग गर्नु भएको ऋण तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटक पटक ताकेता गर्दा पनि आलटाल गरी ऋण तिर्नेतर्फ कुनै चासो नदेखाएकोले तिर्न बुझाउनको लागि १) विजयमोहन अवालेको मिति २०७४।०२।१० गते कान्तिपुर दैनिक पत्रिकामा, २) महेन्द्र भण्डारीको मिति २०७०/१२/२४ गते नागरिक दैनिक पत्रिकामा, ३) श्याम बहादुर तामाङको मिति २०६९/१२/१४ नेपाल समाचार पत्रिका र मिति २०७०/०१/३१ मा कान्तिपुर दैनिक पत्रिकामा ३५ दिने सुचना प्रकाशित गरेकोमा सो ऋण तिर्ने बुझाउने सम्बन्धमा सम्बन्धित ऋणीहरुले कुनै चासो नदेखाएकोले सो ऋण तिर्नका लागि सात दिने यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मितिभित्र रकम दाखिला हुन नआएमा कर्जा उपयोग गर्ने क्रममा यस संस्थालाई लेखाईदिएको धितो लिलामी बिक्री गरी तथा कर्जा तमसुक शर्त कबुलियतनामा तथा सहकारी ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरी संस्थाको साँवा ब्याज तथा असुली कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएका अन्य खर्च समेत असुल उपर गरिने व्यहोरा पनि जानकारी गराउादछौ। सो बाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धन जमानी दिनेको घर घराना चल अचल सम्पत्तीबाट प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित पक्षलाइ यसै सुचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

| क्र.स | ऋणी/व्यक्तिगत जमानी | धितोको विवरण/व्यक्तिगत जमानी | फोटो |
|---|---|---|---|
| १ | **विजयमोहन अवाले**<br>ल.पु.उ.प.न.पा. वार्ड नं.-९, च्यासल<br>बाबु : चन्द्र मोहन अवाले<br>बाजे : ग्वारा अवाले | ललितपुर, झरुवारासी गा.वि.स वार्ड नं.८(ख) कि.नं. ७४ क्षेत्रफल ०-११-०-० को जग्गा |  |
| २ | **महेन्द्र भण्डारी**<br>ललितपुर, सातदोबाटो-१५<br>बाबु :रेशमराज भण्डारी<br>बाजे :डिल्लीराम भण्डारी | ल.पु, सातदोबाटो-१५ बस्ने **रेशमराज भण्डारी** को नाममा रहेको ललितपुर जिल्ला, ल.पु. उ.म.न.पा. वडा.नं. ५ञ कि.न ८१३ र ११०७ क्षेत्रफल ०-१-२-२ र ०-३-०-० मा रहेको जग्गा।<br>बाबु :डिल्लीराम भण्डारी<br>बाजे :रविलाल भण्डारी<br>ललितपुर, सातदोबाटो-१५ |   |
| ३ | **श्याम बहादुर तामाङ**<br>ललितपुर, चापागाँउ गा.वि.स. वडा नं. ७ झ्यालुनटार<br>बाबु: धन बहादुर तामाङ<br>बाजे: छविलाल तामाङ | ऋणीकै नामको ललितपुर, ल.पु. उ.म.न.पा.वडा.न.५ट मा रहेको कि.न १४० क्षेत्रफल ०-१-३-० को जग्गा<br>**रविन्द्र तामाङ**<br>ललितपुर जिल्ला, चापागाँउ गा.वि.स. वडा नं. ७, झ्यालुनटार |  |

धितो लिलामी स्थान : संस्थाकै कार्यालय, लगनखेल, ललितपुर।
धितो लिलामी मिति : २०७४।०९।०५ गते बुधवार।
धितो लिलामी समय : दिनको १०:०० बजे देखि ४:०० बजे सम्म।
- कुनै पनि धितो जग्गाको बोलकबोल लाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार संस्थामा रहने छ।
- सबैभन्दा बढी रकम कबुल गर्ने ब्यक्तीको बोलकबोल स्वीकृत गरीने छ।
- सो दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट सो काम हुने छ।
- बोलकबोल पत्र स्वीकृत हुने ब्यक्तीले सो रकमको पांच प्रतिशत रकम सोही दिन संस्थामा जम्मा गर्नु पर्नेछ
- उक्त दिन सो धितो जग्गा खरिदको लागि कुनै पनि बोलकबोल पर्न नआएमा स्वत संस्थाले सकार गरी लिनेछ।
- अन्य कुरा को हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**गतिशील बचत तथा ऋण सहकारी संस्था लि.**
साझाभवन, लगनखेल ललितपुर।

## SHARE MARKET

12 DECEMBER TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 15642.00 | 431.00 | 426.00 | 427.00 | -4.00 |
| 2 | Api Power Company Ltd. | 2091.00 | 485.00 | 476.00 | 476.00 | -9.00 |
| 3 | Arun Kabeli Power Ltd. | 2947.00 | 373.00 | 359.00 | 362.00 | -8.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 15440.00 | 214.00 | 212.00 | 214.00 | -2.00 |
| 5 | Asian Life Insurance Co. Limited | 1681.00 | 1455.00 | 1435.00 | 1437.00 | -45.00 |
| 6 | Bank of Kathmandu Ltd. | 10993.00 | 410.00 | 406.00 | 407.00 | -3.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 130.00 | 205.00 | 201.00 | 202.00 | -7.00 |
| 8 | Bhargav Bikash Bank Ltd. | 430.00 | 175.00 | 174.00 | 174.00 | -1.00 |
| 9 | Bishal Bazar Company Limited | 460.00 | 1840.00 | 1821.00 | 1821.00 | -39.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 600.00 | 6735.00 | 6600.00 | 6735.00 | 247.00 |
| 11 | Butwal Power Company Limited | 33355.00 | 740.00 | 730.00 | 735.00 | -10.00 |
| 12 | Central Finance Co. Ltd. | 3129.00 | 187.00 | 182.00 | 185.00 | 1.00 |
| 13 | Century Commercial Bank Ltd. | 16243.00 | 217.00 | 215.00 | 216.00 | -1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1886.00 | 1112.00 | 1100.00 | 1100.00 | -20.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 1884.00 | 192.00 | 188.00 | 189.00 | -2.00 |
| 16 | Chilime Hydropower Company Limited | 13681.00 | 950.00 | 944.00 | 946.00 | 1.00 |
| 17 | Citizen Bank International Limited | 8347.00 | 304.00 | 294.00 | 294.00 | -6.00 |
| 18 | Citizen Investment Trust | 1054.00 | 3610.00 | 3590.00 | 3590.00 | -20.00 |
| 19 | Civil Bank Ltd | 10544.00 | 195.00 | 192.00 | 193.00 | -2.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 20.00 | 1020.00 | 1019.00 | 1020.00 | -19.00 |
| 21 | Deprosc Development Bank Limited | 5485.00 | 1130.00 | 1106.00 | 1110.00 | -10.00 |
| 22 | Deva Bikas Bank Limited | 1420.00 | 196.00 | 194.00 | 195.00 | -2.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 61.00 | 155.00 | 152.00 | 153.00 | -2.00 |
| 24 | Everest Bank Limited | 13706.00 | 1194.00 | 1170.00 | 1175.00 | -11.00 |
| 25 | Everest Bank Limited Con. Pref. | 162.00 | 835.00 | 803.00 | 803.00 | -17.00 |
| 26 | Everest Insurance Co. Ltd. | 170.00 | 2542.00 | 2501.00 | 2501.00 | -64.00 |
| 27 | Excel Development Bank Ltd. | 538.00 | 402.00 | 392.00 | 392.00 | -3.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 4192.00 | 909.00 | 890.00 | 890.00 | -20.00 |
| 29 | Forward Community Mic. Bittiya San. Ltd. | 1065.00 | 3512.00 | 3484.00 | 3499.00 | -36.00 |
| 30 | Gandaki Bikas Bank Limited | 597.00 | 267.00 | 261.00 | 267.00 | 1.00 |
| 31 | Garima Bikas Bank Limited | 14406.00 | 246.00 | 241.00 | 242.00 | -2.00 |
| 32 | Global IME Bank Limited | 181332.00 | 333.00 | 327.00 | 332.00 | -1.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 2300.00 | 9.90 | 9.90 | 9.90 | 0.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 170.00 | 160.00 | 158.00 | 160.00 | 2.00 |
| 35 | Green Development Bank Ltd. | 220.00 | 585.00 | 575.00 | 575.00 | -10.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 2984.00 | 1015.00 | 1000.00 | 1000.00 | -23.00 |
| 37 | Gurkhas Finance Ltd. | 4742.00 | 164.00 | 157.00 | 164.00 | 3.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 100.00 | 183.00 | 183.00 | 183.00 | -1.00 |
| 39 | Himalayan Bank Limited | 1221.00 | 872.00 | 850.00 | 850.00 | -12.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 1090.00 | 657.00 | 645.00 | 645.00 | -25.00 |
| 41 | Himalayan Power Partner Ltd. | 9340.00 | 405.00 | 390.00 | 391.00 | -11.00 |
| 42 | ICFC Finance Limited | 133.00 | 219.00 | 218.00 | 218.00 | 1.00 |
| 43 | IME General Insurance Ltd. | 745.00 | 1103.00 | 1085.00 | 1085.00 | -35.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 4110.00 | 181.00 | 179.00 | 180.00 | -1.00 |
| 45 | Janaki Finance Ltd. | 50.00 | 244.00 | 244.00 | 244.00 | 4.00 |
| 46 | Janata Bank Nepal Ltd. | 31135.00 | 247.00 | 237.00 | 239.00 | -5.00 |
| 47 | Janata Bank Nepal Ltd. Pro. Share | 31770.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 160.00 | 3765.00 | 3750.00 | 3750.00 | -50.00 |
| 49 | Jyoti Bikas Bank Limited | 4881.00 | 185.00 | 180.00 | 181.00 | -5.00 |
| 50 | Kabeli Bikas Bank Limited | 147.00 | 352.00 | 330.00 | 352.00 | 28.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 2361.00 | 246.00 | 238.00 | 238.00 | -8.00 |
| 52 | Kalika Microcredit Dev. Bank Ltd. | 1441.00 | 1776.00 | 1765.00 | 1772.00 | -16.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 13955.00 | 194.00 | 190.00 | 194.00 | 1.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 2004.00 | 173.00 | 170.00 | 170.00 | -5.00 |
| 55 | Karnali Development Bank Limited | 990.00 | 267.00 | 262.00 | 264.00 | -5.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 608.00 | 163.00 | 152.00 | 163.00 | 8.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 80.00 | 2306.00 | 2305.00 | 2305.00 | -47.00 |
| 58 | Kumari Bank Limited | 13270.00 | 306.00 | 300.00 | 300.00 | -6.00 |
| 59 | Lalitpur Finance Ltd. | 80.00 | 178.00 | 178.00 | 178.00 | 3.00 |
| 60 | Laxmi Bank Limited | 10900.00 | 275.00 | 270.00 | 272.00 | -5.00 |
| 61 | Laxmi Equity Fund | 7000.00 | 9.78 | 9.78 | 9.78 | -0.06 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1419.00 | 1338.00 | 1325.00 | 1338.00 | -12.00 |
| 63 | Laxmi Value Fund-1 | 10000.00 | 11.65 | 11.65 | 11.65 | -0.20 |
| 64 | Life Insurance Co. Nepal | 4412.00 | 2035.00 | 2010.00 | 2010.00 | -41.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 3344.00 | 199.00 | 192.00 | 194.00 | -3.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 6410.00 | 782.00 | 766.00 | 782.00 | 1.00 |
| 67 | Machhapuchhre Bank Limited | 9253.00 | 291.00 | 283.00 | 283.00 | -9.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 950.00 | 212.00 | 210.00 | 212.00 | -2.00 |
| 69 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 33.00 | 957.00 | 952.00 | 952.00 | -24.00 |
| 70 | Mahuli Samudayik Laghubitta San. Ltd. | 20.00 | 1634.00 | 1602.00 | 1634.00 | 63.00 |
| 71 | Manjushree Finance Ltd. | 1334.00 | 144.00 | 140.00 | 144.00 | -1.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 433.00 | 1485.00 | 1455.00 | 1457.00 | -58.00 |
| 73 | Mirmire Microfinance Dev. Bank Ltd. | 82.00 | 2970.00 | 2941.00 | 2970.00 | -31.00 |
| 74 | Mission Development Bank Ltd. | 230.00 | 265.00 | 262.00 | 262.00 | -8.00 |
| 75 | Miteri Development Bank Limited | 1436.00 | 516.00 | 496.00 | 515.00 | 2.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 369.00 | 1335.00 | 1290.00 | 1290.00 | -44.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 6765.00 | 600.00 | 585.00 | 589.00 | -11.00 |
| 78 | Nabil Balance Fund 1 | 21533.00 | 17.60 | 17.45 | 17.45 | -0.15 |
| 79 | Nabil Bank Limited | 950.00 | 1170.00 | 1153.00 | 1160.00 | -7.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 4157.00 | 870.00 | 862.00 | 866.00 | 0.00 |
| 81 | Nabil Equity Fund | 6390.00 | 10.15 | 9.98 | 10.15 | 0.02 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 335.00 | 2712.00 | 2680.00 | 2680.00 | -80.00 |
| 83 | National Hydro Power Company Limited | 8780.00 | 123.00 | 121.00 | 121.00 | -2.00 |
| 84 | National Life Insurance Co. Ltd. | 12874.00 | 1670.00 | 1650.00 | 1655.00 | -5.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 220.00 | 2615.00 | 2600.00 | 2614.00 | -33.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 818.00 | 3040.00 | 2992.00 | 2992.00 | -108.00 |
| 87 | Neco Insurance Co. Ltd. | 1506.00 | 920.00 | 911.00 | 920.00 | -5.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 9981.00 | 290.00 | 286.00 | 286.00 | -4.00 |
| 89 | Nepal Bank Limited | 88958.00 | 376.00 | 370.00 | 370.00 | -6.00 |
| 90 | Nepal Community Development Bank Ltd. | 252.00 | 161.00 | 158.00 | 158.00 | -3.00 |
| 91 | Nepal Credit And Com. Bank Ltd | 38560.00 | 365.00 | 357.00 | 357.00 | -11.00 |
| 92 | Nepal Doorsanchar Comapany Limited | 34826.00 | 910.00 | 890.00 | 893.00 | -8.00 |
| 93 | Nepal Grameen Bikas Bank Ltd. | 10410.00 | 716.00 | 706.00 | 711.00 | -9.00 |
| 94 | Nepal Hydro Developers Ltd. | 160.00 | 253.00 | 241.00 | 253.00 | 8.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 2008.00 | 1459.00 | 1432.00 | 1440.00 | 0.00 |
| 96 | Nepal Investment Bank Limited | 11019.00 | 670.00 | 662.00 | 662.00 | -5.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 8845.00 | 599.00 | 587.00 | 587.00 | -7.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 4067.00 | 1900.00 | 1878.00 | 1878.00 | -9.00 |
| 99 | Nepal SBI Bank Limited | 18243.00 | 742.00 | 728.00 | 730.00 | -8.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 2927.00 | 1032.00 | 1000.00 | 1022.00 | 17.00 |
| 101 | Ngadi Group Power Ltd. | 487.00 | 257.00 | 244.00 | 252.00 | 4.00 |
| 102 | NIBL Pragati Fund | 4496.00 | 10.10 | 9.95 | 9.99 | -0.06 |
| 103 | NIBL Samriddhi Fund 1 | 200.00 | 12.20 | 12.20 | 12.20 | -0.05 |
| 104 | NIC Asia Bank Ltd. | 10265.00 | 361.00 | 357.00 | 358.00 | 1.00 |
| 105 | Nirdhan Utthan Bank Limited | 1691.00 | 2288.00 | 2275.00 | 2280.00 | -20.00 |
| 106 | NLG Insurance Company Ltd. | 1116.00 | 1489.00 | 1470.00 | 1479.00 | -6.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 510.00 | 2000.00 | 1960.00 | 1960.00 | -40.00 |
| 108 | NMB Bank Limited | 7084.00 | 490.00 | 481.00 | 481.00 | -8.00 |
| 109 | NMB Hybrid Fund L-1 | 7818.00 | 10.10 | 10.02 | 10.10 | 0.08 |
| 110 | Om Development Bank Ltd. | 1222.00 | 263.00 | 258.00 | 258.00 | -1.00 |
| 111 | Oriental Hotels Limited | 5410.00 | 708.00 | 663.00 | 663.00 | -32.00 |
| 112 | Pokhara Finance Ltd. | 890.00 | 214.00 | 210.00 | 210.00 | -4.00 |
| 113 | Prabhu Bank Limited | 10352.00 | 360.00 | 351.00 | 351.00 | -9.00 |
| 114 | Prabhu Insurance Ltd. | 2782.00 | 899.00 | 882.00 | 885.00 | -18.00 |
| 115 | Premier Insurance Co. Ltd. | 1400.00 | 1517.00 | 1510.00 | 1510.00 | -23.00 |
| 116 | Prime Commercial Bank Ltd. | 11868.00 | 440.00 | 435.00 | 435.00 | -3.00 |
| 117 | Prime Life Insurance Company Limited | 1969.00 | 1870.00 | 1840.00 | 1840.00 | -25.00 |
| 118 | Prime Life Ins. Company Ltd Pro. Share | 40000.00 | 950.00 | 950.00 | 950.00 | 0.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 791.00 | 912.00 | 881.00 | 881.00 | -44.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 52.00 | 290.00 | 290.00 | 290.00 | -3.00 |
| 121 | Rastriya Beema Company Limited | 2032.00 | 14945.00 | 14400.00 | 14400.00 | -850.00 |
| 122 | Rastriya Beema Co. Limited Pro. Share | 4384.00 | 13926.00 | 13376.00 | 13380.00 | -830.00 |
| 123 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 720.00 | 1600.00 | 1570.00 | 1570.00 | -25.00 |
| 124 | Reliance Finance Ltd. | 1.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 125 | Ridi Hydropower Dev. Company Ltd. | 717.00 | 163.00 | 158.00 | 159.00 | -4.00 |
| 126 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 360.00 | 1280.00 | 1261.00 | 1266.00 | -9.00 |
| 127 | Rural Microfinance Dev. Centre Ltd. | 3426.00 | 743.00 | 726.00 | 743.00 | 3.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 2875.00 | 1435.00 | 1418.00 | 1418.00 | -22.00 |
| 129 | Sahayogi Bikas Bank Limited | 2421.00 | 295.00 | 290.00 | 290.00 | -5.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 1625.00 | 1202.00 | 1190.00 | 1190.00 | -15.00 |
| 131 | Sanima Bank Limited | 19112.00 | 351.00 | 347.00 | 350.00 | -3.00 |
| 132 | Sanima Mai Hydropower Ltd. | 3197.00 | 550.00 | 530.00 | 550.00 | 2.00 |
| 133 | Saptakoshi Development Bank Ltd. | 470.00 | 170.00 | 167.00 | 170.00 | 0.00 |
| 134 | Shangrila Development Bank Ltd. | 59380.00 | 347.00 | 330.00 | 334.00 | -13.00 |
| 135 | Shikhar Insurance Co. Ltd. | 1295.00 | 1360.00 | 1331.00 | 1331.00 | -34.00 |
| 136 | Shine Resunga Development Bank Ltd. | 1993.00 | 412.00 | 407.00 | 407.00 | -11.00 |
| 137 | Siddhartha Bank Limited | 10079.00 | 391.00 | 385.00 | 387.00 | -5.00 |
| 138 | Siddhartha Equity Orineted Scheme | 59500.00 | 12.74 | 12.55 | 12.55 | -0.45 |
| 139 | Siddhartha Insurance Ltd. | 1799.00 | 1120.00 | 1098.00 | 1100.00 | -25.00 |
| 140 | Sindhu Bikash Bank Ltd | 1280.00 | 178.00 | 174.00 | 174.00 | -3.00 |
| 141 | Soaltee Hotel Limited | 1100.00 | 277.00 | 276.00 | 276.00 | -4.00 |
| 142 | Standard Chartered Bank Limited | 18094.00 | 2225.00 | 2175.00 | 2180.00 | -12.00 |

Total Amount Rs. 669,211,181 Total Quantity 1,180,563 Total No of Transactions 4,952

२०७४, मंसिर
बुधबार
२७

चुनावअघि शेयर बजारको भविष्य केही समय अन्योल रहे पनि चुनावी परिणामले राजनीतिक स्थिरताको बाटो देखाएको छ। यही अपेक्षामा शेयर बजार उकालो लाग्नसक्नेछ।




# अबको आर्थिक कार्यदिशा कस्तो हुनुपर्छ?

**सं**घीयता कार्यान्वयका निम्ति तीन तहको निर्वाचन सम्पन्न भइसकेको छ। स्थानीय तह गठन भइसकेको र प्रदेश तथा केन्द्र तहको सरकार गठन हुने क्रममा रहेको अवस्थामा नयाँ बन्ने सरकारले अबको आर्थिक कार्यदिशा कस्तो लिनुपर्छ भन्ने विषयमा नेपाल समाचारपत्रकर्मी दीपेन्द्र थापा र हेमन्त जोशीले आर्थिक क्षेत्रमा सरोकारवालासँग गरेको संक्षिप्त कुराकानी।

## ‘आर्थिक अनुशासन आवश्यक छ’



**डा. जगदीशचन्द्र पोखरेल**
पूर्वउपाध्यक्ष राष्ट्रिय योजना आयोग

निर्वाचन अघि सबै दलले समृद्धि र आर्थिक विकासका कुरा गरेका थिए। त्यो कसरी पूरा गर्ने भनेर हामी प्रस्ट हुन जरुरी छ। आर्थिक अनुशासनले त्यो सम्भव छ। अहिले सबै दलको धारणा पूर्वाधारको कुरा चलाइदियो भने आर्थिक विकास हुन्छ भन्ने छ। तरु हामीले यस अर्थमा सचेत हुन जरुरी छ कि आर्थिक वृद्धि हुन्छ भन्ने विषयमा अनुशासनको पालना गर्नु पनि उत्तिकै जरुरी छ।

प्रतिफल नदिने क्षेत्रमा राजनीतिक हिसाबले लगानी बढ्दै जाँदा मुलुकको अर्थतन्त्रले धान्न नसक्ने र राज्य कंगाल हुनसक्छ। ठूला-ठूला आयोजनाको निर्माणको हकमा आर्थिक अनुशासनको विषयलाई लिएर बढी सजक हुनुपर्ने मेरो धारण छ। दोस्रो कुरा सामाजिक संघसंस्थाको बारेमा राजनीतिक हिसाबले गयो भने आर्थिक पारदर्शिताको विषय गौण हुनसक्छ। त्यहाँ पनि हामीले सामाजिक सुरक्षालाई प्याकेजिङ गर्दा खेरी नै ध्यान दिनुपर्छ। ताकी १० वर्षपछि राज्यलाई भार पर्ने र तिर्नै नसक्ने गरी मुलुकको अर्थतन्त्रलाई धराशयी हुने अवस्थामा नपुगोस्

तेस्रो कुरा राज्यको दायित्व र निजी क्षेत्रको दायित्वका विषयमा पनि हामी एकदमै प्रष्ट हुन जरुरी छ। विगतको केही वर्षयता त्यो कुरा कुनै क्षेत्रमा हुन्छ कुनै क्षेत्रमा हुँदैन भने जस्तो भइरहेको छ। शिक्षा र स्वास्थ्यको क्षेत्रमा निजी क्षेत्र नरहने भन्नेजस्तो आएको छ। तर, हामीले बुझ्न पर्ने कुरा के हो भने निजी क्षेत्रको लगानी त्यहाँ रहेन भने भएको सम्भावना पनि रोकिन्छ। नियामक पाटो एकदम सुदृढ हुन पर्‍यो। तर, लगानीको क्षेत्र चाँही जुन आकर्षक छ, त्यसमा निजी क्षेत्रलाई लगानी गर्न दिनुपर्छ। आकर्षक क्षेत्र जति राज्यलाई राख्ने कम आकर्षक निजी क्षेत्रलाई थन्काउँदा कसरी आर्थिक वृद्धि सम्भव छ ? चौंथो कुरा वैदेशिक व्यापारलाई भारतसँग घटाएर चीनसँग बढाउँदा सन्तुलित हुन्छ भन्ने गलत बुझाइ हटाउनुपर्छ।

आन्तरिक उत्पादनको बढावाले आयात निर्यातको अवस्थालाई सन्तुलित राखेर समग्र वैदेशिक व्यापारलाई सन्तुलनमा राख्न सकिन्छ। जलविद्युत् र पर्यटनको क्षेत्रमा लगानी गर्नका लागि राज्य कुन हदसम्म जाने र निजी क्षेत्रलाई कुन क्षेत्र छोड्ने भन्ने कुरामा पनि स्पष्ट हुनुपर्छ। सार्वजनिक-निजी साझेदारीको अवधारणालाई लागू गर्न सकियोस्।

## ‘विदेशी लगानी, प्रविधि र अवसरलाई अँगाल्न जरुरी’



**डा. युवराज खतिवडा**
पूर्वउपाध्यक्ष राष्ट्रिय योजना आयोग

निजी क्षेत्रलाई लगानी गर्न अनुकुल वातावरण सिर्जना गर्दै राज्यले प्रभावकारी भूमिका निर्वाह गर्ने तथा राज्य स्वयम्ले पनि लगानी बढाउनुपर्ने देखिन्छ। त्यो क्रममा सहकारीलाई पनि परिपूरक भूमिकाको रूपमा अघि बढाउँदै तीन खम्बे अर्थ नीतिलाई अघि बढाउने आर्थिक नीतिलाई नै मुख्य आधारका रूपमा लिन सकिन्छ।

दोस्रो कुरा मौलिक अधिकार पूरा गर्नको लागि राज्यले नै प्रमुख भूमिका निर्वाह गर्नुपर्ने भएकाले राज्यबाट हामीले बढी अपेक्षा गर्छौं। तेस्रो हाम्रो मात्रै साधन स्रोत, पुँजी र प्रविधिले विकासको आर्थिक वृद्धिलाई पर्याप्त नहुने हुनाले राष्ट्रहितमा विदेशी लगानी, प्रविधिलाई सँगसँगै लैजानुपर्छ। हामीलाई जति पनि थप लगानीको आवश्यकता पर्छ, त्यसलाई निश्चित पुँजी र प्रविधिको प्रयोगले निर्यातमुखी आर्थिक नीति बाटोमा लैजानुपर्ने देखिन्छ। बजेटलाई पनि मुलुकको पूर्वाधार क्षेत्रको न्यूनतम माग पूरा गर्ने गरी अघि बढाउन आवश्यक छ।

## ‘नागरिकसँग गरेको बाचा पूरा गरिदिए हुन्छ’



**रामेश्वर खनाल**
पूर्व अर्थसचिव

अबको आर्थिक नीति वाम गठबन्धनले आफ्नो घोषणापत्रमा उल्लेख गरेकै छ। त्यसमा कतिपय पुँजी निर्माण गर्ने नभई वितरणमुखी र खर्च मात्र बढाउने खालका विषय छन्। कतिपय ज्यादै महत्त्वाकांक्षी, अकल्पनीय र निकै कम आशा गर्न सकिने क्षेत्र पनि छन्। मुलभूत रूपमा घोषणापत्रमा भनिएका कुरालाई लागू गर्नुपर्‍यो। आम नागरिकका सामु जे कुराको बाचा गरिएको छ, त्यति पूरा गरिदिए पनि हुन्छ। अहिले नेपाललाई चाहिएको पुँजी निर्माण हो।

पुँजी निर्माण नगरी हामीले आर्थिक रूपमा रोजगारी सिर्जना गर्न सक्दैनौं। पुँजी निर्माणले उत्पादन वृद्धि हुन्छ। उत्पादन वृद्धि भए पछि रोजगारी पनि सिर्जना हुन्छ। नागरिकले राहात पनि पाउँछन्। त्यो पुँजी निर्माणका सन्दर्भमा निजी क्षेत्रले पुँजी निर्माण गर्नका निमित्त सार्वजनिक पूर्वाधार ज्यादै दरिलो हुनुपर्छ। सार्वजनिक पूर्वाधार निर्माण गर्ने काम सरकारको हो। अहिलेसम्म निजी क्षेत्रले सशक्त ढंगले पुँजी निर्माण गर्न किन सकेन भने आवश्यक पूर्वाधार नै निकै कम छ। खासगरी सडक पूर्वाधारको अवस्था ज्यादै नाजुक छ। विद्युत् पहुँच पनि सबै ठाउँमा पुग्न सकेको छैन। निजी क्षेत्रले अहिले जुम्लामा गएर ठूलो लगानीमा उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार छ त ? ७७ वटा जिल्लमा करिब एक दर्जन जिल्लामा मात्रै विद्युत् नियमित आपूर्ति भइरहेको छ। हामीले समान रूपमा सातै प्रदेशमा विकासको परिकल्पना गर्ने हो भने त विद्युत्, सडकलगायतका पूर्वाधारको निर्माणमा आवश्यक पहल गर्नुपर्ने देखिन्छ। अहिले उद्योगधन्दा व्यवसाय स्थापनाका लागि थुप्रै अवरोधहरू छन्।

कति भौतिक अवरोध छन् भने कति नीतिगत अवरोध छन्। त्यो अवरोध हटाइदिने जिम्मा त सरकारको हो नि। सरकारले सामाजिक पूर्वाधार जस्तै अस्पताल, विद्यालय, ग्रामीण सडकलगायत पूर्वाधार निर्माण गरिदियो भने निजी क्षेत्रका लागि लगानीको वातावरण बन्थ्यो। सामाजिक पूर्वाधारको अवस्था ज्यादै दयनीय छ। त्यो सुधार गर्नुपर्ने देखिन्छ। यी तीन काम सरकारले गर्न सक्यो भने राजस्वमा पनि वृद्धि हुन्छ। निजी क्षेत्रले लगानी नगरी उत्पादन बढ्दैन। उत्पादन कम हुँदा राजस्व बढ्दैन। राजस्व नबढेसम्म सरकारले लगानी गर्न पनि सक्दैन। यस अर्थमा निजी क्षेत्र र सरकारी क्षेत्रको समन्वयकारी भूमिकाको आवश्यकता छ।

## ‘विकास निर्माणका लागि एक दशक’



**हरिभक्त शर्मा**
अध्यक्ष, नेपाल उद्योग परिसंघ

अब सरकार चलाउने जिम्मा पाएको दलले कस्तो खालको नीति बनाउनु आवश्यक छ भनेर निजी क्षेत्रसँग छलफल गर्नुपर्छ। हाम्रो अपेक्षा मात्र भनेर भएन। सरकारको अपेक्षासँग हाम्रो अपेक्षालाई मेल खानुपर्‍यो। पहिलो कुरा हामी कहाँ उत्पादन घटेको छ। उद्योगधन्दाको विकास हुन सकेको छैन। उद्योगधन्दाको विकास नभएपछि त्यसबाट ल्याउने प्रविधि, स्वरोजगारका अवसर र मुलुकको समग्र आर्थिक क्षेत्रमा त्यसको योगदान घट्न जान्छ। पछिल्लो समय उद्योग क्षेत्रको एकदमै कमजोर देखिएको छ।

अहिले जुन हिसाबले समृद्धिको नारा आएको छ र सबै दलले त्यसलाई मुख्य एजेन्डाका रूपमा लिएका छन् त्यसलाई कार्यान्वयनमा पनि उत्तिकै जोड दिनुपर्‍यो। अब आउने नेतृत्वले कसरी नेपाललाई समृद्धिशाली बनाउने, विकसित मुलुकका रूपमा लैजाने र कसरी आर्थिक वृद्धिदरलाई बढाउने भनेर जनताले मतदान पनि गरेका छन्। त्यो परिदृश्यमा हाम्रो इच्छा के छ भने पुराना कानुन र नीति नियम संशोधन गर्ने बाटो आगामी सरकारले तयार पार्नुपर्छ।

उद्योगधन्दाका विकासका लागि लामो अवधिका योजना आवश्यक छन्। हामीले विकासे नारामा मात्र ५० औं वर्ष खेर फालेका छौं। सोही अवधिका अन्य मुलुक कहाँबाट कहाँ पुगिसके। यसअघि गुमाएको अवसरलाई अब पनि प्रयोग नगरे कहिले गर्ने ? दलहरूले समृद्धिको नारा दिएका छन्, त्यसलाई कार्यान्वयन गर्ने हो। निजी क्षेत्रको कुरा अब बन्ने सरकारले साच्चिकै सुन्ने हो भने एक दशक हामी विकास निर्माणको दशक भनेर किन नचलाउने ? सरकारले हात हालेका हरेक क्षेत्रमा र विकास निर्माणका कामलाई गति दिने र नीति क्षेत्रलाई पनि त्यही अनुसारको काम गर्नका लागि औद्योगिक लगानी वृद्धि गर्नुपर्छ। त्यसका लागि निजी क्षेत्रलाई कस्तो खालको वातावरण आवश्यक छ भनेर सरकारी संयन्त्रले ग्यारेन्टी गर्न सक्नुपर्छ।

## ‘दबाब र प्रभावमुक्त व्यापार गर्ने वातावरण हुनुपर्‍यो’



**राजेशकाजी श्रेष्ठ**
अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

अबको आर्थिक नीति भनेको निजी क्षेत्रलाई लगानी गर्न, वस्तु उत्पादन गर्न तथा त्यसको व्यापारमा सकारात्मक वातावरण सिर्जना गरी उच्च आर्थिक वृद्धि गर्ने लक्ष्य राख्नुपर्छ। निजी क्षेत्रले राजस्व तिर्ने र सरकारले निजी क्षेत्रलाई समेटेर आर्थिक विकास गर्ने खालको आर्थिक नीति नै आजको आवश्यकता हो।

मुलुकमा लामो संक्रमणकालको अन्त्य भएको छ। अब आउने स्थायी सरकारले आर्थिक वृद्धिमा आवश्यक ध्यान दिनेछ भन्ने हाम्रो आशा रहेको छ।

निजी क्षेत्रको हितमा रहने नीतिलाई समेटेर कुनै पनि दबाब र प्रभावमुक्त व्यापार गर्न पाउने वातावरण मुलुकमा हुनुपर्‍यो। सरकारले खुला अर्थ बजार रणनीति अवलम्बन गरेर लगानीमैत्री वातावरणमा जोड दिनुपर्नेमा हाम्रो जोड रहेको छ।

वैदेशिक लगानी भित्र्याउनको लागि सरकारले विशेष पहलका साथ सेवा सुविधा प्रदान गर्नु पर्‍यो। आउने सरकारले आर्थिक क्षेत्रको सम्भाव्यता बुझेर सकरात्मक सोचाईका साथ प्राथमिकतामा राखेको खण्डमा अबको आर्थिक नीति स्वत: राम्रो भएर जाने हाम्रो बुझाइ छ।

## ‘उदार आर्थिक नीति र खुला अर्थ व्यवस्था आवश्यक’



**पशुपति मुरारका**
पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

निजी क्षेत्रको सधैं उदार आर्थिक नीति र खुला अर्थतन्त्र हुनुपर्छ भन्ने माग रहँदै आएको छ। हामीले खुला बजार अर्थतन्त्र अबको आउने सरकारले अपनाउन सके राम्रो हुने अपेक्षा राखेका छौं। खुला बजार अर्थतन्त्रलाई संकुचित नबनाएर बृहत् बनाउनु पर्‍यो र निजी क्षेत्रलाई समेत समेटेर सरकारले आर्थिक विकासमा लाग्नु पर्‍यो।

लगानीमैत्री वातावरण बनाउनका लागि पनि सरकारको भूमिका नै मुख्य रहन्छ। लगानीमैत्री वातावरण बनाई त्यसको सकरात्मक विकासमा पनि लाग्नुपर्ने देखिन्छ। नीति नियमलाई नियन्त्रणमुखी नभई सहज र सरल प्रकृतिको वातावरण राज्यद्वारा स्थापना गरिनुपर्छ। विश्वको परिवेश हेर्दा कट्टर कम्युनिस्ट भएका मुलुकमा पनि खुला बजार अर्थनीति रहेको देखिन्छ। जसले गर्दा परिणाम पनि सकरात्मक देखिएको छ। आशा गरौं अब आउने सरकारले यस विषयलाई समेटेर अगाडि बढ्ने छ।





अर्जेन्टिनाका लिजेन्ड फुटबलर डिएगो म्याराडोनाको भारतमा १२ फुटको प्रतिमा अनावरण भएको छ। म्याराडोना आफैंले आफ्नो प्रतिमाको अनावरण गरेका हुन्। प्रतिमामा विश्वकप ट्रफी (१९८६) र उनको पुरानो हेयर स्टाइललाई समेत साथमा कोरिएको छ। म्याराडोनाले सोही अवसरमा बताए– 'म फुटबलको भगवान होइन तर खालि साधारण फुटबलर हुँ।'

# बेलारुसमा अन्जना र विकलले पदक जिते

काठमाडौं, (नेस)

बेलारुसमा भएको सातौं अन्तर्राष्ट्रिय मार्सल आर्ट गेम्समा आइटिएफ तेक्वान्दोकी अन्जना सिवाकोटी र विकल पौडेलले कांस्य पदक जितेका छन्।

बेलारुसको मिनिस्क शहरमा भएको च्याम्पियनसिपमा अन्जनाले ५९ केजी तौलसमूहमा कांस्य पदक जितेकी हुन्। अन्तर्राष्ट्रिय मार्सल आर्ट गेम्स कमिटी (आईएमजीसी) को आयोजनामा भएको गेम्समा अन्जना क्वार्टरफाइनलमा काजकिस्तानकी खेलाडीलाई हराउँदै अन्तिम ४ मा पुगेकी थिइन्।

तर, अन्तिम ४ मा स्टोनियाकी खेलाडीसँग स्तब्ध भएपछि अन्जना कांस्य पदकमै सीमित भएकी हुन्। विकलले भने पुरुष ५७ केजी तौलमा कांस्य पदक जितेका थिए। नेपालका लागि ६७ केजी तौलसमूहमा मनोज खड्का र प्याटर्नमा प्रतिस्पर्धा गरेका शिव पाण्डे भने पदकविहीन रहे।

# भुजेललाई कांस्य पदक

काठमाडौं, (नेस)



दोस्रो टु अल एसियन च्याम्पियनसिपमा उसु खेलाडी शंकर भुजेलले कांस्य पदक जितेका छन्।

इरानको मशाद शहरमा भएको खेलमा उसु खेलाडी भुजेलले पाकिस्तानी खेलाडीलाई पराजित गर्दै सेमिफाइनल पुगेको थियो। तर सेमिफाइनलमा भुजेल इरानी खेलाडीसँग पराजित हुदै कांस्य पदकमा चित्त बुझाए।

टोली प्रमुख राजिव महर्जनका अनुसार अन्य दुई नेपाली खेलाडी वीरमान लामा २-१ इरान खेलाडीसाग र बद्री थापा पनि २-० अफगानिस्थानको खेलाडीसँग पराजित भए। आज त्यहाँबाट खेलाडीहरू नेपाल फर्किने प्रमुख महर्जनले बताए।

# कलेज फुटसललाई एभरेस्ट बैंकको साथ

नेपाल समाचारपत्र

काठमाडौं

अन्तर कलेज फुटसललाई एभरेस्ट बैंकले मुख्य प्रायोजन गर्ने भएको छ। मंगलबार एभरेस्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठ र आयोजक प्रोक्सी इन्फोटेक सोलुसन प्रालिका इभेन्ट म्यानेजर सरोज शर्मा ढुगांनाबीच सम्झौतापत्र आदन-प्रदान भएको छ।





यही मंसिर २८ गते सञ्चालन हुने एक दिवसीय फुटसल प्रतियोगिता सम्झौतापश्चात एभरेस्ट बैंक अन्तर कलेज फुटसल प्रतियोगिताको नामले सञ्चालन हुने भएको छ। एभरेस्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सेठले सम्झौतापत्रमा हस्ताक्षरपश्चात राष्ट्रको गौरव बढाउने एकताको प्रतीक खेलक्षेत्रसँग हाम्रो संस्था जोडिन पाउदा गौरवान्वित भएको धारणा व्यक्त गरे। त्यस्तै आयोजक प्रोक्सी इन्फोटेक सोलुसन प्रालिका इभेन्ट मेनेजर ढुगांनाले दिगो दरिलो विश्वासिलो स्लोगनका साथ प्रतिष्ठा कमाएको एभरेस्ट बैंकले खेलक्षेत्रमा पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गरे।

लिगकम नकाउटका आधारमा सञ्चालन हुने प्रतियोगितामा सहभागी २० टिमलाई ४ समूहमा विभाजन गरिएको छ। प्रतियोगिताको विजेता टिमले ५५ हजार र उपविजेता टिमले २५ हजार नगद प्राप्त गर्नेछन्। मुख्य प्रायोजन गरेको एभरेस्ट बैंकले सम्झौताअनुसार नगद पुरस्कार, शिल्ड, मेडल, ब्यानर र व्यवस्थापनतर्फको जिम्मेवारी लिएको छ।


# आवश्यकता

यस प्रकाशन गृहलाई आफ्नो प्रकाशनको बजार प्रवर्धनका लागि केही कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद** :- बजार प्रतिनिधि
**सख्या** :- २०
**योग्यता** :- +२
**सेवा/सुविधा** :- आकर्षक तलब+कमिसन

कामना न्यूज पब्लिकेसनस् प्रा.लि.
भिमसेन स्थान काठमाडौं
सम्पर्क :- ४२६११७९ , ९८५१०६९८३०
Email :- circulation.nsp112@gmail.com


## घरहरा

### अग्रिम सान्त्वना



प्रतिनिधिसभाको चुनावी परिणाम लगभग समापन हुँदै गर्दा वाम गठबन्धनले उत्साहजनक मत प्राप्त गरेको छ। तर सो गठबन्धनका तर्फबाट निर्वाचित महिला सांसदहरुको संख्या भने ज्यादै न्यून छ। राष्ट्रिय जनमोर्चाबाट १ जना निर्वाचित भएकी छिन् भने अन्य पार्टीका महिला उम्मेदवारले सपनाको लड्डु मात्रै खाए।

झनै गज्जबको कुरा त के छ भने समानुपातिकको सूचीमा सामावेश भएका धेरैले अब सपनाको लड्डु मात्रै त ठूलै हातको लोप्पा खाने भएका छन्। खासगरी समानुपातिकको बन्द सूचीमा सूचिकृत दलका पुरुष नेताले। अहिले वाम गठबन्धनले ठूलै सफलता प्राप्त गरे पनि गठबन्धनका समानुपातिक सूचीका नेताहरु भने मुटुमाथि ढुंगा राखी हाँस्न थालेको धरहराले देख्न थाल्या छ।

संविधानले ३३ प्रतिशत महिला सांसद हुनुपर्ने बाध्यता तोकेकाले समानुपातिक कोटामा अधिकांश महिला नै सांसद बन्ने निधो भएको छ। प्रतिनिधिसभाका कूल २ सय ७५ को ३३ प्रतिशत भागबण्डा गर्दा धेरै महिला नेत्तृहरु भाग्यमानीको सूचीमा सूचिकृत हुँदै छन्। समानुपातिकको अन्तिम कोटामा सामेल भएका पुरुषहरु चाहिँ घर न घाटको हुने अवस्थामा पुगेको देख्दा धरहरा अग्रिम सान्तवना दिन चाहन्छ। र यसअघि आफन्त, साथी-भाइ र शुभेच्छुकलाई दिएको 'ग्रान्ड पार्टी' सपना पो थियो त भनेर बुझ्न आग्रह गर्छ।


सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार

रू. २५०० मा
२ वर्ष

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ